सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१४ असार २०७८, सोमबार (28 June 2021, Monday) ■ नेपाल संवत् ११४१ ■ वर्ष १५ ■ अंक ७६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-


# आरक्षणमाथि आक्रोश अति, तर दलितलाई अवसर नगण्य

अहिले पनि निजामती कर्मचारीतर्फ ८८ हजार पाँच सय ७८ जनशक्ति हुँदा जम्मा एक हजार नौ सय ७१ (२.२२ प्रतिशत) मात्र दलित छन् । निजामती कर्मचारीको ७० वर्षको इतिहासमा एकजना मात्र दलित विशिष्ट श्रेणी (सचिव) मा पुगेका छन् । अदालतमा ४५९ न्यायाधीश छन्, तर पाँचजना (१.०९ प्रतिशत) मात्र दलित समुदायका छन् । कुनै पनि दलित आइजिपी, एआइजी र डिआइजी भएका छैनन् ।

**प्रकाश धौलाकोटी**/नयाँ पत्रिका

- नेपालको जनगणना ०६८ अनुसार दलितको जनसंख्या १३ दशमलव ८ प्रतिशत छ । तर, दलित जनसंख्याको तुलनामा सरकारी सेवामा प्रतिनिधित्व नगण्य छ । निजामती कर्मचारीतर्फ नेपालमा ८८ हजार पाँच सय ७८ जनशक्ति हुँदा जम्मा एक हजार नौ सय ७१ (२.२२ प्रतिशत) मात्र दलित छन् । निजामती कर्मचारीको इतिहासमा दलित समुदायबाट अहिलेसम्म एकजना मात्र कर्मचारी विशिष्ट श्रेणी (सचिव) पदमा पुगेका छन् । दलित समुदायको पहिलो सचिव मानबहादुर विके पनि भर्खरै सेवानिवृत्त भएका छन् ।
- नेपाल प्रहरीतर्फ ६५ हजार पाँच सय जनशक्ति हुँदा ६ हजार एक सय ९२ (९.४५ प्रतिशत) दलित समुदायका छन् । अहिलेसम्म दलित कोही पनि आइजिपी, एआइजी वा डिआइजी भएको छैन ।
- नेपाली सेनामा ८७ हजार नौ सय ७२ जनशक्ति छन्, जसमा सात हजार एक सय ६४ (८.१४ प्रतिशत) दलित समुदायका छन् । सेनाको आधारभूत दर्जामा थुप्रै दलितले सेवा गरे पनि माथिल्लो दर्जामा पुग्न पाएका छैनन् । सेनाको इतिहासमा जर्नेल (सहायक रथी) हुने एक मात्र दलित शुभबहादुर सुनाम हुन् ।
- न्यायालयमा त दलितको उपस्थिति नगन्य नै छ । विभिन्न तहका अदालतमा अहिले चार सय ५९ न्यायाधीश छन् । तर, पाँचजना (१.०९ प्रतिशत) मात्र दलित समुदायका हुन् । अहिलेसम्म प्रधानन्यायाधीश मात्र होइन, कुनै पनि दलित सर्वोच्चको अदालतको न्यायाधीशसमेत भएका छैनन् ।
- स्वास्थ्य सूचकांकमा पनि दलितको अवस्था निकै कमजोर छ । पाँच वर्षमुनिका ब्राह्मण/क्षेत्री बच्चाहरूको मृत्युदर (प्रतिहजार जीवित जन्ममा) ३१ जना छ भने दलित बच्चाहरूको मृत्युदर ५१ छ ।
- सबै नागरिकलाई समान, आधुनिक, निःशुल्क र गुणस्तरीय शिक्षा प्रदान गर्ने राज्यको नीति छ । तर, दलितहरू समुदाय साक्षर हुने अधिकारबाट पनि वञ्चित छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको साक्षरता (५ वर्षमाथिको) ६५.९४ प्रतिशत छ । जातीय आधारमा हेर्दा ब्राह्मण/क्षत्रीको साक्षरता ७६.०३ प्रतिशत हुँदा दलितको साक्षरता ५२.४८ प्रतिशत छ । दलितभित्र पनि पहाडी

» पृष्ठ २ मा क्रमशः




■ जनसंख्याको १३ दशमलव ८ प्रतिशत दलित छन्, तर राज्यसंयन्त्रमा उपस्थिति यस्तो छ (स्रोत : लोकसेवा आयोगको ६०औं वार्षिक प्रतिवेदन)

## दलितलाई समाजमा जति विभेद छ, सेवामा पनि उस्तै छ

**डा. मानबहादुर विके**, पूर्वसचिव



विगतमा दलित समुदायलाई राज्यले नीति र कानुन बनाएरै विभेद र बहिष्करणमा पार्‍यो । गणतन्त्र स्थापनापछि राज्यले त्यसैको क्षतिपूर्तिस्वरूप आरक्षणको व्यवस्था गरेको हो । राज्यका अंगहरूमा सबै नागरिकको प्रतिबिम्ब झल्किनुपर्छ । त्यसकै लागि पनि आरक्षणको व्यवस्था आवश्यक हो । अहिले सामाजिक सञ्जालमा आरक्षणचाहिँ दलितकै लागि मात्रै हो जस्तो गरेर टीकाटिप्पणी भइरहेका छन्, जुन एकदमै गलत छ । साँच्चै भन्ने हो भने दलितले भन्दा धेरै त गैरदलितका लागि आरक्षणको व्यवस्था भएको छ । आरक्षणको व्यवस्थाले घुमिफिरी खस-आर्यलाई नै लाभ पुगेको देखिन्छ । अहिलेको आरक्षणको व्यवस्थाले संविधानको मर्मलाई बोक्न सकेको छैन । संविधानले परिकल्पना गरेको समानुपातिक समावेशिताका लागि छुट्टै बहस गर्नुपर्ने आवश्यकता छ । समाजमा जस्तो विभेद छ, राज्य संयन्त्रहरूमा पनि उस्तै विभेद भइरहेको छ । सेवा प्रवेश गर्न जति गाह्रो छ, त्यहाँभित्र टिकिरहन झन् धेरै गाह्रो छ । जिम्मेवारी दिनेदेखि सूचना आदानप्रदान र सरुवा-बढुवासम्मका सबै प्रक्रियामा विभेद खेप्नुपर्छ ।

## ■ दलितलाई भन्दा गैरदलितलाई धेरै आरक्षण

०६४ मा निजामती सेवा ऐन संशोधन गर्दै पहिलोपटक आरक्षणको व्यवस्था गरिएपछि दलित समुदायको प्रतिनिधित्वको ढोका खुलेको हो । यो ऐनले खुला प्रतिस्पर्धाबाट पदपूर्ति हुने संख्याको ४५ प्रतिशत पद आरक्षणका लागि छुट्याई त्यसलाई शतप्रतिशत मानी महिला ३३ प्रतिशत, आदिवासी जनजाति २७, मधेसी २२, दलित नौ, अपांग पाँच र पिछडिएको क्षेत्रका चार प्रतिशत उम्मेदवारका लागि आरक्षणको व्यवस्था गरेको छ ।

समता फाउन्डेसनले गरेको अध्ययनअनुसार ०७४ देखि ०७७ सम्म भएका राजनीतिक र संवैधानिक नियुक्तिमा दलितहरूको प्रतिनिधित्व चार प्रतिशत मात्रै छ । जब कि खस-आर्यको सहभागिता ६८ प्रतिशत छ । यो आँकडाबाट पनि राज्यको असमावेशी चरित्र छर्लंग हुने फाउन्डेसनका अध्यक्ष प्रदीप परियारले बताए ।

'अहिलेको आरक्षण प्रणाली नै पूर्ण समानुपातिक छैन । यो केवल देखाउनका लागि मात्रै छ,' परियारले भने, 'एउटा अध्ययनले विश्वभरि महिलाहरू पुरुषको दाँजोमा आउन अझै सय वर्ष लाग्ने भनेको छ । नेपालमा दलितको सन्दर्भमा त्यस्तै अवस्था छ, अहिलेकै कोटा प्रणाली लागू गर्ने हो अर्को सय वर्षमा मात्र गैरदलितको सरह समानुपातिक अवस्था बन्छ ।'

अहिले उठेको कोटा र कोठाको बहसबारेका टिप्पणी दलित समुदायमाथिको विभेदलाई विषयान्तर गर्नका लागि ल्याइएको परियारको बुझाइ छ । 'आफूले पाइरहेको सुविधामा आरक्षणको व्यवस्था गरिएपछि गैरदलित समुदायको नयाँ पुस्ता आत्तिएको छ । वास्तवमा राज्यबाट युवाहरूले अवसर पाएका छैनन् । थोरै मात्रै अवसर छ, सबैको आँखा त्यहाँ लागेको छ । त्यसैले आरक्षणको विरोध भएको हो भन्ने मलाई लाग्छ,' उनले भने, 'यसबारे स्कुल, कलेज र युनिभर्सिटीहरूमा बहस हुनुपर्छ । जसले गर्दा युवा पुस्ता यस विषयमा अपडेट हुन्छ र समस्या

» पृष्ठ २ मा क्रमशः

■ प्रतिनिधिसभा विघटनविरुद्धको रिट

# निवेदकको सुरुवाती बहस सकियो, आजबाट सरकार पक्षको बहस

- अधिवक्ता **डा.भीमार्जुन आचार्य**



यो संविधानबमोजिम हुने सबै प्रधानमन्त्री, उपधारा (१), (२), (३) र अब (५) बमोजिमको पनि प्रधानमन्त्री ओली नै हुने कतै लेखेको छ श्रीमान् ? राष्ट्रपतिलाई संविधानले दाबी परेपछि नियुक्त गर्नैपर्ने भनेको छ । उहाँले आफ्नो म्यान्डेटरी ड्युटीलाई नकार्न मिल्दैन । धारा ७६ मा नियुक्त गर्नुपर्ने भनेर लेखिएकाले राष्ट्रपतिसामु कुनै विकल्प रहँदैन ।

- वरिष्ठ अधिवक्ता **सविता भण्डारी**



धारा ७६(३) सम्मका सरकारमा संसदीय दलका कुरा छन् । तर, (५) भनेको विशुद्ध प्रतिनिधिसभाका सदस्यहरूको अधिकार हो । उपधारा (४) र (५) का प्रक्रिया पूरा नभईकन सीधै (७) मा जान मिल्दैन श्रीमान् । निर्णय दिनुअगाडि भावी सन्ततिलाई हामी कस्तो संसार दिँदै छौं भन्ने पनि सोच्नुपर्छ, श्रीमान् ।

- वरिष्ठ अधिवक्ता **सतिशकृष्ण खरेल**



यो प्रणालीले मुलुकको सर्वोच्च पदमा पुग्न सक्छु भन्ने सपना हरेक नेपालीलाई दिएको छ । त्यो पदलाई सम्मान दिने हो नि, व्यक्तिलाई होइन । व्यक्तिले त त्यो पदको मर्यादा र सम्मान आफ्नो आचरणबाट कायम राख्न सक्नुपर्छ । तर, प्रधानमन्त्रीको सन्दर्भमा राष्ट्रपतिले त्यसो गर्नुभएको छैन । उहाँले आफूलाई सुधार्नुपर्छ ।




**शिल्पा कर्ण**/नयाँ पत्रिका

प्रतिनिधिसभा विघटनविरुद्ध परेको रिटमा निवेदक पक्षको सुरुवाती बहस चौथो दिनमा आइतबार सकिएको छ । इलजासले छुट्याएको १२ घन्टामा ३६ जना कानुन व्यवसायीले बहस गरेका छन् ।

बहसको अन्तिम दिन बहस गरेका १६ कानुन व्यवसायीले पनि राष्ट्रपतिको भूमिका र नियतमाथि प्रश्न उठाएका छन् । उनीहरूले राष्ट्रपति राजाभन्दा पनि निरंकुश बन्न खोजेको बताए ।

आइतबारको बहसमा प्रतिनिधिसभा पुनर्स्थापना हुनुपर्ने र कांग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्तिको आदेश हुनुपर्ने कानुन व्यवसायीले माग गरेका छन् ।

वरिष्ठ अधिवक्ताहरू कृष्णप्रसाद भण्डारी, सविता भण्डारी, बाबुराजा जोशी, बाबुराम कुँवर, चन्द्रकान्त

» पृष्ठ २ मा क्रमशः

### कर्नर किक

• रवि मिश्र




# पूर्वमन्त्री कार्कीलाई राजदूत नियुक्त नगर्न सर्वोच्चको आदेश

**नवराज मैनाली**/नयाँ पत्रिका

स्नातक उत्तीर्ण नभएकाले पूर्वमन्त्री युवराज कार्कीलाई राजदूतमा नियुक्ति नगर्न सर्वोच्च अदालतले आदेश दिएको छ । सरकारले पूर्वमन्त्रीको हकमा राजदूत नियुक्ति गर्दा शैक्षिक योग्यता स्नातक नचाहिने गरी राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ संशोधन गरी उनलाई बहराइनका लागि राजदूतमा सिफारिस गरेको थियो ।



युवराज कार्की

निर्देशिका कार्यान्वयन नगर्न सर्वोच्च अदालतले गत ४ असारमै आदेश दिइसकेको छ । अधिवक्ता दीपकविक्रम मिश्रले कार्कीको नियुक्ति रोक्न माग गरी दिएको रिट निवेदनमा न्यायाधीशद्वय सपना प्रधान मल्ल र प्रकाशकुमार ढुंगानाको इलजासले आइतबार पुरानै आदेशका आधारमा उनको नियुक्ति रोक्न अन्तरिम आदेश दिएको हो ।

राजदूतमा नियुक्त हुने व्यक्तिसँग मन्त्री भइसकेको अनुभव भए स्नातक उत्तीर्ण नभए पनि हुने व्यवस्था गैरसंवैधानिक भएको ४ असारको सर्वोच्चको आदेशमा उल्लेख छ । निर्देशिका संशोधनले संविधानमा उल्लेख समानताको हकलाई उल्लंघन गरेको र शैक्षिक योग्यतालाई उपेक्षा गर्दा कूटनीतिक क्षेत्रमा गम्भीर र दूरगामी असर पर्ने सर्वोच्चको आदेशमा उल्लेख छ ।

४ असारको आदेशमा '...यस अदालतबाट प्रतिपादित भएको सिद्धान्तको प्रतिकूल हुनुको साथै राजदूत नियुक्तिको योग्यतामा कसैलाई स्नातक उपाधि अनिवार्य

» पृष्ठ २ मा क्रमशः

# महाधिवेशन आयोजक कमिटी भंग गर्ने संस्थापनको तयारी

## खनाल-नेपाल पक्ष शीर्ष सहमतिको अडानमा



**प्रदीप ज्ञवाली**, एमाले प्रवक्ता

सर्वोच्च अदालतले जारी गरेको अन्तरिम आदेशले दलीय व्यवस्थामै संकट उत्पन्न हुने देखिएकाले त्रुटिपूर्ण आदेश सच्याउन भ्याकेटमा गएका छौं । तर, फैसला नआउँदासम्म मन परे पनि, नपरे पनि कार्यान्वयन गरेर जानु दायित्व भएकाले समाधान खोज्न बैठक बोलाएका छौं । तर, कतिपय नेताहरूको व्यवहार एकता खण्डित गर्ने र सरकारको रक्षाभन्दा विपक्षीलाई नेतृत्व सुम्पिने खालको हुँदा प्रश्न उठिरहेको छ ।

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

दशौं महाधिवेशन आयोजक कमिटीलाई वैधानिकता दिन नसकिने सर्वोच्च अदालतको २७ जेठको अन्तरिम आदेशले दबाबमा परेको एमालेको संस्थापन पक्ष त्यसलाई भंग गरेर ३ जेठ ०७५ अघिको केन्द्रीय कमिटीको संरचना ब्युँताउने तयारीमा लागेको छ । तर, शीर्ष नेताहरूबीच विवादित विषयमा सहमतिविनै एकपक्षीय रूपमा गरिने यस्ता निर्णयलाई मान्न नसकिने झलनाथ खनाल र माधवकुमार नेपाल समूहले सर्त राखेको छ । दुवै पक्षका आ-आफ्ना अडान र तयारीले एमाले विवाद 'समग्रमा' सुल्झिने आधार अझै बनेको छैन ।

खनाल-नेपाल समूहको मागलाई समेत सम्बोधन गर्ने उद्देश्यले तत्कालीन केन्द्रीय कमिटीको संरचना ब्युँताउने तयारीस्वरूप संस्थापन पक्षले १६ असारमा आयोजक कमिटी बैठक बोलाएको छ । तर, खनाल-नेपाल समूहले अदालतको अन्तरिम आदेशले आयोजक कमिटीलाई वैधानिकता नदिएका कारण मात्र केन्द्रीय कमिटी भनेर जाने तयारी गरिएको हुन सक्ने आशंका गरेको छ । त्यसो त केन्द्रीय कमिटीको संरचना ब्युँताउँदा त्यसको संख्या कति हुने भन्नेमा एमालेका दुवै पक्षका फरक-फरक मत छन् ।

१६ असारको बैठकमा ओलीले २३ जेठमा अगाडि सारेको ६बुँदे एकताको प्रस्ताव, महाधिवेशन आयोजक कमिटीलाई वैधानिकता नदिने अदालतको पछिल्लो आदेशसहितको समसामयिक परिस्थितिबारे छलफल गरेर आयोजक कमिटी भंग गर्ने संस्थापन पक्षको तयारी छ । गत २८ फागुनमा केन्द्रीय कमिटी बैठक डाकेर ओलीले महाधिवेशन आयोजक

» पृष्ठ २ मा क्रमशः

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

■ एमाले विवादमा नयाँ मुद्दाको प्रवेश

## स्वतन्त्र सांसदको मान्यता दिन बेदुराम भुसालको माग


### म एमालेको होइन, स्वतन्त्र सांसद हुँ



**बेदुराम भुसाल**
एमाले नेता

नेकपा भंग भएर पुरानै संरचनामा फर्किएपछि नारायणकाजी श्रेष्ठलगायतले माओवादीमा क्रियाशील हुन चिठी दिनुभएछ । मैले पार्टी मिलिहाल्यो भने किन दिनु भनेर दिएको थिइनँ । तर, १७ असारमा राष्ट्रिय सभाको बैठक डाकेपछि एमाले वा माओवादी कुन दलतिर बस्ने प्रश्न आउने भएपछि आफ्नो पोजिसन खुलाउनुपर्ने स्थिति आयो र स्वतन्त्र सांसदको व्यवहार गरियोस् भनेर पत्र बुझाएँ ।


### अदालतको फैसलालाई विस्तृतमा हेर्नुपर्ने हुन सक्छ



**रोजनाथ पाण्डे**, प्रवक्ता
संघीय संसद् सचिवालय

उहाँको पत्र छलफलको विषय छ । सम्बन्धित पार्टीसँग छलफल हुन्छ । दलसँग सोधपुछ गर्नुपर्‍यो । सम्बन्धित व्यक्तिसँग पनि छलफल गर्नुपर्‍यो । यो नयाँ घटना भएकाले निर्वाचन आयोगसँग पनि बुझबुझाहट गर्नुपर्ने होला । नेकपाको चिह्नबाट सांसद बनेकाले स्वघोषणा गरिरहनुभएको छ । नेकपा पार्टी बन्नुभन्दा अगाडिको अवस्थामा फर्किएको हुनाले अदालतको फैसला पनि विस्तृतमा हेर्नुपर्छ होला ।

### यो आयोगको क्षेत्राधिकारबाहिरको विषय हो



**राजकुमार श्रेष्ठ**, प्रवक्ता
निर्वाचन आयोग

सम्बन्धित व्यक्ति पदमा रहने, नरहने, कसरी सहभागी हुने संसद्को क्षेत्राधिकार हो । पत्र आयोगसँग सरोकार राख्ने विषय हो-होइन भन्नेमा म यकिन छैन । राजनीतिक दलसम्बन्धी ऐनअन्तर्गत पर्ने हो । दल त्याग प्रमाणित भयो र त्यो विषय संघीय संसद्ले लेखेर पठायो भने राजनीतिक दलसम्बन्धी ऐन, नियमावली आकर्षित भएर आयोगको कार्यक्षेत्रभित्र पर्छ । ऐनसँग जोडिएर आएन भने त आयोगले केही गर्नुपर्दैन ।


**काठमाडौं**/ राष्ट्रिय सभा सदस्य डा. बेदुराम भुसालले पार्टीमा नफर्किने निर्णय लिँदै स्वतन्त्र सांसदको हैसियतमा रहने प्रक्रिया थालेका छन् । वरिष्ठ नेता माधव नेपाल नेतृत्वको असन्तुष्ट समूहमा रहेका डा. भुसालले आइतबार संसद् सचिवालयमा पत्र लेखेर स्वतन्त्र सदस्यका रूपमा नै रहन चाहेको जानकारी गराएका छन् ।

तत्कालीन नेकपाबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित सांसद भुसालले पार्टी एकता भंग भएपछि संसदीय दलको ह्विप नलाग्ने भन्दै स्वतन्त्र सांसदको मान्यता दिन संसद् सचिवालयसँग माग गरेका छन् । एकता भंग भएपछि निर्वाचन आयोगले नेकपा एकीकरणपछि निर्वाचित जनप्रतिनिधिलाई दल एमाले वा माओवादी केन्द्र रोज्ने स्वतन्त्रता दिएको थियो । तत्कालीन राष्ट्रिय सभामा नेकपाबाट निर्वाचित सांसद नारायणकाजी श्रेष्ठले माओवादी केन्द्रमा क्रियाशील हुने भन्दै निवेदन दिए पनि भुसाल पार्टी एकता भंगपछि मौन थिए ।

'सर्वोच्च अदालतको ०७७ फागुन २३ को फैसलाले उक्त पार्टीको अस्तित्व समाप्त गरिदिएपछि त्यस पार्टीबाट उम्मेदवार भई निर्वाचित मसहितका

» पृष्ठ २ मा क्रमशः

कोरोनाविरुद्ध सचेतना



आफ्नो अनुहारमा
हात लगाउन बन्द गरौँ



## आरक्षणमाथि...

पृष्ठ १ बाट क्रमशः

दलित ६१.९३ र औसतमा मधेसी दलितको साक्षरता ३४.५० प्रतिशत छ।

- १५ वर्षभन्दा माथिको औसत साक्षरता दर ५९.६ प्रतिशत हुँदा पहाडी ब्राह्मण/क्षत्रीको ७१.४ र तराईको ब्राह्मण/क्षत्रीको साक्षरता दर ८० प्रतिशत छ। तर, पहाडी दलितको साक्षरता ५१.८ र मधेसी दलितको २२.८ प्रतिशत मात्र छ।
- वयस्क समूहका महिलाको औसत साक्षरता दर ४८.८ हुँदा पहाडी ब्राह्मण/क्षत्री महिलाको ६०.३ र मधेसी ब्राह्मण/क्षत्री महिलाको ७०.३ प्रतिशत छ। पहाडी दलित महिलाको साक्षरता ४२.९ र मधेसी दलित महिलाको १२.३ प्रतिशत मात्र छ।

०००

कोठा भाडामा लिने क्रममा राजधानी काठमाडौंमै सञ्चारकर्मी रूपा सुनारमाथि भएको जातीय विभेदको घटनापछि सामाजिक सञ्जाल 'कोटा र कोठा' अर्थात् आरक्षणको बहसले गर्मिएको छ। कतिपय बौद्धिक र समाजका प्रतिष्ठित व्यक्तिहरू पनि 'तिमी दलित भएर कोठा पाएनौँ, मैले बाहुन भएर कोटा पाइनँ' भन्ने तर्क गरिरहेका छन्। तर, वास्तविकता भने निकै फरक छ। सीमान्तकृत समुदायका लागि आरक्षणको व्यवस्था गरिएपछि पनि राज्य संयन्त्रहरूमा दलित समुदायको उपस्थिति दयनीय छ।

नेपालको संविधान, ०७२ को प्रस्तावनामा नै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प गरिएको छ। मौलिक हकअन्तर्गत धारा २४ मा छुवाछुत तथा भेदभावविरुद्धको हक, धारा ४० मा दलितको हक र धारा २ मा सामाजिक न्यायको हकको व्यवस्था गरी समानुपातिक समावेशी सिद्धान्तअनुसार राज्यका सबै निकायमा सहभागिताको सुनिश्चितता गरिएको छ। तर, संविधान जारी भएको ६ वर्षमा पनि दलित अधिकारका लागि बनेका मौलिक हकको कार्यान्वयन सरकारको प्राथमिकतामा परेको छैन।

शताब्दीऔँसम्म राज्यको बहिष्करणमा परेको दलित समुदायको सामाजिक हैसियत मात्रै होइन, शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीति र भूमिमा अहिले पनि पहुँच निराशाजनक छ। निजामती सेवादेखि सुरक्षा निकायसम्मका उच्च पदमा दलितको संख्या औँलामा गन्न सकिनेछ।

### निजामती सेवामा दुई प्रतिशत मात्रै दलित

निजामती सेवाको विशिष्ट श्रेणीमा पुग्ने पहिलो र एक मात्रै दलित डा. मानबहादुर विके हुन्। उनी नेपाल सरकारको सचिवबाट केही समयअघि सेवानिवृत्त भएका छन्। सहसचिवस्तरमा प्रशासनतर्फ दुई र स्वास्थ्य सेवातर्फ एकजना अहिले कार्यरत छन्। उपसचिवस्तरमा पुग्नेको संख्या दश नाघेको छैन। त्यसबाहेक तल्लो तहका कर्मचारीसमेत गरी निजामती सेवामा दलितको प्रतिनिधित्व जम्मा २.२२ प्रतिशत मात्रै छ।

लोकसेवा आयोगको ६०औँ वार्षिक प्रतिवेदनअनुसार निजामती सेवामा ८८ हजार पाँच ७८ कर्मचारी छन्। जसमध्ये दलितको संख्या एक हजार नौ सय ७१ मात्रै हो।

समाजमा जस्तो विभेद छ, राज्य संयन्त्रहरूमा पनि उस्तै विभेद भइरहेको पूर्वसचिव विकेको भनाइ छ। 'सेवा प्रवेश गर्न जति गाह्रो छ, त्यहाँभित्र टिकिरहन झन् धेरै गाह्रो छ,' निजामती सेवामा ३४ वर्ष बिताएका उनले भने। जिम्मेवारी दिनेदेखि सूचना आदानप्रदान र सरुवा-बढुवासम्मका सबै प्रक्रियामा विभेद खेप्नुपर्ने उनको अनुभव छ। 'समाज जस्तो छ, राज्यका निकायभित्रको अवस्था पनि त्यसकै प्रतिबिम्ब हो, धेरै फरक छैन। त्यहाँ पनि उस्तै मानसिकता छ,' उनले भने

०६४ मा निजामती सेवा ऐन संशोधन गर्दै पहिलोपटक आरक्षणको व्यवस्था गरिएपछि दलित समुदायको प्रतिनिधित्वको ढोका खुलेको हो। यो ऐनले खुला प्रतिस्पर्धाबाट पदपूर्ति हुने संख्याको ४५ प्रतिशत पद आरक्षणका लागि छुट्याई त्यसलाई शतप्रतिशत मानी महिला ३३ प्रतिशत, आदिवासी जनजाति २७, मधेसी २२, दलित नौ, अपांग पाँच र पिछडिएको क्षेत्रका चार प्रतिशत उम्मेदवारका लागि आरक्षणको व्यवस्था गरेको छ।

### प्रहरीमा नौ र सेनामा आठ प्रतिशत दलित, १२ वर्षमा दलित समुदायबाट प्रहरीमा दुई हजार भर्ना

पछिल्लो १२ वर्षमा समावेशी कोटाबाट नेपाल प्रहरीमा दलित समुदायका करिब दुई हजारजना भर्ना भएका छन्। योसहित गरेर अहिले प्रहरीमा दलित समुदायको उपस्थिति ६ हजार एक सय ९२ पुगेको छ। प्रहरीको कुल दरबन्दी ६५ हजार पाँच सय छ। अर्थात्, दलितको संख्या ९.७५ प्रतिशत मात्रै छ।

प्रहरी प्रधान कार्यालयका अनुसार ०६६ असोजदेखि हालसम्म दलित समुदायबाट एक हजार नौ सय ७४ जना विभिन्न पदमा भर्ना भएका छन्। यो समुदायबाट एसपीभन्दा माथिको तहमा कोही पनि पुग्न सकेका छैनन्। अहिले डम्बर विक एसपीमा कार्यरत छन्। प्रधान कार्यालय स्रोतका अनुसार डिएसपी र इन्स्पेक्टरमा करिब ३० जना कार्यरत छन्, बाँकी तल्लो तहका छन्। यसअघि गोविन्दराम परियार पनि एसपीबाट सेवानिवृत्त भएका थिए।

दलित भएकै कारण संगठनभित्र पनि विभेद हुने गरेको छ। कतिपय डिएसपीहरू कार्यालयप्रमुखको जिम्मेवारी नपाएको पीडा सुनाउँछन् भने कतिपयले अनावश्यक सरुवाको समस्या झेल्नुपरेको गुनासो गरे। 'माथिल्लो पदमा आफ्नो मान्छे हुँदैन, कसैको सिफारिसविना अहिले बढुवा नै नहुने अवस्था छ,' एक प्रहरी अधिकृतले भने, 'आफ्ना मान्छे नहुँदा नियमित प्रक्रियामा हुनुपर्ने बढुवा पनि रोकिदिन्छन्।'

सेनामा पनि दलित समुदायको प्रतिनिधित्व अत्यन्त न्यून छ। लोकसेवा आयोगको प्रतिवेदनअनुसार ८७ हजार नौ सय ७२ संख्याको विशाल फौजमा दलित समुदायका सात हजार एक सय ६३ जना मात्रै छन्। यो संख्या ८.१४ प्रतिशत हो। सेनामा शुभबहादुर सुनाम सहायक रथी भएर सेवानिवृत्त भएका थिए। प्रहरी र सेनामा दलितका लागि १५ प्रतिशत आरक्षणको व्यवस्था छ। प्रहरी नियमावली ०७१ को नियम (५) मा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदमध्ये आरक्षणका लागि ४५ प्रतिशत छुट्याई त्यसलाई शतप्रतिशत मानेर दलितका लागि १५ प्रतिशत व्यवस्था गरिएको छ।

### ४५९ न्यायाधीशमध्ये दलित समुदायका पाँचजना

निजामती र सुरक्षा निकायभन्दा न्याय क्षेत्रमा दलित समुदायको उपस्थिति झन् निराशाजनक छ। यो क्षेत्रमा एक प्रतिशत मात्रै दलितको उपस्थिति छ। सर्वोच्च, उच्च र जिल्ला अदालतमा गरी कुल न्यायाधीशको संख्या चार सय ५९ छ। तर, दलित समुदायबाट प्रतिनिधित्व गर्ने न्यायाधीश पाँचजना मात्रै छन्।

दलित समुदायबाट पहिलो न्यायाधीश हुने व्यक्ति रत्नबहादुर पासवान हुन्। ०६६ मा न्यायाधीश भएका उनी हाल उच्च अदालत तुलसीपुरको नेपालगन्ज इजलासमा मुख्य न्यायाधीश छन्। त्यस्तै, दुर्गाबहादुर विके पाटन उच्च अदालतमा, देशबहादुर सार्की उच्च अदालत तुलसीपुरको बुटवल इजलासमा कार्यरत छन्। पहिलो दलित महिला न्यायाधीश मनकुमारी जिएम बाँके जिल्ला अदालतमा र दिलकुमार बर्देवा झापा जिल्ला अदालतमा न्यायाधीश छन्।

### भूमिहीनता र गरिबीको मारमा दलित

विभेद र बहिष्करणले समाजको पिँधमा परेको दलित समुदाय चरम गरिबीले ग्रस्त छ। सरकारको तथ्यांकअनुसार औसत गरिबीको रेखामुनि रहेको नेपालीको जनसंख्या १८.१७ प्रतिशत हो। तर, दलित समुदायको गरिबीको रेखामुनि रहेको जनसंख्या भने ४२ प्रतिशत छ।

नेपालको जीवनस्तर सर्वेक्षण, २०११ ले पहाडका १५.३२ प्रतिशत र तराईका ४४ प्रतिशत दलित भूमिहीन अवस्थामा रहेको देखाएको थियो। अझ कृषि भूमिहीनको परिभाषाअनुसारको तथ्यांक झन् डरलाग्दो छ। पहाडमा ७७ प्रतिशत र तराईमा ९० प्रतिशत दलित कृषि भूमिहीन छन्। भूमिहीनको प्रत्यक्ष प्रभाव उनीहरूको शिक्षा, स्वास्थ्य र जीवनशैलीमा परेको छ।

सरकारको पछिल्लो तथ्यांकअनुसार दलित समुदायको साक्षरता दर ५२.४ प्रतिशत छ। जब कि राष्ट्रिय साक्षरता दर ६५.९ प्रतिशत छ। तराईमा दलितको साक्षरता दर त अझै कम अर्थात् ३४.५ मात्रै छ। १.६ प्रतिशतले मात्रै एसएसली उत्तीर्ण गरेका छन् भने स्नातक उत्तीर्ण गर्ने दलितको संख्या ०.८ प्रतिशत मात्रै छ।

### ०७७ मा दलित मानव अधिकार उल्लंघनको अवस्था

समता फाउन्डेसनको तथ्यांकअनुसार गत वर्ष दलित मानव अधिकार उल्लंघनको अवस्था पनि चिन्ताजनक देखिएको छ। जातीय भेदभाव तथा छुवाछुत ३२, दलित हत्याका १८, जबर्जस्ती करणीका १४, अन्तर्जातीय विवाहमा विभेदका सात र जबर्जस्ती करणीको प्रयासका तीन घटना भएका छन्। त्यस्तै, अन्तर्जातीय प्रेममा आधारित विभेदका दुई, कुटपिटका २७, बलपूर्वक गर्भपतनका एक र आत्महत्या दुरुत्साहन ६ घटना भएको फाउन्डेसनको तथ्यांक छ।

## दलितलाई...

पृष्ठ १ बाट क्रमशः

समाधानको बाटोमा जान सक्छ।'

नेपालमा समावेशिताको बहसबारे लामो अध्ययन गरेका डा. रमेश सुनाम आरक्षणबाट दलितभन्दा गैरदलित समुदायले धेरै फाइदा लिएको दाबी गर्छन्। 'वास्तवमा आरक्षणबाट धेरै फाइदा गैरदलितले लिएका छन्। दलितले पाएको त जम्मा नौ प्रतिशत मात्रै हो। जब कि आरक्षित सिटको ९१ प्रतिशत महिला, जनजाति र मधेसी आदिले उपभोग गरिरहेका छन्,' उनको भनाइ छ।

पूर्वसचिव डा. मानबहादुर विकेले पनि दलित समुदायलाई क्षतिपूर्तिका लागि ल्याइएको आरक्षणको व्यवस्थाले गैरदलितलाई बढी फाइदा पुगेको बताए। 'विगतमा दलित समुदायलाई राज्यले नीति र कानुन बनाएरै विभेद र बहिष्करणमा पार्‍यो। गणतन्त्र स्थापनापछि राज्यले त्यसैको क्षतिपूर्तिस्वरूप आरक्षणको व्यवस्था गरेको हो,' उनले भने, 'तर, माग भएको संख्यामा ५५ प्रतिशत खुला प्रतिस्पर्धाका लागि छुट्याइएको हुन्छ, त्यसमा शतप्रतिशत खस-आर्य नै आउँछन्। आरक्षणतर्फ पनि दलितले पाउने नौ प्रतिशत मात्रै हो। बाँकी सबै गैरदलित नै आउने हुन्। अझ महिलातर्फ पनि सबैजसो खस-आर्य महिला नै आउँछन्।'

संविधानले परिकल्पना गरेको समानुपातिक समावेशिताका लागि छुट्टै बहस आवश्यक रहेको विकेको भनाइ छ। 'आरक्षणको व्यवस्थाले घुमिफिरी खस-आर्यलाई नै लाभ पुगेको देखिन्छ। अहिलेको आरक्षणको व्यवस्थाले संविधानको मर्मलाई बोक्न सकेको छैन। संविधानले परिकल्पना गरेको समानुपातिक समावेशिताका लागि छुट्टै बहस गर्नुपर्ने आवश्यकता छ,' उनले भने।

## निवेदकको...

पृष्ठ १ बाट क्रमशः

ज्ञवाली, नरहरि आचार्य, यदुनाथ खनालसहितले बहस गरेका थिए। साथै पदम रोक्का, उमेश गौतम, शंकर सुवेदी, एकराज पोखरेलसहितले प्रतिनिधिसभा विघटन बदर गरी देउवालाई प्रधानमन्त्री नियुक्त गरिनुपर्ने पक्षमा बहस गरे।

आइतबार सुरुमै बहस गर्न पोडियम पुगेकी वरिष्ठ अधिवक्ता सविता भण्डारी बरालले बहसका लागि पाँच मिनेट समय मागेकी थिइन्। उनलाई प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले हाँस्दै जवाफ दिएका थिए, 'आउने, उभिने जाने। पाँच मिनेटमा त के कुरा आउँछ र ?' यद्यपि बहस गर्न सुरु गरेकी उनले १० मिनेट समय लिइन्।

'धारा ७६ (३) सम्मका सरकारमा संसदीय दलका कुरा छन्। तर, (५) भनेको विशुद्ध प्रतिनिधिसभाका सदस्यहरूको अधिकार हो। उपधारा (४) र (५) का प्रक्रिया पूरा नभईकन सीधै (७) मा जान मिल्दैन श्रीमान्,' उनले थपिन्, 'निर्णय दिनुअगाडि भावी सन्ततिलाई हामी कस्तो संसार दिँदै छौँ भन्ने पनि सोच्नुपर्छ, श्रीमान्। इजलासबाट स्वतन्त्र र निष्पक्ष निर्णय आउँछ भन्ने हाम्रो आशा छ।'

उनीपछि आएका वरिष्ठ अधिवक्ता बाबुराजा जोशीले प्रधानमन्त्री ओली धारा ७६(२) अनुसारको सदस्य नै नरहेकाले उपधारा (५) बमोजिमको प्रधानमन्त्रीमा दाबी गर्नै नपाउने तर्क गरे। 'उहाँ प्रतिनिधिसभा सदस्य नै हुनुहुन्न, अनि कसरी उपधारा (५) अनुसारको प्रधानमन्त्रीमा दाबी गर्न सक्नुहुन्छ। उहाँले प्रधानमन्त्रीमा दाबी गर्ने, त्यसैको आधारमा राष्ट्रपतिले विघटन सदर गरेर निर्वाचन घोषणा गर्ने, यो सबै संविधानसभाबाट निर्मित संविधानमाथिको हमला हो। राष्ट्रपतिलाई यसरी संविधानमाथि हमला गर्ने, उल्लंघन गर्ने, अनदेखा गर्ने अधिकार छैन,' उनले भने।

जोशीपछि बहस गरेका अधिवक्ता पदम रोक्काले आफूखुसी बजेट ल्याउने मनसायले बजेट ल्यानुभन्दा अगाडि विघटन गरेको बताए।

अधिवक्ता डा. भीमार्जुन आचार्यले प्रधानमन्त्रीको पद रिक्त नहुँदै अर्को प्रधानमन्त्रीमा दाबीका लागि आह्वान गरिनु नै गलत भएको तर्क गरे। प्रधानमन्त्रीको पद रिक्त हुने अवस्थाबारे संविधानको धारा ७७ मा व्याख्या रहेको, तर यस्तो कुनै अवस्था हाल विद्यमान नभएकाले ओलीको पद रिक्त नै नभएको उनको भनाइ थियो। उक्त धाराको उपधारा (१) मा प्रधानमन्त्रीले राजीनामा दिएमा, विश्वासको मत पाउन नसकेमा वा अविश्वासको प्रस्ताव पारित भएमा, प्रतिनिधिसभाको सदस्य नरहेमा र मृत्यु भएमा प्रधानमन्त्रीको पद रिक्त हुने उल्लेख छ।

'यसरी कुनै पनि अवस्था नरहेको समयमा अर्को प्रधानमन्त्रीका लागि आह्वान गर्ने कुरा संविधानले कल्पना नै गरेन,' उनले थपे, 'यो संविधानबमोजिम हुने सबै प्रधानमन्त्री, उपधारा (१), (२), (३) र अब (५) बमोजिमको पनि प्रधानमन्त्री उहाँ नै हुने कतै लेखेको छ श्रीमान् ?'

उनले राष्ट्रपतिको दायित्वको विषयमा पनि बहस गरे। दाबी पर्न आएपछि नियुक्त गर्नु राष्ट्रपतिको कर्तव्य भएको उनको भनाइ थियो। उनले भने, 'उहाँलाई संविधानले दाबी परेपछि नियुक्त गर्नैपर्ने भनेको छ। उहाँले आफ्नो म्यान्डेटरी ड्युटीलाई नकार्न मिल्दैन। धारा ७६ मा नियुक्त गर्नुपर्ने भनेर लेखिएकाले राष्ट्रपतिसामु कुनै विकल्प रहँदैन।' इजलासबाट पटक-पटक सोधिएको प्रश्नको जवाफ पनि उनले दिए। न्यायाधीशहरूले बहसकर्तालाई दलको ह्विपभन्दा बाहिर गएर अर्को दलका नेतालाई समर्थन गर्न मिल्ने वा नमिल्ने भनी जिज्ञासा राख्दै आएका थिए।

यसै विषयमा स्पष्ट पार्दै आइतबारको इजलासमा उनले विभिन्न नजिर तथा लिखतको आधारमा भने, 'मेम्बर अफ पार्लियामेन्ट इज नट सरभेन्ट अफ पार्टी। उनीहरू संसद्मा आइसकेपछि पार्टीका कार्यकर्ता वा सदस्य मानिँदैनन्।' ह्विप लागे पनि दल त्याग गरेको अवस्था नमानिने उनको तर्क थियो।

गण्डकीका पूर्वप्रदेशप्रमुखसमेत रहेका वरिष्ठ अधिवक्ता बाबुराम कुँवरले उपधारा (५) मा व्यक्ति वा प्रतिनिधिसभा सदस्यको हैसियतले गरेको कार्यमा दलीय ह्विप नलाग्ने र लागे पनि कारबाही नहुने तर्क गरे।

वरिष्ठ अधिवक्ता सतिशकृष्ण खरेलले हाल प्रतिनिधिसभाको बहुमत सदस्यले प्रधानमन्त्रीका रूपमा देउवालाई समर्थन गरेको स्पष्ट रहेकाले नियुक्ति हुनुपर्ने बताए। उनले कुनै पनि प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्दा पनि दल नभई प्रतिनिधिसभा सदस्यको हैसियतले मत लिने भएकाले पनि संसद्मा दलीयभन्दा पनि स्वतन्त्र हैसियत रहने तर्क गरे।

बहुदलीय व्यवस्थामा राजनीतिक दलले सांसदलाई बँधुवा मजदुरजसरी राख्न नमिल्ने खरेलको भनाइ थियो। साथै, दलको ह्विप लागे पनि सांसदको हैसियतमा दिएको समर्थन र गरेको मतदान बदर वा अमान्य हुने कानुन विश्वमै कतै नभएकाले राष्ट्रपतिले देउवाको दाबी स्वीकार गरेको भए उनले बहुमत पाउने स्पष्ट रहेको तर्क गरे।

'विश्वासको मत होस् वा अविश्वासको प्रस्ताव, त्यो मत सांसदको व्यक्तिगत मत हो है भन्छ हाम्रो संविधानले,' उनले थपे, 'यो पार्लियामेन्टले आफ्नो मन प्रयोग गर्न सक्छ। पार्लियामेन्ट प्रणालीमा ह्विप जारी भएकोभन्दा विपरीत भएमा भोट अमान्य हुने कुनै कानुन हुँदैन। बहुदलीय लोकतन्त्रमा ह्विप उल्लंघन हुन सक्छ।'

आफूलाई दिइएको आधा घन्टाको समय सकिन लाग्दा हरेक गल्तीमा माफी दिने आमाजस्तो राष्ट्रपतिको व्यवहार भएको उनले बताए। 'यो प्रणालीले मुलुकको सर्वोच्च पदमा पुग्न सक्छु भन्ने सपना हरेक नेपालीलाई दिएको छ। त्यो पदलाई सम्मान दिने हो नि, व्यक्तिलाई होइन। व्यक्तिले त त्यो पदको मर्यादा र सम्मान आफ्नो आचरणबाट कायम राख्न सक्नुपर्छ। तर, प्रधानमन्त्रीको सन्दर्भमा राष्ट्रपतिले त्यसो गर्नुभएको छैन। उहाँले आफूलाई सुधार्नुपर्छ,' उनले बहसका क्रममा भने, 'संसारको कुनै पनि लोकतान्त्रिक मुलुकमा राष्ट्रपतिले उच्चारण गरेका शब्दहरू त्यो पर्दैन भनेर, बच्चाले सानो गल्ती गर्दाखेरि आमाले खिसिक्क हाँसेर माफ गर्दिनेजस्तो व्यवहार संवैधानिक पदमा हुनुहुँदैन।'

उनले प्रतिनिधिसभाका सदस्यहरूले लिएर गएको निवेदन घन्टौँ दर्ता नहुने, तर ओली पक्षबाट भएका निर्णय मध्यरातमा पनि सदर गर्ने भन्दै थपे, 'यो कुन लोकतान्त्रिक मुलुकमा हुन्छ, श्रीमान् ? ज्ञानेन्द्र र वीरेन्द्रले पनि कुनै निर्णय गर्दा चार-पाँच दिन सरसल्लाह गर्थे। यहाँ त धृतराष्ट्रजस्तो पुत्रमोहमा दृष्टि गुमाएकोजस्तो व्यवहार राष्ट्रपतिको प्रधानमन्त्रीप्रति छ।' उनले केवल प्रतिनिधिसभा पुनर्स्थापनाको नभई देउवालाई प्रधानमन्त्री बनाई प्रतिनिधिसभा अधिवेशन आह्वान गरिनुपर्ने आदेश माग गरे।

अर्का वरिष्ठ अधिवक्ता नरहरि आचार्यले राष्ट्रपति र प्रधानमन्त्रीका लिखित जवाफमै यो रिट जारी गर्ने आधार रहेको बताए। प्रधानमन्त्रीले लिखित जवाफमा आफूले सरकार चलाउन नसक्ने भनेकाले उनले पुनः ७६ (५) बमोजिम दाबी गर्न नमिल्ने तथा राष्ट्रपतिले देउवाको दाबी परेको स्वीकार गरेकाले उनलाई नियुक्त गर्ने गरी रिट जारी हुनुपर्ने माग गरे। 'राष्ट्रपतिले प्रधानमन्त्रीका लागि ७६ (५) अनुसार आह्वान गर्नुभयो। तर, निर्णयचाहिँ ७६ (२) बमोजिम गर्नुभयो। प्रतिनिधिसभा सदस्यलाई आह्वान गरेर प्रतिनिधित्व गर्ने दलका आधारमा निर्णय गर्नुभयो,' उनले भने।

अधिवक्ता एगराज पोखरेलले उपधारा (५) ले दलहरूभन्दा पनि व्यक्तिको सहमति खोज्ने तर्क गरे। 'मनोगत निष्कर्षमा पुगेर राष्ट्रपतिको कार्यालयबाट निर्णय भएको देखिन्छ। यो गैरकानुनी छ, गैरजिम्मेवार छ, निष्पक्ष छैन,' उनले भने।

आइतबारको बहसको अन्तिममा महान्यायाधिवक्ता रमेश बडालले आफू बोल्ने भन्दै समय लिए। उनले विपक्षीसमेत बनाइएका सभामुख अग्निप्रसाद सापकोटाका कानुन व्यवसायीले रिट जारी हुनुपर्ने पक्षमा बहस गर्ने भएकाले समय विभाजनमा सहमति नभएको बताए।

'उहाँले रिट निवेदन जारी गरिपाऊँ भनेर लेख्नुहुन्छ भने त उहाँ रिट निवेदक हो। उहाँहरू रिट निवेदक एकापट्टि हो, हामी खारेज गरिपाऊँ एकापट्टि हौँ। हामीले उहाँलाई एक घन्टा दिने भन्यौँ, तर उहाँहरू मान्नुभएन,' उनले भने। उनको जवाफ दिँदै न्यायाधीश ईश्वरप्रसाद खतिवडाले भने, 'रिट निवेदकले मान्नुभएन भने हेरौँला। यहाँले दिनुभएको एक घन्टा दिनुस्, पुगेन भने अन्तिममा आधा घन्टा हामी थपौँला।'

विपक्षीलाई वा रिट निवेदन खारेज गर्ने पक्षलाई १४ घन्टा समय दिने भन्दै प्रधानन्यायाधीश जबराले इजलास सोमबारसम्मका लागि स्थगित भएको जानकारी गराएका थिए।

सोमबारदेखि सरकारी पक्षले बहस गर्दै छन्। उनीहरूका लागि १५ घन्टाको समय छुट्याइएको छ। त्यसपछि निवेदक पक्षले तीन घन्टा र एमिकस क्युरीका सदस्यले दुई घन्टा बहस गर्न पाउनेछन्। बहसको समय सुरुमै तोकिएकाले यही हप्ता बहस सकिने र अर्को हप्ता फैसला आउने अनुमान छ।

नेपाल सरकार
सहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
नयाँ शहर आयोजना कार्यालय
बैरेनी, गल्छी, धादिङ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७८।०३।१४

यस कार्यालयबाट मिति २०७७।१२।२९ मा हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्रको सूचनाअनुसार इ-बिडमार्फत् पर्न आएका बोलपत्रहरूमध्ये न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएको तपशिलको निर्माण कार्यको बोलपत्र स्वीकृतिको आशयको प्रयोजनका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र.सं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १. | NTPO/BAIRENIGALCHHI/ NCB/WORKS/E-BID/06/077/78 | Road Construction and Improvement Works:(1) Asphalt works in 22 Killa Daltar Khantar road w.n-07, Galchhi | Jalukeni Nirman Sewa Pvt. Ltd., Balaju -16, Kathmandu | 25655288.49 |
| २. | NTPO/BAIRENIGALCHHI/ NCB/WORKS/E-BID/07/077/78 | Road Construction and Improvement Works:(1) Upgradation of road from Baireni health post to shree no.6 Bahini Jintetar-integrated office building Amleshwor temple-prithvi highway, road w.n-06, Baireni | Om Buddha International Construction Pvt. Ltd. H/0: Tokha-9, Dhapasi, Kathmandu | 19377138.8 |

आयोजना प्रमुख

## युवराज कार्कीलाई...

पृष्ठ १ बाट क्रमशः

हुने र नेपाल सरकारको मन्त्री भई सेवा गरिसकेकालाई स्नातकको उपाधि अनिवार्य नहुने निर्देशिकाको प्रतिबन्धात्मक वाक्यांशको उल्लेखित प्रावधान नेपालको संविधानको धारा १८ ले प्रत्याभूत गरेको समानताको संवैधानिक बन्दोबस्तको अनुकूल नदेखिएको एवं नेपाल सरकारको मन्त्रीको हैसियतमा सेवा गरिसकेको व्यक्तिको हकमा स्नातक उपाधिको शैक्षिक योग्यता आवश्यक हुनु नपर्ने उल्लिखित निर्णयको औचित्यपूर्ण कारण र आधार नदेखिएको परिप्रेक्ष्यमा राज्यकै प्रतिनिधित्व गरिने संवेदनशील विषयमा शैक्षिक योग्यतालाई उपेक्षा गर्दा कूटनीतिक क्षेत्रमा गम्भीर र दूरगामी असर पर्ने भएकाले प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म' संशोधित निर्देशिकाको सो बुँदा कार्यान्वयन नगर्न/नगराउन भनिएको थियो।

राजदूत पद आफैँमा सार्वभौम राज्यको नै प्रतिनिधित्व गर्ने भएकाले सम्मानित, प्रतिष्ठित र मर्यादित हुनुपर्ने भएकाले यसमा शैक्षिक योग्यताको पनि भूमिका रहेको सर्वोच्चको व्याख्या छ।

निर्देशिकाको दफा ३(६) को बुँदा नं. २ मा राजदूत हुन आवश्यक शैक्षिक योग्यताबारे उल्लेख छ। 'सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक उपाधि हासिल गरेको' भन्ने व्यवस्था रहेको यो बुँदामा संशोधन गर्दै 'तर, नेपाल सरकारको मन्त्रीको रूपमा सेवा गरिसकेको व्यक्तिको हकमा यो दफा लागू हुनेछैन' भन्ने बाध्यात्मक वाक्यांश थप गरिएको थियो।

सरकारले डेढ महिनाअघि निर्देशिका संशोधन गरेको थियो। त्यसलगत्तै वैशाखको अन्तिम साता ११ देशमा राजदूत नियुक्तिको सिफारिस भएको थियो। सिफारिस भएकामध्ये पूर्वमन्त्री कार्कीसँग स्नातकको शैक्षिक योग्यता थिएन। सिफारिसको ४५ दिन पुग्न लागेकाले सरकारले नियुक्ति प्रक्रिया अघि बढाउन लागेको छ। ४५ दिनसम्म संसदीय सुनुवाइ हुन नसके सरकारले नियुक्ति प्रक्रिया अघि बढाउन सक्ने व्यवस्था छ।

कार्कीलाई पाँच वर्षअघि केपी ओली नेतृत्वकै सरकारले दक्षिण कोरियाको राजदूतका लागि पनि सिफारिस गरेको थियो। सिफारिसलगत्तै सरकार फेरिएकाले उनको नियुक्ति हुन सकेको थिएन। यसपटक पनि सिफारिस भएर पनि उनको नियुक्ति रोकिएको छ।

## भंग गर्ने...

पृष्ठ १ बाट क्रमशः

कमिटीमा रूपान्तरण गरेका थिए। तर, सर्वोच्चले यसलाई अवैध भन्दै अन्तरिम आदेश जारी गरेपछि ओली दबाबमा थिए। यद्यपि, यसविरुद्ध उनले सर्वोच्चमा पुनरावलोकन निवेदन दिएका छन्।

आइतबार स्थायी कमिटीको बैठकपछि पार्टी प्रवक्ता प्रदीप ज्ञवालीले केन्द्रीय कमिटी ब्युँताउन बैठक डाकिएको प्रस्ट संकेत गरे। 'वैशाखयता राष्ट्रियस्तरका घटनाक्रमबारे फराकिलो स्तरमा छलफल गरेका छैनौँ, पछिल्ला राजनीतिक घटनाक्रम, देखापरेका चुनौती, सरकारविरुद्धका मोर्चाबन्दी र पार्टी एकताका जटिलतासम्बन्धी प्रश्नमा आयोजक कमिटीका साथीलाई जानकारी दिन र सुझाव लिन बैठक बोलाइएको हो,' प्रवक्ता प्रदीप ज्ञवालीले नयाँ पत्रिकासँग भने, 'दोस्रो, कर्णाली प्रदेशका सांसदहरूमाथिको कारबाहीका विषयमा सर्वोच्च अदालतले जारी गरेको अन्तरिम आदेशले दलीय व्यवस्थामै संकट उत्पन्न हुने देखिएकाले त्रुटिपूर्ण आदेश सच्याउन भ्याकेटमा गएका छौँ। तर, फैसला नआउँदासम्म मन परे पनि, नपरे पनि कार्यान्वयन गरेर जानु दायित्व भएकाले समाधान खोज्न बैठक बोलाएका छौँ।'

अध्यक्षले २३ जेठमा अगाडि सारेको पार्टी एकतासम्बन्धी ६बुँदे प्रस्ताव र आन्तरिक विवाद टुंगोमा पुर्‍याउन भइरहेका प्रयासबारे समेत आयोजक कमिटी बैठकमा छलफल हुने ज्ञवालीले बताए। 'अध्यक्षले पार्टी एकता जोगाउन ६बुँदे एकताको प्रस्ताव गरिसक्नुभएको छ, तर कसरी फर्किने भन्ने विषयमा छलफलबाटै टुंगोमा पुग्ने प्रयास गरिनेछ,' उनले भने, 'अर्को समूहका साथीहरूसँग पनि निरन्तर छलफल भइरहेको छ। टुंगोमा पुग्नेछ भन्ने आशा त छ। तर, कतिपय नेताहरूको व्यवहार एकता खण्डित गर्ने र सरकारको रक्षाभन्दा विपक्षीलाई नेतृत्व सुम्पिने खालको हुँदा प्रश्न उठिरहेको छ।' उनले तीलगायतका विषयमा पनि बैककबाटै म्यान्डेट लिइने पनि प्रस्ट्याए।

१६ असारको महाधिवेशन आयोजक कमिटी बैठकमा केन्द्रीय कमिटी बैठक बोलाउन उपयुक्त हुने सुझाव दिने र ओलीको ६बुँदे प्रस्ताव थप प्रस्ट पारेर अनुमोदन गर्ने सहमति भएको नेताहरूको भनाइ छ। ती प्रस्ताव पारित भएसँगै महाधिवेशन आयोजक कमिटी भंग गर्ने तयारी छ। संस्थापन पक्षले खनाल-नेपाल समूहले भनेझैँ तत्कालीन एमालेको २ जेठको दुई सय तीन केन्द्रीय कमिटीको होइन, पार्टी एकताको निर्णय गर्न ३ जेठको बिहान बसेको स्थायी समितिले थपेका ३८ जना केन्द्रीय सदस्यलाई समेत समेटेर केन्द्रीय कमिटी बैठक बोलाउने तयारी गरेको छ।

केन्द्रीय सदस्य विष्णु रिजालले अध्यक्ष ओलीले २ जेठको निरन्तरताकै रूपमा दुई सय ४१ सदस्यीय केन्द्रीय कमिटीको बैठक बोलाउने तयारी गरेको बताए। 'महाधिवेशन आयोजक कमिटीको बैठकको छलफल र विघटनसँग माधव कमरेडहरूको सरोकार हुने कुरा भएन, उहाँहरूको सरोकार तत्कालीन एमालेको केन्द्रीय कमिटीको बैठकसँग हो, त्यसैले अध्यक्षले २ जेठ ०७५ कै निरन्तरताका रूपमा ३ जेठको बिहान एमाले स्थायी कमिटी बैठकको निर्णयअनुसार एमालेतर्फबाट थपिएका केन्द्रीय कमिटी सदस्यहरूसहितको बैठक बोलाउनुहुन्छ,' रिजालले भने, 'साबिक एमाले हुँदै माधव कमरेडसमेतको सहमतिमा माओवादी केन्द्रसँग एकता गर्ने, पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टी (नेकपा) राख्ने र चार सय ४१ जनाको केन्द्रीय कमिटीमा एमालेबाट दुई सय ४१ जना राख्ने निर्णय भएकाले पहिले पूर्वमाओवादीका नेताहरूबाहेकको त्यही कमिटीको बैठक बस्ने गरी तयारी भएको छ।'

उनले एउटा पक्षले २ जेठ र अर्को पक्षले ३ जेठ भने पनि कुरो एउटै भए पनि त्यसरी बोलाइएको बैठकलाई अर्को पक्षले कसरी लिन्छ, त्यसमा भर पर्ने बताए। पार्टी एकीकरणका क्रममा एमालेतर्फबाट थपिएका ३८ मध्ये १७ जना खनाल-नेपाल समूहका छन्। तर, खनाल-नेपाल समूहले पहिले २ जेठसम्म कायम रहेको दुई सय तीन सदस्यीय केन्द्रीय कमिटीको बैठक डाक्नुपर्ने र त्यही कमिटीले थपिएका ३८ जनाको नाम अनुमोदन गर्नुपर्ने, पूर्वमाओवादीतर्फबाट ओली समूहले आयोजक कमिटीमा थपेका २३ जना नेतालाई पनि व्यवस्थापन गर्न सकिने अडान राख्दै आएको छ।

महाधिवेशन आयोजक कमिटीको खारेजीसँगै २३ फागुनमा सर्वोच्च अदालतको फैसलापछि २८ फागुनयता भएका सबै निर्णय पनि स्वतः खारेज हुने र एमाले पुरानै संरचनामा टेकेर नयाँ ढंगले अगाडि बढ्ने निश्चित देखिएकाले नेपाल समूहले बखेडा निकाल्नुको औचित्य पनि सकिने ओली पक्षको बुझाइ छ। वरिष्ठ नेता नेपाल र भीम रावलसहित कतिपय नेताले २ जेठमा फर्किनका लागि पहिले आफूसहितका नेतामाथिको कारबाही फिर्ता हुनुपर्ने अडान राख्दै आएका छन्।

## स्वतन्त्र सांसदको...

पृष्ठ १ बाट क्रमशः

दलविहीन अर्थात् स्वतन्त्र हुनुपरेको सर्वविदितै छ,' उनले पत्रमा भनेका छन्, 'तत्पश्चात् म नेकपा एमाले वा माओवादी केन्द्र कसैको पनि संसदीय दलको सदस्य नबनी सभाको स्वतन्त्र सदस्यका रूपमा रहेको छु र आगामी दिनमा पनि सभाको स्वतन्त्र सदस्यका रूपमा नै रहन चाहन्छु।'

नेपाल समूहमा क्रियाशील रहेका भुसालले १७ असारमा राष्ट्रिय सभा बैठक डाकिएकाले एमाले वा माओवादी केन्द्रमध्ये एक रोज्नुपर्ने बाध्यता आइलागेकाले स्वतन्त्र सांसदको मान्यताका लागि संघीय संसद् सचिवालयमा अनुरोधपत्र बुझाएको बताए।

उनले पार्टीभित्र अन्तर्विरोध चर्किएको र पूर्ववत् अवस्थामा क्रियाशील हुने अवस्था तत्काल नदेखिएकाले पनि स्वतन्त्र सांसद बन्ने निष्कर्षमा पुगेको बताए। नेपाल समूहले बेग्लै दल बनाउने चर्चा चलिरहेका वेला भुसालको त्यस्तो निष्कर्षलाई राजनीतिक सन्देशका हिसाबले अर्थपूर्ण मानिएको छ। यद्यपि, उनले पार्टीमा विवाद समाधान भएर एकताबद्ध बनेको अवस्थामा भने आफू पूर्ववत् रूपमै पार्टीमा क्रियाशील रहने प्रस्ट्याए।

'म नेकपाबाट सांसद बनेको हुँ, अहिले त्यो दल नै छैन। तत्कालका लागि स्वतन्त्र हैसियतमा बस्न पाएँ भने भोलि मनलाग्दा कुनै पनि दलको सदस्यता लिन सक्छु, तर अहिले कतै लागे, भोलि त्यो दलप्रति चित्त बुझेन भने समस्यामा पर्छु,' भुसालले भने, 'त्यसैले पार्टीको समस्या समाधान भएर मिलेर जाँदा एमालेकै दलबाट क्रियाशील हुन सकिन्छ। त्यस्तो अवस्था भएन भने स्वतन्त्रै बस्न पनि सकिन्छ। पार्टी मिलेर जाँदा त अहिलेको मेरो निर्णयले केही फरक पार्ने पनि होइन, एमालेमै क्रियाशील भइहाल्छु।' नेकपा बनेपछि निर्वाचित नेपाल समूहमा रहेकी राष्ट्रिय सभा सांसद शारदा भट्टले भने कुनै निर्णय लिएकी छैनन्।

कोरोनाविरुद्ध सचेतना



ढोकाको ह्यान्डिल, ताला सकेसम्म कम छोऔँ



# सहयोगीले भेन्टिलेटर दिए, तर चलाउन सरकारले जनशक्तिसमेत दिएन

## कोभिडका बिरामीको उपचार सहज बनाउन सरकारले जिल्ला अस्पतालहरूलाई भेन्टिलेटर पठायो, तर दक्ष जनशक्ति अभावमा प्रयोगमा आउन सकेनन्

हेटौँडाबाट सुदीप सिवाकोटी, दोलखाबाट श्याम खतिवडा, सिन्धुलीबाट विदुर पौडेल, नुवाकोटबाट नवदीप अजनवी, झापाबाट चिरञ्जीवी घिमिरे, संखुवासभाबाट नवीन गुरुङ, बाँकेमा विश्वराज पछल्डङ्ग्या, सुर्खेतबाट रमेश रावल, डडेल्धुराबाट करन ताम्राकार



प्रदेश अस्पताल सुर्खेतमा जडान गरिएको भेन्टिलेटर

नेपालमा कोरोना महामारीको सुरुवातपछि दातृ निकाय र राष्ट्रहरूले दिएका भेन्टिलेटर सञ्चालनमै समस्या देखिएको छ। दक्ष जनशक्तिको अभावमा कोभिडका बिरामी उपचार गर्ने अस्पतालहरूमा रहेका भेन्टिलेटरसमेत सञ्चालनमा आउन सकेका छैनन्। जनशक्ति नहुँदा कतै सञ्चालनमा आउन सकेका छैनन् भने कतै भेन्टिलेटर पटक-पटक बिग्रने गरेका छन्। जिल्ला अस्पतालमै भेन्टिलेटर भए पनि जनशक्ति नहुँदा कोरोनाका जटिल बिरामीलाई बाहिर रिफर गर्नुपर्ने बाध्यतामा केही जिल्ला स्वास्थ्य कार्यालय छन्।

### ■ एक विज्ञ चिकित्सकको भरमा तीन भेन्टिलेटर

संघीय सरकारले बागमती प्रदेश सरकारलाई सातवटा भेन्टिलेटर उपलब्ध गराएको थियो। ती भेन्टिलेटर प्रदेशको सामाजिक विकास मन्त्रालयले प्रदेशमातहतका विभिन्न जिल्ला अस्पताललाई बाँड्यो। तर, जनशक्ति अभावमा सञ्चालन हुन सकेनन्। हेटौँडा र नुवाकोट अस्पताललाई दुई-दुई तथा धादिङ, चरिकोट र सिन्धुली अस्पताललाई एक-एकवटा भेन्टिलेटर उपलब्ध गराइएको थियो। जनशक्तिको अभावसँगै अक्सिजन प्लान्ट नहुँदा चरिकोटमा भेन्टिलेटर थन्काउनुको विकल्प रहेन। चरिकोट अस्पतालमा हालसम्म भेन्टिलेटर जडान गरिएको छैन।

सिन्धुली अस्पतालमा रहेका तीनवटा भेन्टिलेटर चलाउन एकजना जनशक्ति छ। पूर्ण रूपमा सञ्चालन गर्न जनशक्तिको चरम अभाव छ। एक विज्ञ चिकित्सक र एक नर्सका भरमा भेन्टिलेटर सञ्चालन गर्नुपरेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. उमेश प्रधानले बताए। 'बागमती प्रदेश सरकारले दिएको एउटा र अस्पताल आफैँले खरिद गरेको दुईवटा भेन्टिलेटर कोभिड युनिटमा सञ्चालनमा छन्,' उनले भने, 'तर, एकजना फिजिसियनको भरमा भेन्टिलेटर चलाउनुपरेको छ।' नुवाकोटको त्रिशूली अस्पतालमा रहेको भेन्टिलेटर पटक-पटक बिग्रने गरेको छ। जसका कारण उपचार सेवा प्रभावित हुने गरेको छ। पटक-पटक बिग्रिएर बाहिर बनाउन लैजानुपर्ने भएपछि गत साता मात्रै अस्पतालले प्राविधिक नियुक्ति गरेको छ। 'सहयोगमा पाइएको भेन्टिलेटर समय-समयमा बिग्रिरहने र समस्या देखापरिरहने भएपछि दुई साताअघि प्राविधिक नियुक्ति गरेका छौँ,' मेडिकल सुपरिटेन्डेन्ट डा. दीपेन्द्र पाण्डेले भने।

हेटौँडा अस्पतालमा भने भेन्टिलेटर सञ्चालनमा समस्या देखिएको छैन। आवश्यकतालाई मध्यनजर गर्दै बिरामीको अवस्था बुझेर मात्र भेन्टिलेटर चलाउने गरिएको अस्पताल विकास समिति सदस्य उत्सव चौलागाईंले बताए।

### ■ झापाका तीन अस्पतालले भेन्टिलेटर पाए, तर छैनन् जनशक्ति

सरकारले गत वर्ष झापाको मेची अस्पताल भद्रपुरलाई तीन, दमक अस्पताललाई एक र प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेलाई एउटा भेन्टिलेटर उपलब्ध गराएको थियो। मेची र दमक अस्पतालले भन्टिलेटर जेनतेन चलाइरहेका छन्, तर प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेले प्राविधिक त्रुटि रहेको भन्दै सञ्चालनमा ल्याएको छैन।

मेची अस्पतालमा प्राप्त तीनवटा भेन्टिलेटर मेची कोभिड अस्पतालमा जडान गरिएको छ। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. टंक बाह्नाकोटी जनशक्ति अभावमा सञ्चालन गर्न निकै मुस्किल रहेको बताउँछन्। 'पारामेडिक्स कम हुँदा गाह्रो भएको छ। भेन्टिलेटर चलाउन एक बेडमा एकजना नर्स चाहिन्छ। तर, १५ बेडमा दुईजना नर्सले काम गरिरहनुपरेको छ। यस्तोमा जसोतसो भेन्टिलेटर चलाएका छौँ।'

दमक अस्पतालले पनि गत वर्ष सुरु गरेको दमक कोभिड अस्पतालमा भेन्टिलेटर जडान गरेको छ। तर, एनेस्थेसिया डाक्टर अभाव रहेको अस्पतालकी सूचना अधिकारी देवी दंगालले जानकारी दिइन्। 'भेन्टिलेटर जडान गरेका छौँ। तर, जनशक्ति अभावले धेरै मुस्किल परेको छ। आम्दा अस्पतालबाट एनेस्थेसिया डाक्टर आएर चलाउन सहयोग गरिरहनुभएको छ,' उनले भनिन्। प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेले भेन्टिलेटर चलाउनै सकेको छैन। अर्जुनधारा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख केशव रिजालले प्राविधिक समस्या र जनशक्तिको अभावले सञ्चालन गर्न नसकिएको जानकारी दिए।

### ■ जिल्ला अस्पताल संखुवासभा भेन्टिलेटरविहीन

पूर्वी पहाडी जिल्ला संखुवासभाको जिल्ला अस्पताल भेन्टिलेटरविहीन छ। संघीय सरकारले जिल्ला अस्पतालमा एउटा भेन्टिलेटर पठाएको छ भने पनि अस्पतालमा भेन्टिलेटर पुगेको छैन। केही समयअघि नै स्वास्थ्य मन्त्रालयले भेन्टिलेटर पठाएको भनिए पनि जिल्ला अस्पतालमा नआएको अस्पतालका प्रशासन प्रमुख दिपेश श्रेष्ठले बताए। बरु, चालू आर्थिक वर्षको अन्त्यतिर स्वास्थ्य मन्त्रालयले दुई थान भेन्टिलेटर खरिद गर्न तीन करोड रुपैयाँ बजेट विनियोजन गरेर पठाएको छ। संखुवासभामा कोरोना संक्रमितहरूको दर उच्च छ। तर, सुविधासम्पन्न उपचारको अभावमा महँगो हेलिकोप्टर शुल्क तिरेर बिरामीलाई विराटनगर वा काठमाडौं लैजानुपर्ने यहाँका बासिन्दाको बाध्यता बनेको छ।

### ■ कर्णाली प्रदेशका दुई ठूला अस्पतालमा मात्र भेन्टिलेटर प्रयोग

कर्णाली प्रदेशका १० वटा जिल्लामध्ये दुई जिल्लामा मात्र भेन्टिलेटर र आइसियू बेड प्रयोगमा आएका छन्। भेन्टिलेटर र आइसियू बेड चलाउने दक्ष जनशक्ति नहुँदा अन्य अस्पतालका बिरामी मर्कामा छन्।

कर्णालीका १० जिल्लामा भेन्टिलेटर र आइसियू बेड भए पनि कर्णाली प्रदेश अस्पताल सुर्खेत र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाले मात्र भेन्टिलेटर र आइसियू बेड सञ्चालन गरेको कर्णाली प्रदेश स्वास्थ्य सेवा निर्देशनालयका निर्देशक डा. रविन खड्काले बताए।

'कर्णालीमा भेन्टिलेटर र आइसियू बेड सञ्चालन गर्ने दक्ष जनशक्तिको अभाव छ,' उनले भने, 'त्यो चलाउन एक चरण स्वास्थ्यकर्मीलाई तालिम दिएका थियौँ, उहाँहरूले पनि चलाउन सक्नुभएन्।' इन्टरनल मेडिसिन र एनएस्थिसियोलोजिस्ट चिकित्सकको आवश्यक पर्ने भएका कारणले भेन्टिलेटर र आइसियू बेड सञ्चालनमा आउन नसकेको निर्देशक डा. खड्काले बताए।

कर्णाली प्रदेशमा भेन्टिलेटर र आइसियू सञ्चालन गर्न जम्मा ६ चिकित्सक रहेको निर्देशक डा. खड्काले जानकारी दिए। 'कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चार र कर्णाली प्रदेश अस्पताल सुर्खेतमा दुईजना चिकित्सकले भेन्टिलेटर र आइसियू बेड सञ्चालन गर्नुहुन्छ' उनले भने, 'अन्य जिल्लामा भेन्टिलेटर र आइसियू बेड चलाउने दक्ष जनशक्ति छैनन्।' कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा १५ र कर्णाली प्रदेश अस्पताल सुर्खेतमा आठवटा आइसियू भेन्टिलेटर छन्। कालिकोटको जिल्ला सदरमुकाम मान्ममा सञ्चालन गरिएको कोरोनाविशेष अस्पतालमा स्थापना गरिएका आइसियू र भेन्टिलेटर प्रयोगविहीन छन्। दक्ष जनशक्तिको अभावमा ती प्रयोगविहीन भएका हुन्।

कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय र संघीय सरकारको स्वास्थ्य आर्थिक सहयोगमा स्थापना भएका आठवटा सघन उपचार कक्ष (आइसियू) र चारवटा भेन्टिलेटर सञ्चालन हुन सकेका छैनन्। जिल्लामै सघन उपचार कक्ष (आइसियू) र भेन्टिलेटर भए पनि कोरोनाका जटिल बिरामीलाई जिल्लाबाहिर रिफर गर्नुपर्ने बाध्यता रहेको जिल्ला जनस्वास्थ्य सेवा कार्यालय कालिकोटले जनाएको छ। आइसियू कक्ष नियमित रूपमा सञ्चालन गर्न कम्तीमा एक-एकजना इन्टरनल मेडिसिन र बेहोस बनाउने डाक्टर (एनएस्थिसियोलोजिस्ट) आवश्यक पर्ने भए पनि सो जनशक्ति नहुँदा सञ्चालनमा आउन नसकेको जिल्ला जनस्वास्थ्य सेवा कार्यालय कालिकोटका सूचना अधिकारी गौरा घर्ती मगरले बताइन्। 'जिल्लामा सघन उपचार कक्ष र भेन्टिलेटर भए पनि कोरोनाका गम्भीर बिरामीलाई जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र सुर्खेतको प्रदेश अस्पतालमा पठाउनुपर्ने बाध्यता छ,' उनले भनिन्, 'दक्ष जनशक्तिको अभावले सञ्चालनमा ल्याउन समस्या भएको हो।'

### ■ डडेल्धुरा अस्पतालमा चारवटा मात्र सञ्चालनमा

डडेल्धुरा अस्पतालमा संघीय सरकारले पाँचवटा भेन्टिलेटर खरिद गर्ने रकम दिए पनि चारवटा मात्र खरिद गरिएको छ। ०७७ फागुनमा डडेल्धुरा अस्पतालले चारवटा भेन्टिलेटर खरिद गरेको र कोरोनाको दोस्रो लहरका वेला जडान भई सञ्चालनमा आएको निमित्त मेडिकल सुपरिटेन्डेन्ट जगदीशचन्द्र विष्टले जानकारी दिए।

स्वास्थ्य विभागले पाँचवटा भेन्टिलेटर खरिद गर्ने भने पनि अस्पतालले जनशक्ति अभावले चारवटा खरिद गरेको उनको भनाइ छ। डडेल्धुरामा कोरोनाको दोस्रो लहरका बेला स्वास्थ्य विभागले दिएको चारवटा भेन्टिलेटर सञ्चालनमा रहेको सुपरिटेन्डेन्ट विष्टले बताए। हाल अस्पतालमा एकजना एनेस्थेसिस्ट विशेषज्ञ छात्रवृत्ति करार कोटामा कार्यरत रहेको उनले बताए। एकजना मात्र एनेस्थेसिस्ट विशेषज्ञ भएकाले सबै भेन्टिलेटर सञ्चालनमा समस्या भएको उनको भनाइ छ। डडेल्धुरा अस्पतालमा दुइटा पोर्टेबल (एम्बुलेन्समा प्रयोग गर्ने सकिने), चारवटा ठूलो भेन्टिलेटर र १२ वटा आइसियू वाइम्यापसमेत सञ्चालनमा छ।

### ■ बाँकेमा महामारीपछि पाएका १६ मध्ये ६ मात्र सञ्चालनमा

भेरी अस्पताललाई प्राप्त १६ वटा भेन्टिलेटरमध्ये हाल सातवटा मात्र सञ्चालनमा छन्। अरू थन्किएका छन्। कोभिड महामारी सुरु हुनभन्दा पहिले बाँकेको भेरी अस्पतालमा चारवटा भेन्टिलेटर थिए। महामारीमा संक्रमितको संख्या बढ्न थालेपछि १६ वटा भेन्टिलेटर थपिएका थिए।

अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. प्रकाशबहादुर थापाका अनुसार प्रतिनिधिसभाका तत्कालीन सांसद मोहम्मद इस्तियाक राई र लुम्बिनी प्रदेश सरकारले दुई-दुई वटा भेन्टिलेटर अनुदानमा प्रदान गरेका थिए। नेपाल रेडक्रस सोसाइटी र स्वास्थ्य सेवा विभागले पनि एक-एकवटा भेन्टिलेटर अनुदानमा दिए। लुम्बिनी प्रदेश सरकारले उपलब्ध गराएको रकमबाट दुई र केन्द्र सरकारको बजेटबाट पाँच थान भेन्टिलेटर खरिद गरिएको अस्पतालका स्टोर शाखा प्रमुख अभिनाश गुप्ताले जानकारी दिए। तर, जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (डिसिएमसी) का अनुसार भेरी अस्पतालमा हाल १० वटा मात्र भेन्टिलेटर सञ्चालनमा छन्। पुराना चार र अनुदानमा आएका १६ मध्ये ६ गरी १० वटा भेन्टिलेटर सञ्चालनमा रहेका हुन्। अरु भेन्टिलेटर कहाँ छन् भन्ने टुंगो छैन।

# २६ दिनपछि आफ्नै खेतमा गाडेको अवस्थामा भेटियो सुजिताको शव

## हत्यामा संलग्न भएको आरोपमा श्रीमान् मुकेश ठाकुर र देवर रूपेश ठाकुर पक्राउ, ससुरा पतिराम ठाकुर फरार




रञ्जन भण्डारी/नयाँ पत्रिका
महोत्तरी, १३ असार

२६ दिनदेखि बेपत्ता भएकी महोत्तरीको लोहारपट्टी नगरपालिका-७ भ्रमरपुराकी सुजितादेवी ठाकुरको शव आफ्नै खेतमा गाडेको अवस्थामा आइतबार फेला परेको छ। उनी गत १९ जेठदेखि सम्पर्कविहीन भएकी थिइन्। २६ वर्षीया ठाकुरको शव माइती पक्षको सहयोगमा प्रहरीले फेला पारेको हो।

शव करिब ६ फिट गहिरो खाल्डोमा भेटिएको, शव गलाउन नुन, रासायनिक मल तथा केमिकल प्रयोग गरिएको प्रहरीले जनाएको छ। शव गाडेको माथि खेतमा धानको बेर्ना राखिएको थियो। ओछ्याउने कपडामा पोको पारेर शव गाडिएको र गलिसकेको अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डिएसपी प्रकाश विष्टले जानकारी दिए। शव पोस्टमार्टमका लागि जलेश्वर अस्पताल ल्याइए पनि पछि थप जाँचका लागि अन्यत्र पठाउन सकिने डिएसपी विष्टले बताए।

सुजिता हत्यामा संलग्न भएको आरोपमा प्रहरीले उनका श्रीमान् मुकेश ठाकुर र देवर रूपेश ठाकुरलाई नियन्त्रणमा लिएको छ। ससुरा पतिराम ठाकुर भने फरार रहेको प्रहरीले जनाएको छ। सुजिताको माइती पक्षले उनी हराएकै दिनदेखि हत्या गरिएको भन्दै पटक-पटक जाहेरी लिएर गए पनि प्रहरीले बेवास्ता गरेको आरोप लगाएको छ। महिला अभियन्ता गुञ्जा राय, ओरेक नेपालकी कार्यक्रम संयोजक लीला दियाली, सामाजिक अभियन्ता सरोज रायसमेतले सुजातादेवीको खोजीमा लाग्न प्रहरीलाई दबाब दिँदै आएका थिए। चौतर्फी दबाब र माइती पक्षकै अडानपछि प्रहरीले ठाकुरको खेतमा खाल्डो खनेर हेर्दा शव भेटिएको हो।

गत १९ जेठको बिहानै सुजाताको ससुरा र देवरसँग घरायसी झगडा भएको उनका बाबु पिपरा गाउँपालिका-६ रतौलीनिवासी कामेश्वर पाण्डेयले बताए। सोही दिन पतिराम ठाकुरले सम्धीलाई 'तपाईंकी छोरीले सुरुमा झगडा गरेको, तर केही समयपछि शान्त रहेको' भनी फोन गरेका थिए। तर, आफूले केही समयपछि छोरीसँग फोनमा कुरा गराइदिन भन्दा विभिन्न बहाना बनाउँदै नमानेको, दिउँसो फोन गर्दा 'तपाईंकी छोरी घर छाडेर कुनै केटासँग हिँडेको' भन्ने जवाफ पाएको पाण्डेयले जानकारी दिए। ठाकुर परिवारले सोही दिन आफ्नो खेतमा खाल्डो खनेको केही गाउँलेले देखेको र आफ्नी छोरीलाई हत्या गरेर सोही खाल्डोमा पुरेको हुन सक्ने आफूहरूले आशंका गर्दै आएको र त्यो सत्य भएको पाण्डेयको भनाइ छ। उनले आफ्नी छोरीको शव गाडेर माथिबाट धानको बेर्ना छरेकोसमेत बताए।

तीन सातासम्म पनि छोरीलाई खोज्ने क्रममा नभेटेको, विभिन्न व्यक्तिले तिम्री छोरीलाई मारिसके भन्ने खबर सुनाएपछि आफूहरू प्रहरीदेखि हरेक ठाउँमा धाइरहेको सुजिताका बाबु पाण्डेयले गुनासो पोखे। आरोपीमध्येका एक रूपेश ठाकुरले विदेशमा भएको आफ्नो जेठो छोरासँग ह्वाट्सएपमा तिम्री बहिनी मरिसकेको र उसको लाससमेत गलिसकेको बताएको भिडियो पठाएको र त्यो भिडियो प्रहरीलाई प्रमाणका रूपमा देखाउँदा प्रहरीले त्यसलाई प्रमाण नै नमानेको उनले दुःखेसो गरे।

# पुस्तकमा जथाभावी गर्ने विद्यालयका प्रिन्सिपल र पब्लिकेसनलाई स्पष्टीकरण

नयाँ पत्रिका
काठमाडौं, १३ असार

शिक्षा मन्त्रालयअन्तर्गतका निकायहरूले विद्यालय तहका पुस्तकमा अनधिकृत काम गर्ने विद्यालय र पब्लिकेसनलाई स्पष्टीकरण सोधेका छन्। पुस्तक छपाइ गर्ने सात पब्लिकेसनलाई पाठ्यक्रम विकास केन्द्र र विद्यालयका प्रिन्सिपललाई शिक्षा तथा मानव स्रोत केन्द्रले आइतबार स्पष्टीकरण सोधेको हो।

पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक अणप्रसाद न्यौपानेले अनधिकृत काम गर्ने सात पब्लिकेसनलाई पाठ्यक्रमले र विद्यालयका प्रिन्सिपललाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्पष्टीकरण सोधेको जानकारी दिए। उनका अनुसार स्वीकृति नलिई विद्यालय तहका लागि पुस्तक छपाइ गर्ने, मूल्यसूची कालो पोतेर मूल्य बढाउने, नेपाली माध्यममा पढाउनुपर्ने विषय अंग्रेजीमा अनुवाद गरी बिक्री-वितरण गर्ने पब्लिकेसनलाई केन्द्रले स्पष्टीकरण सोधेको हो। स्पष्टीकरण सोधिनेमा सञ्जीवनी, ओएसिस, एसबी, कोसेलीलगायत पब्लिकेसन छन्। यसअघि पनि केही पब्लिकेसनलाई केन्द्रले स्पष्टीकरण सोधेको थियो।

शनिबार केन्द्रीय अनुगमन समितिले काठमाडौंका विभिन्न पुस्तक पसलमा अनुगमन गरेको थियो। विद्यालय तहका पुस्तकमा कतै कालो पोतेर मूल्य बढाएको पाइएको छ भने केही विद्यालयले कलिला बालबालिकालाई पुस्तकको भारी बोकाएको र कतै स्वीकृति नै नपाएका पुस्तक पढाएको पाइएको थियो। कतिपयले नेपाली माध्यममा पढाउनुपर्ने पुस्तक अंग्रेजीमा छपाइ गरेरसमेत पढाएका छन्। कतिपय पब्लिकेसनले लिम्पियाधुरा, लिपुलेकलगायतका भूभाग समेटिएको नयाँ नक्सा नराखी पुरानै नक्सा राखेर पुस्तक बिक्री-वितरण गरेका छन्। केन्द्रले पाठ्यपुस्तक र पाठ्यसामग्रीहरू खरिद गर्दा नयाँ नक्सासहितका सामग्री भएको मात्र किन्न आग्रह गरेको छ।



कोरोनाविरुद्ध सचेतना
एक-अर्कामा संवाद गर्दा मास्क प्रयोग गरौँ





नयाँ पत्रिका सम्पादकीय

# स्वास्थ्य सेवामा पूर्वाधारको समस्या

जम्मा १८ दिन स्वास्थ्य मन्त्रालय सम्हालेर सर्वोच्चको आदेशले छुट्टी पाएका निवर्तमान स्वास्थ्यमन्त्री तथा एमाले नेता शेरबहादुर तामाङले जाँदाजाँदै सम्पूर्ण नेपालीलाई निःशुल्क स्वास्थ्य सेवा दिने तयारी थालेको बताएका थिए। सुन्नका लागि यो जति कर्णप्रिय लागे पनि हाम्रो स्वास्थ्य क्षेत्रमा विद्यमान पूर्वाधारको अहिलेको अवस्थाले यस्तो योजना सफल हुन निकै कठिन रहेको संकेत गर्छ। पछिल्लो समय कोरोना महामारीले हाम्रा पूर्वाधारका सीमाहरू भत्काइदियो। आइसियू, भेन्टिलेटर, अक्सिजन, बिरामीका लागि अस्पतालका शय्या व्यवस्थापनमा देखिएका समस्याले पनि त्यसलाई प्रमाणित गरे। कुनै पनि देशले महामारीकै लागि भनेर स्वास्थ्योपचारका लागि आवश्यक भौतिक संरचना तम्तयारी अवस्थामा लामो समय राखिरहेको हुँदैन। तर, यस्तो महामारीमा एकैपटक थपिन आउने बिरामीको चाप व्यवस्थापनका लागि आपत्कालीन व्यवस्था गर्ने क्षमता भने राज्यसँग हुनैपर्छ। तर, हामीकहाँ यसपालि त्यस्तो देखिएन। दोस्रो लहरसँगै देखिएको भौतिक पूर्वाधार अभावपछि विभिन्न दातृसंस्था, व्यक्ति र देशले पठाएका उपचारसम्बन्धी उपकरण अहिले विभिन्न अस्पताल र स्वास्थ्य कार्यालयका स्टोर र अन्यत्र पनि असरल्ल परेका छन्।



भेन्टिलेटर, अक्सिजन प्लान्ट र आइसियूका लागि आवश्यक सामग्री देशभित्र आइपुगे पनि त्यसलाई प्रयोग गर्न आवश्यक भवन, दक्ष प्राविधिक जनशक्तिलगायतको अभावले हाम्रो स्वास्थ्य सेवामा पूर्वाधार अभावको संकेत गरेको छ

भेन्टिलेटर, अक्सिजन प्लान्ट र आइसियूका लागि आवश्यक सामग्री आएर पनि त्यसलाई प्रयोग गर्न आवश्यक पर्ने भवन, उपकरण चलाउने दक्ष जनशक्तिलगायतको अभाव खट्किएको छ। यसले हाम्रो स्वास्थ्य सेवाको भौतिक तथा संस्थागत क्षमता उल्लेख्य रूपमा कमजोर रहेको देखाउँछ। अब हस्तक्षेप गर्नुपर्ने क्षेत्र यही हो।

पछिल्लो लामो समयदेखि सार्वजनिक अस्पतालहरूको स्तर वृद्धि गर्ने, आधुनिक उपकरण जडान गर्ने र दक्ष जनशक्तिको व्यवस्थापन गर्ने कार्यबाट सरकार तर्किँदै गएको थियो। प्रतिजनसंख्या विशेषज्ञता हासिल गरेका चिकित्सकको संख्या कम छ। लामो समयदेखि सरकारी अस्पतालहरूमा दरबन्दी थप गरिएको छैन। दुर्गम क्षेत्रमा उपचार सेवाको विस्तारका प्रयास नभएका होइनन्, तर त्यस्ता ठाउँमा विशेषज्ञ चिकित्सक कमै मात्र पुग्छन्। जे-जतिले त्यहाँ बसेर सेवा दिने गरेका छन्, तिनले अभाव र अप्ठेरोबीच मिहिनेत गरिरहेका छन्। सरकारले कमसेकम जिल्लास्तरका अस्पतालको स्तर वृद्धि गर्ने, विभिन्न विभागका विशेषज्ञ चिकित्सकलाई कम्तीमा दुई वर्ष यस्ता अस्पतालमा काम गर्न प्रोत्साहित गर्ने, चाहिनेजति दरबन्दी सिर्जना गरेर तत्काल भर्ना लिने, अत्यावश्यक जनशक्ति व्यवस्थापनका लागि आवश्यक परे सरकारी खर्चमा पढ्ने व्यवस्था गर्नेलगायत उपाय अवलम्बन गर्न सकिन्छ। उपचारमा तीनवटा आधारभूत पक्ष पूरा हुनुपर्छ, भवनलगायत भौतिक संरचना, उपचारका लागि आवश्यक पर्ने उपकरण र त्यसलाई चलाउने दक्ष प्राविधिक जनशक्ति। यीमध्ये कुनै एउटाको कमी हुनेबित्तिकै उपचार प्रभावित हुन्छ। जिल्लास्तरका अस्पतालले कमसेकम जटिल प्रकारका गर्भवतीको शल्यक्रिया गर्नेसम्मको क्षमता विकास गरे भने पनि नेपालमा उपचार प्रणालीले ठूलै फड्को मार्नेछ। अहिले सबै ठाउँमा विद्युतीकरण सम्भव भएको छ। अहिले पनि समस्या छ भने उपकरण र जनशक्तिकै हो। यी पक्षमा ध्यान नदिँदा अहिले भेन्टिलेटर र अक्सिजन प्लान्ट फाल्तु भएजस्तो देखिँदै छ। त्यसैले स्वास्थ्य सेवाका क्षेत्रमा जरैदेखि पूर्वाधार र संस्थागत क्षमता विकासमा ध्यान दिन ढिलो नगरियोस्।

# संवैधानिक सकस र मदन भण्डारी

## नेताहरूको नेतृत्व क्षमतामाथि गम्भीर प्रश्न खडा भएको आजको संगीन घडीमा भण्डारीको अभाव खट्केको छ



अग्रलेख

● रश्मि आचार्य

जतिवेला सोभियत रुसको समाजवादी सत्ता गल्र्यामगुर्लुम ढलेर विश्वबाट कम्युनिस्ट विचार समाप्त भयो भनेर एकोहोरो धुन बजिरहेको थियो, ठीक त्यही वेला मदन भण्डारीको अगुवाइमा नेपालका कम्युनिस्टहरू मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकास गर्न तल्लीन थिए। संविधानको सर्वोच्चता, विधिको शासन, बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली, मानवअधिकारको रक्षा, बहुलवादी खुला समाज, आवधिक निर्वाचन, बहुमतको सरकार अल्पमतको विपक्षजस्ता विशेषता समावेश गरेर तत्कालीन एमालेमा मदन भण्डारीले जनताको बहुदलीय जनवाद (जबज) को मार्गचित्र प्रस्तुत गर्नुभएको थियो। सुरुमा कार्यक्रमका रूपमा पार्टीले अपनाएको जबज पछि सिद्धान्तका रूपमा विकास भएको निष्कर्ष एमालेले निकालेको थियो।

वास्तवमा तत्कालीन समयमा संविधानको सर्वोच्चता, बहुलवादी खुला समाज र प्रतिस्पर्धामा श्रेष्ठताको अवधारणा अगाडि सारेर कम्युनिस्ट आन्दोलनको लोकतान्त्रीकरणको एजेन्डा अँगाल्नु कम जोखिमको विषय थिएन। मदन भण्डारीले दूरदृष्टिसाथ यसरी जबजको रोडम्याप बनाउँदै गर्दा एकातर्फ केही कम्युनिस्ट घटक यस बाटोलाई वर्ग समन्वयवादी विसर्जनको बाटो भनेर आलोचना गर्दै थिए भने अर्कातर्फ पुँजीवादपन्थीहरूचाहिँ भण्डारीलाई नक्कली कुरा गरिरहेको आक्षेप लगाइरहेका थिए। कम्युनिस्टहरू लोकतन्त्रवादी हुनै सक्दैनन् भनेर उनीहरूले गोयबल्स शैलीमा डंका पिटिरहेका थिए। त्यस्ता कुप्रचारबाट भण्डारी विचलित र उत्तेजित नभई कम्युनिस्ट आन्दोलनलाई नयाँ शिरा र उचाइमा पुऱ्याउने पथमा अविश्राम अविचलित तवरले लाग्नुभयो। अनेकौँ कोणबाट फैलाइएका दूषित अफवाहलाई चोटिलो जवाफ दिँदै आमजनतामाझ एमालेलाई लोकप्रियताको शिखरमा पुऱ्याउन मदनकै अगुवाइ र साहसिक कदम कोसेढुंगा सावित भयो। तीमध्ये ०४७ को संविधानमा मदनले राखेका आलोचनाका २७ बुँदा पहिलो खुड्किलो बनेर दर्ज भयो।

ती २७ बुँदाको संक्षेपीकरणलाई यसरी उल्लेख गर्न सकिन्छ- सार्वभौमसत्ता जनताको हातमा रहेको स्पष्ट किटान हुनुपर्छ। एउटा व्यक्ति अर्थात् राजा राष्ट्रियता र जनएकताको प्रतीक हुन सक्दैन। ऊ संविधानको एकल संरक्षणकर्ता हुन सक्दैन। सार्वभौम अधिकार भएका जनता मात्र त्यसका संरक्षक हुन सक्छन्। राजा पूर्ण रूपमा संविधानमातहत हुनुपर्छ। राजा र राजपरिवारको सम्पत्तिमा पनि नागरिकसरह कर लाग्ने व्यवस्था गरिनुपर्छ। राजाका तजबिजी र विशिष्ट अधिकार पूर्णतः हटाइनुपर्छ। राजाले संविधानविपरीत काम गरेको खण्डमा महाभियोग लगाउन पाइने अधिकारको व्यवस्था गरिनुपर्छ। देश धर्मको सवालमा निरपेक्ष हुनुपर्छ। सबै भाषालाई समान व्यवहार गर्न नेपाली भाषालाई राजकीय वा सरकारी कामकाजको भाषा मात्र मान्नुपर्छ। 'श्री ५' हटाएर नेपाल सरकार भन्ने व्यवस्था हुनुपर्छ। शाही सेना भनिएको ठाउँमा नेपाली सेना भन्ने व्यवस्था हुनुपर्छ। सरकारी सार्वजनिक संस्थान र निकाय सबै ठाउँमा रहेको शाही शब्द हटाउनुपर्छ। संविधान सर्वोपरि हुनुपर्छ। संविधानको स्रोत जनता हुनुपर्छ। सेना र प्रहरीशक्ति जनप्रतिनिधिसभाको हातमा हुनुपर्छ। संविधानमा देशका सबै जाति, भाषा, धर्म र संस्कृतिको पूर्ण समानताको ग्यारेन्टी गरिनुपर्छ। मौलिक अधिकारको निर्बाध ग्यारेन्टी गरिनुपर्छ जस्ता कैयौँ जनसवाल भण्डारीले बहुतै सचेततापूर्वक सूत्रबद्ध गर्नुभएको थियो।

भण्डारीले सूत्रबद्ध गरेका ती बुँदा पन्ध्र वर्ष नपुग्दै सिंगो देशका एजेन्डा बन्न पुगे। हिंसात्मक संघर्षमा रहेको माओवादीलाई शान्तिपूर्ण धारमा ल्याउने र राजालाई शासनसत्ताबाट सदाका लागि विधिवत् बिदा गर्ने आधार यिनै मुद्दाले तयार गरे। एक दशकमै उहाँको विचारधारा सही थियो भन्ने तथ्य अनेक कोणबाट प्रमाणित भयो। ०६२/६३ को जनआन्दोलनलाई निर्देशित गर्ने मूल विचारधारा र २०६३ जेठ ४ को संसदीय घोषणा त्यही २७ बुँदेको प्रकाशमै अगाडि बढ्यो। यसर्थ, नेपालको राजनीतिक इतिहासमा नेपाली म्याग्नाकार्टाको सूत्रधारका रूपमा भण्डारीलाई चित्रित गर्नु अतिशयोक्ति हुँदैन। अन्ततः त्यही म्याग्नाकार्टाको जगमा टेकेर देशले परिवर्तनको फड्को माऱ्यो।

तथ्यले भन्छ, मदन भण्डारीले दर्ज गरेका आलोचनाका २७ बुँदाले आमजनतामा चेतना जागृत गर्न र परिवर्तनका लागि परिस्थिति परिपक्व बनाउन उत्प्रेरकको काम गऱ्यो। जनतामा जागृत सचेतना, त्यसको जगमा उठेको ०६२/६३ को जनआन्दोलन, जनआन्दोलनले जगाएको संसद्, संसद्ले बनाएको अन्तरिम संविधान, अन्तरिम संविधानअनुरूप भएको संविधानसभाको निर्वाचन, संविधानसभाको पहिलो बैठकबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा र संविधानसभाले ०७२ मा निर्माण गरेको संविधानलाई खण्ड-खण्डमा अलग्याएर हेर्न मिल्दैन। यी सबै घटनाक्रमलाई क्रमबद्धतामा र अभिन्न अंगका रूपमा हेरिनुपर्छ। यसर्थ, नेपालको संविधान ०७२ को प्रस्थानबिन्दुका रूपमा ०४७ मा मदनले राखेका आलोचनाका २७ बुँदालाई मान्न सकिन्छ भने यसको अधिकतम उचाइको बिन्दु भनेको संविधानमा उल्लिखित समाजवादको लक्ष्यलाई लिन सकिन्छ। तर, दुःखद पक्ष जनताका यिनै युगीन उपलब्धिमाथि वर्तमान समयमा फेरि एकपटक तरबार झुन्डिएको छ।

संविधानको प्रस्तावनामा उल्लेख भएको बहुदलीय लोकतान्त्रिक शासन प्रणाली र शासकीय स्वरूपमा समाविष्ट संसदीय शासन प्रणालीलाई

सन्दर्भ : ७०औँ मदन भण्डारी जयन्ती



> संविधान र व्यवस्थाको क्षयीकरणको मात्रा थपिँदै जाँदा मदन भण्डारीको बिरासत किमार्थ जोगिन सक्दैन। भण्डारीको बिरासत जोगाउने वा भत्काउने, एमाले नेतृत्वले शीघ्र फैसला गर्न आवश्यक छ।

कमजोर बनाउने दुष्कर्म यतिवेला अनेक कोणबाट चलिरहेको छ। खासगरी संसदीय शासन प्रणालीको मर्मविपरीत दलको समर्थनबाहिरबाट सरकार बनाउन निर्दलीय सांसदको अभ्यास गरेर एकातिरबाट प्रणालीमाथि प्रहार गर्न खोजिएको छ भने अर्कातर्फबाट 'राष्ट्रपतिभन्दा राजा ठीक' भन्ने अभिव्यक्ति दिएर वर्तमान संविधानको मूल धमनीमै आक्रमण गरिएको छ। त्यति मात्र होइन, शक्ति पृथकीकरणको मान्यताविपरीत न्यायालयबाटै प्रधानमन्त्री जन्माउन माग गरेर न्यायालयलाई नै सीमा अतिक्रमणका लागि आह्वानसमेत गरिएको छ। सर्वोच्च अदालतका फैसलासमेत विवादको घेरामा क्रमशः तानिँदै जानुले संशयका आधार फैलिँदो छ। व्यवस्थापिका महिनौँसम्म किंकर्तव्यविमूढ हुनु, कार्यपालिका डेढ वर्षदेखि अस्थिरताका पक्षपोषकहरूको स्वार्थको चक्करमा पर्नु र न्यायपालिका हरेक सवालमा हाबी हुनु संविधानको दीर्घजीवनका लागि अनिष्टका सूचक हुन्। यसरी अनिष्टका सूचकहरू बढ्दै जाँदा संविधान र प्रणालीमाथि धाबा बोल्ने गौँडो ढुकेर बसेकाहरू नै हौसिने अवस्था सिर्जना भएको छ। यसकारण, आमजनता यस्ता प्रतिगमनकारी प्रवृत्तिप्रति सचेत हुन आवश्यक छ।

आजको दिनमा प्रतिगमनका बाहक ती हुन्, जो संविधान र प्रणाली भत्काउन चाहन्छन्। गणतन्त्रको प्रतीक राष्ट्रपतिमाथि हिलो छ्यापेर बरु राजा नै ठीक भनेर वकालत गर्दै छन्। संसद्भित्र दल सकिए, सांसद मात्र जीवित छन् भन्ने पक्षपोषण गर्दै छन्। सर्वोच्च अदालतबाटै प्रधानमन्त्री घोषणाको माग गर्दै छन्। त्यति मात्र होइन, यी सबै घटनाक्रम केलाउँदा कतै दोस्रो खिलराज जन्माएर बाँकी काम फत्ते गर्ने गुरुयोजना त पर्दाभित्र बनेको छैन ? भन्ने संशय खडा गर्दै छन्। किनकि यी सबै घटना वर्तमान संविधानको खिलाफमा छन्। त्यसैले यतिवेला को सत्तामा रहने वा नरहने भन्ने प्रधान सवाल हुँदै होइन। प्रधान सवाल त संविधान र त्यसले अंगिकार गरेको प्रणाली कसरी जोगाउने र यसलाई आमजनताको हितअनुकूल कसरी सुदृढ गर्ने भन्ने नै हो। यसकारण संविधान र प्रणालीसँग कुनै अमुक व्यक्ति वा दलको तुलना हुनै सक्दैन।

त्यसैगरी बहुदलीय व्यवस्था र लोकतान्त्रिक प्रणालीका मुख्य संवाहक दलहरू नै हुन्। दलभन्दा बाहिरबाट अभ्यास गरेर बहुदलीय व्यवस्था र लोकतान्त्रिक प्रणाली बलियो बन्छ भन्नु शतप्रतिशत उल्टो बाटो हिँड्नु हो। एउटा दलको विकल्प अर्को दल हुन सक्छ, तर दलको विकल्प गैरदल वा निर्दल हुनै सक्दैन। बहुदलीय व्यवस्था र लोकतान्त्रिक प्रणालीमा दलको विकल्प खोज्नु भयानक दुर्घटना निम्त्याउनु हो। हाम्रा दल र नेताहरू कतै यस्तै भयानक दुर्घटनाका कारक त बन्दै छैनन् ? यतिवेलाको पेचिलो प्रश्न नै यही हो। नेताहरूको नेतृत्व क्षमतामाथि गम्भीर प्रश्न खडा भएको यस संगीन घडीमा यस्ता कठिन मोडहरूमा स्पष्ट दिशानिर्देश गर्न सक्ने मदन भण्डारीको अभाव यसकारण पलपलमा खट्किरहेको छ।

मदन भण्डारीका उत्तराधिकारीका रूपमा एमालेको नेतृत्व गरेका माधव नेपाल र आफूलाई जबजको कट्टर हिमायती ठान्ने केपी ओलीबीचको नेतृत्व टकराव, त्यही जगमा एमालेभित्र झाँगिँदो विग्रहकारी विवाद, उक्त विवादको कारण राष्ट्रिय राजनीतिमा गहिरिँदो संकट र सोही विवादलाई उपयोग गरेर क्षणिक स्वार्थपूर्ति गर्ने चाहनाबीच फ्युजन भएका कारण संवैधानिक सकस सिर्जना भएको विषय अब लुकेको छैन। यसर्थ, भण्डारीका उत्तराधिकारीबीचको एकता अर्थात् एमालेभित्रको एकता विद्यमान संकट निवारणको पहिलो तथा आधारभूत सर्त हो। संसद्को सबैभन्दा ठूलो दलको हिसाबले पनि एमाले एकढिक्का हुँदा त्यसले संविधान र प्रणाली जगेर्नामा निर्णायक अर्थ राख्छ। यो सच्चाइ स्विकार्न जति ढिलाइ गरिनेछ, संविधान र व्यवस्थाको क्षयीकरणको मात्रा थपिँदै जाने निश्चित छ। त्यो क्षयीकरणले मदन भण्डारीको बिरासत किमार्थ जोगिन सक्दैन। मदन भण्डारीको बिरासत जोगाउने वा भत्काउने एमाले नेतृत्वले शीघ्र फैसला गर्न जरुरत छ।

हाम्रो संविधानलाई गहिरिएर हेऱ्यो भने यसका प्रत्येक पानामा मदन भण्डारीका कालजयी विचार संग्रहित छन्। जनअधिकारका कोणबाट हेर्दा हाम्रो संविधान विश्वका उत्कृष्टमध्ये पर्छ भनी वकालत गरिएको छ। यद्यपि यसको व्यावहारिक प्रयोग सुरु भएको बल्ल आधा दशक भएको छ। कार्यान्वयमा जाँदै गर्दा यसका सबल र दुर्बल पक्ष थप उजागर हुँदै जाने नै छन्। तर, कार्यान्वयनको आधा दशकमै यस खालको संवैधानिक सकस पैदा हुनु ज्यादै विडम्बनापूर्ण अवस्था हो। भण्डारीले भनेझैँ यदि संविधान, संविधानको हिसाबले मात्रै रह्यो भने त्यसको केही पनि मतलब हुँदैन। जनताको जीवनका निम्ति त्यसको मतलब हुनुपर्छ। जनताको दैनिकी सुधार्न र जीवनयापनमा आमूल परिवर्तन ल्याउन संविधान सफल भयो भने मात्रै यो जनताको अमूल्य सम्पत्ति बन्न सक्छ। संविधानको प्रस्तावना र धारा ४ को उपधारा १ मा नेपाल राज्यबारे अबको नेपालको यात्रा समाजवाद भनेर स्पष्ट उल्लेख भएको छ। त्यसैले अब सबै दलहरूको अर्जुनदृष्टि विद्यमान संकट शीघ्र निरूपण गरी कसरी समाजवाद निर्माण गर्न सकिन्छ भन्ने युगीन महत्वको सवालमा केन्द्रित हुनैपर्छ। संविधानलाई असंशोधनीय जड वस्तुका रूपमा होइन, गतिशील अर्थमा बुझ्नुपर्छ। यसो हुन सक्यो भने मात्रै संविधानमा भण्डारीले गरेको ठोस योगदानलाई आत्मसात् गरेको ठहरिनेछ।

अमेरिकाबाट प्रकाशित हुने न्युजविकले मदन भण्डारीको अन्तर्वार्ता छाप्दै 'नेपालमा कार्लमार्क्स जीवित छन्' भनेर शीर्षक बनायो। भण्डारीलाई उसले सो उपमा दयाभावले पक्कै पनि दिएको होइन। विचारको ओझ नै त्यसको मूल कारण हो। उनै भण्डारीले नेपाल र नेपालीबीच बाँडेको विचारको बिउपुँजीलाई विस्तार गर्दै समृद्धिको ढोका खोल्नु नै आजको मुख्य कार्यभार हो।

संविधानमा लेखिएको समाजवादको लक्ष्य नै अबको नेपालको निर्विकल्प रोडम्याप हो। त्यही रोडम्यापमा दृढ रहेको स्पष्ट भिजन, मिसन र एक्सनसहितको नेतृत्व नेपालको खाँचो हो। जनताका मुर्छित सपनालाई समृद्धिमा परिणत गर्ने साहस भएको मदनजस्तै कुशल जननेता नै समयको माग हो।

@RASHMIACHARYA1

# डेरेक चोभिनको सजायपछि आराम गर्ने छुट छैन

## जर्ज फ्लोयडको हत्यापछि अमेरिकाले जति प्रगति गरेको भए पनि अझै धेरै काम गर्न बाँकी छ भन्ने देखिएको छ



देश/विदेश

● इलियट विलियम्स

शुक्रबार डेरेक चोभिनले २७० महिना अर्थात् साढे २२ वर्षको सजाय पाएपछि अमेरिकी इतिहासको एक अध्यायको अन्त्य भयो। अदालतले चोभिनलाई जर्ज फ्लोयड हत्याका लागि सो सजाय सुनाएको थियो। शुक्रबारको सुनुवाइले चोभिनको मुद्दालाई सांकेतिक टुंगोमा पुऱ्याएको र मुद्दालाई पूर्ण रूपमा अन्त्य गर्ने उपाय दिएको छ। तर, मलाई भने निर्णयपछि अब हामीले सबै सुल्झिएझैँ आराम गर्ने अवसर पाएजस्तो लागेको छैन।

फैसलापत्रमा 'कुनै पनि सजायले चोभिनको कदमले पुऱ्याएको क्षतिको पूर्ति नहुने' भनिएको छ। साथै, कुनै एउटा आपराधिक घटनाको फैसलापछि एक समुदायप्रति अपराध गर्दै आएको मुलुकले उन्मुक्ति पाउँदैन। सिएनएनको कानुनी विश्लेषक भएकाले मैले यस घटनालाई सुरुदेखि नजिकबाट हेर्दै आएको छु। एक अश्वेत अमेरिकी भएकाले यस सुनुवाइमा मेरो व्यावसायिक भूमिकाभन्दा पर पनि अलग लगाव रह्यो। फ्लोयडको हत्याले अश्वेत अमेरिकीले दैनिक जीवनमा भोग्नुपर्ने नश्लवाद र असमान आपराधिक न्यायिक प्रणालीलाई पुनः स्मरण गराइदियो। यस सामुदायका सदस्यका लागि सामान्य गल्ती पनि कसरी प्राणघातक हुन्छ भन्ने एक प्रतिनिधि घटना थियो, फ्लोयडको हत्या। फ्लोयडको हत्याको प्रतिक्रियामा देशव्यापी विरोध प्रदर्शन भयो। अश्वेतबाहेक समुदायका मानिसले पनि यसपटकको विरोध प्रदर्शनमा सहभागिता जनाए। यसबाट मलाई एकैपटक राहत तथा दिक्दारीको अनुभव भएको थियो। अश्वेत अमेरिकीले प्रहरीबाट भोग्नुपर्ने ज्यादतीको विरोधप्रति देखिएको आमसमर्थनले राहत अनुभव भएको थियो। तर, यति ठूलो नश्लीय विभेदप्रति अति ढिलो गरी मानिसमा होस आयो भनेर चाहिँ दिक्दारीको अनुभव भयो।

फ्लोयड हत्यापछिका १३ महिनामा भएका सार्वजनिक बहस र न्यायिक सुनुवाइपछि मैले केही निचोड निकालेको छु। पहिलो, चोभिनको सजायले मलाई युवाकालीन वकालतका दिनमा दोहोऱ्याइने 'न्याय' सापेक्षिक अवधारणा हो भन्ने उक्ति स्मरण गरायो। मलाई 'जर्ज फ्लोयडको न्याय'को मागप्रति नै असहज महसुस हुन थालेको थियो।

> जर्ज फ्लोयड हत्याको मुद्दाबारे जेजति तथ्य प्रकाशमा आएका छन्, तिनको सांस्कृतिक अर्थको हिसाबमा साढे २२ वर्षको सजाय के साँच्चै 'न्यायपूर्ण' छ ?

सुनुवाइमा फ्लोयडकी सात वर्षीया छोरी गियानाको हृदयविदारक बयानपछि कुनै पनि सजायले छोरीलाई उनका पिता फिर्ता दिलाउँदैन भन्ने स्मरण गरायो। मुद्दाबारे जेजति कुरा प्रकाशमा आएका छन्, तिनको सांस्कृतिक अर्थको हिसाबमा साढे २२ वर्षको सजाय 'न्यायपूर्ण' छ ? मिनिसोटाको कानुन र दण्डसजाय संहितामा कानुनी रूपमा प्रतिरक्षा गर्न सकिने सजायहरू उल्टिन सक्छन्। दोस्रो, अन्य हत्याको मुद्दाले जस्तै यो मुद्दाले पनि मानव शरीर कति जटिल र नाजुक हुन्छ, भन्ने तथ्यको स्मरण गरायो। मेरो वकालत अभ्यासको अन्तिम मुद्दाका रूपमा सन् २००६ मा मैले हत्यासम्बन्धी मुद्दा हेरेको थिएँ। त्यसयता डेरेक चोभिनको मुद्दासम्म आइपुग्दा पीडितको हत्या भएकै हो भन्ने देखाउने मुख्य आधार प्रमाण हो भन्ने बिर्सिएको रहेछु। मेरा लागि चोभिनको मुद्दाको क्रममा भएका अदालती बयानको सबैभन्दा रोचक पक्ष कानुनी रूपमा सबैभन्दा निरस बयानहरू रहे। छातीरोग विशेषज्ञ डा. मार्टिन टोबिनले फ्लोयडको हत्याका कारणबारे बोल्दै सास रोकिने प्रक्रिया र फोक्सोको आकारबारे दिएको प्राविधिक पक्षबारे बोलेका थिए। यो बयान फ्लोयडको हत्या नै भएको थियो भन्ने देखाउनका लागि भन्न आवश्यक थियो। तर, चोभिनले फ्लोयडको घाँटीमा लामो समयसम्म घुँडाले थिचेपछि उनको ज्यान गएको भिडियो नै उपलब्ध छ। यत्तिले नपुगेर विभिन्न प्रमाण खोज्नुपर्ने अवस्थाले पूर्ववकिल भएर पनि मलाई चित्त बुझाउन कठिन भइरहेको थियो।

शताब्दीऔँदेखिको नश्लवाद, वर्गीय विभेद र प्रहरी व्यवहार भोगेको समुदायका एक निर्दोष व्यक्तिको हत्याका प्रमाणका लागि विज्ञानले गर्ने प्राणहीन पोस्टमार्टममा निर्भर हुनुपरेको थियो। अर्थात् सम्पूर्ण सुनुवाइ व्यक्ति जर्ज फ्लोयडको भन्दा जर्ज फ्लोयडको शवमा गएर संकुचित भएको थियो। अन्त्यमा, सम्पूर्ण सुनुवाइको क्रममा मैले आफू संलग्न दुई व्यावसायिक दुनियाँ मिडिया र कानुनमा सफलता हासिल गर्नका लागि व्यक्तिगत तटस्थता कति पीडादायी हुने कुरा बुझेँ। व्यक्तिगत रूपमा छोइने घटनामा दूरी कायम गर्न कठिन हुन्छ। हुन त कानुनी विश्लेषकका रूपमा मलाई मेरा काममा मेरा पत्रकार मित्रलाई भन्दा बढी व्यक्तिगत अनुभव मिसाउने छुट हुन्छ। तर, जर्ज फ्लोयडजस्तो अत्यन्त व्यक्तिगत तथा दुःखद घटनामा कुनै पनि दूरी कायम गर्नु अत्यन्त चुनौतीपूर्ण हुने रहेछ। चोभिनको सजायको फैसलासँगै जर्ज फ्लोयडको हत्या र त्यसले निम्त्याएको नश्लीय चेतनाले एउटा निष्कर्ष पाएको छ। तथापि जर्ज फ्लोयडको हत्यापछि अमेरिकाले जति प्रगति गरेको भए पनि अझै धेरै काम गर्न बाँकी छ भन्ने देखिएको छ।

*(विलियम सिएनएनका कानुनी विश्लेषक हुन्)*
*सिएनएनबाट*

प्रेरक प्रसंग

# हावा चलेपछि म सुत्छु

धेरै पहिले उत्तरी आइसल्यान्डमा एक किसान बस्थे। उनलाई आफ्नो खेतीमा सघाउने एकजना मजदुरको निकै खाँचो थियो। तर, प्रायः आँधी आइरहने सो स्थानमा काम गर्न कोही पनि तयार हुँदैनथ्यो। किसानले एक दिन एक स्थानीय पत्रिकामा मजदुर आवश्यकता परेकोबारे विज्ञापन छपाए। विज्ञापन हेरेर धेरै मानिस आए। तर, त्यहाँको अवस्थाबारे थाहा पाएपछि भने कोही पनि काममा बस्न तयार भएनन्। अन्तिममा एक दुब्लो, पातलो मानिस किसानकहाँ आइपुगे। किसानले त्यहाँको सबै अवस्थाबारे बताए। ती मजदुर काममा बस्न तयार भए। उनले भने- म काममा बस्न तयार छु। तर, जब हावा चल्छ, तब म सुत्नेछु।

किसानले सहमति जनाए। मजदुरले काम सुरु गरे। उनी निकै मिहिनेती थिए। काममा कुनै गुनासो गर्नुपरेन। एक रात अचानक तीव्र गतिमा हावा चल्न थाल्यो। किसानले अब छिटै तुफान आउने अनुमान लगाए। उनी हतार-हतार मजदुरकहाँ पुगे। मजदुर मस्त निदाइरहेका थिए। उनले मजदुरलाई उठाएर घेतमा काटेर थुपारिएको अन्न राम्ररी त्रिपालले छोपछाप गर्न, गाईलाई गोठमा राम्ररी बन्द गर्न, तबेलाको ढोका राम्ररी बन्द गर्न र हाँस, कुखुरालाई खोरमा राम्ररी थुनेर राख्न अह्राए। तर, मजदुरले भने- माफ गर्नुहोला हजुर हावा चलेपछि म त उठ्दिनँ, सुत्छु।

संकटको समयमा मजदुरको उत्तर सुन्दा किसानलाई तत्काल गोली हानेर उनको हत्या गरिदिऊँ जस्तो रिस उठ्यो। उनी मुर्मुरिँदै एक्लै खेतमा पुगे। तर, त्यहाँ त काटिएको अन्नलाई पहिल्यै त्रिपालले राम्ररी बलियोसँग छोपिएको थियो। गाईवस्तुको गोठ र तबेलाका ढोका पनि राम्ररी बन्द गरिएका थिए। हाँस, कुखुरा पनि पहिल्यै खोरमा आरामले बसिरहेका थिए। यो सब देखेपछि किसानले बल्ल मजदुरको 'हावा चलेपछि म सुत्नेछु' भन्ने भनाइको अर्थ बुझे। संकट आउनुअघि नै राम्ररी काम गर्ने हो भने संकटको समयमा निश्चिन्त भई आरामले सुत्न पाइने रहेछ भन्ने उनले बुझे।

टिप्पणी

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrika.com
nayapatrikaofficial
@naya_patrika

## पाण्डेको मननीय लेख

मिलन पाण्डेजीलाई धेरै-धेरै धन्यवाद ! फरक पार्टीका नेता भएर पनि महत्वपूर्ण, समयसापेक्ष र स्वर्ण सुझाव दिनुभएकोमा। म पनि यही चाहन्छु र सायद शतप्रतिशत नेपाली पनि यही चाहन्छन् होला। अब नेतृत्व लोभिपापी बन्नु हुँदैन। समयको आवश्यकता फेरिएको यथार्थ आभास गराइदिनुभएको छ। तर, उनको विचारमा के छ, हनुमान्हरू के भन्छन्, के सुझाउँछन्, त्यो विवेक आमडडेल्धुरावासी जनताका जनप्रतिनिधिको भावनाको कदर गरेर त्याग गर्ने कि नगर्ने, देउवाकै हातमा छ।

● **टेकराज अवस्थी**
www.nayapatrikadaily.com बाट

हातका दसै औँलामा ज्योतिषबाट प्रेरित औँठी लगाउने देउवाले यो लेख पढे बेस ! नत्र भालुलाई पुराण !

● **गजेन्द्रमान श्रेष्ठ**
www.nayapatrikadaily.com बाट

## युवानेताले 'गणेश प्रवृत्ति' त्याग्नुपऱ्यो।

शेरबहादुर देउवाले छोड्नुपर्छ भन्ने आग्रह राम्रो हो। तर, युवापुस्ता नेतृत्व लिन दौराको फेर समाएर अघिपछि गर्दै 'गणेश-परिक्रमा' गर्नेभन्दा आफ्नो सामर्थ्यले नेतृत्व लिन तयार र सामर्थ्यवान् भएको हेर्न र त्यसमा साथ दिने पो इच्छा छ। छ कोही तयार ?

● **प्रह्लाद खनाल**
www.nayapatrikadaily.com बाट

मिलन पाण्डेद्वारा लिखित 'शेरबहादुर देउवाज्यू, अब पार्टी नयाँ पुस्तालाई सुम्पिनुहोस्' शीर्षकको लेख सही लाग्यो। कांग्रेसजस्तो पुरानो र गौरवमय पार्टीमा लामो समयसम्म खारिएर राजनीति गरेका नेताहरू नेतृत्वका लागि प्रायः सबै सक्षम हुनुहुन्छ। लामो कालखण्डमा एकसेएक नेताहरू तयार भइसकेका छन् र हुनु पनि पर्छ,, यदि पार्टीलाई जीवन्त राख्ने हो भने। मानिस सर्वगुण सम्पन्न हुन्न र हुन सक्दैन। सबैमा केही न केही कमजोरी अवश्यै होलान्। केही न केही कमजोरी हुनु स्वाभाविक नै हो। हाम्रा नेताहरूमा पनि यो नियम लागू हुन्छ नै। बिपी कोइरालाले भनेझैँ नेताहरूले पनि नेपाल धर्तीको एक चिम्टी माटो समाएर आ-आफ्नो आत्मसमीक्षा गर्नुहोस्। आफूले गरेका गल्तीहरू केलाएर त्यसलाई सच्याउनुहोस् अनि एउटै थलोमा जुट्नुहोस्। वर्तमान समयमा कोको पार्टी नेतृत्वमा जाने, कोको सरकारको नेतृत्वमा जाने, तपाईंहरू आफैँले निर्णय लिनुहोस्। हामी शुभचिन्तकले पनि नेतृत्वमा जाने नेताहरूलाई चयन गर्दा हाम्रो मान्छे होइन, राम्रो मान्छेलाई चयन गरौँ।

● **मुक्तिप्रसाद ढकाल**
www.nayapatrikadaily.com बाट

## महाभियोगको परिकल्पना किन ?

के ऐन-नियम, कानुन र संविधानमा कुनै पनि प्रावधान विनासोचविचार हचुवाका आधारमै राखिन्छन् हो ? त्यो राख्नुका पछाडि कुनै उद्देश्य वा परिकल्पना हुँदैन ? छलफल र बहस गरिँदैन ? संसद् विघटनसम्बन्धी अहिले अदालतमा चलिरहेका मुद्दाको यक्ष प्रश्न हो यो। संविधानको कुनै धारा उपधारामा केही विशेष व्यवस्था राखिएको छ भने त्यसको विशेष अर्थ र उद्देश्य हुन्छ नै। नेपाल अधिराज्यको संविधान २०७२ मा लेखिएको राष्ट्रपतिलाई पनि माहाभियोग लगाउन सकिने प्रावधान र धारा ७६ को उपधारा ५ को पनि एउटा निश्चित र निहित उद्देश्य छ। यतिखेर त्यो उद्देश्य खोज्नु सर्वोच्चका न्यायमूर्तिहरूको दायित्व हो। २०४७ को संविधानमा संवैधानिक राजतन्त्रको व्यवस्था थियो। त्यसमा संवैधानिक राजाले गल्ती गर्दैनन् भन्ने मान्यता बोकिएको थियो। त्यही परिकल्पनाका आधारमा संवैधानिक राजामाथि महाभियोगको प्रावधान राखिएको थिएन। तर, अहिलेको संविधानमा राष्ट्रपतिले पनि गल्ती गर्न सक्छन् र गल्ती गरे उनी पनि महाभियोगको भागीदार बन्नुपर्छ भन्ने परिकल्पना गरियो।

नभन्दै वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले नियोजित रूपमा एकपछि अर्को गल्ती गर्दै झन्डै आधा दर्जन ठूला गल्ती गरिसक्नुभयो। उहाँबाट अनुमोदित थुप्रै अध्यादेश अदालतले धमाधम खारेज गरिदिइसक्यो। संसद् विघटन एकपल्ट उल्टाइसक्दा पनि पुनः दोहोऱ्याएर विघटन अनुमोदन गरियो। त्यसका लागि न कानुनविज्ञ बोलाई छलफल गरेको देखियो, न त मुख्य राजनीतिक पार्टीसँग परामर्श नै गरियो। संविधानको मूल्य-मान्यताविपरीत सरकारबाट भएका सिफारिसमा राष्ट्रपतिलाई पुनः एकपल्ट विचार गर भनेर मन्त्रिपरिषद्लाई लेखी फिर्ता पठाउने अधिकार छ। तर, त्यसको प्रयोग कहिल्यै गरेको देखिएन। कुनै बाह्य युद्ध वा गृहयुद्ध नभएको अवस्थामा पनि राष्ट्रपतिको ढोका रातको १२ बजेसम्म पनि प्रधानमन्त्रीको सिफारिस आउँछ र सदर गर्छु भनेर बसेको देखियो। जुन संस्थाको मर्यादाको हदैसम्मको उपहास हो। सायद यसैले असार १२ गते एक कार्यक्रममा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रपति भण्डारी एमालेको कार्यकर्ताझैँ बनेको गम्भीर आरोप लगाउनुभयो भने वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले महाभियोग लगाउने वेला आएको भन्दै बहस गर्नुभयो। त्यसैले अब सर्वोच्चले यी विशेष प्रावधान र धाराबारे पर्याप्त सुझबुझपूर्ण व्याख्या गर्नुपर्ने समय आएको छ।

● **गोपाल देवकोटा**, जोरपाटी , काठमाडौं

# आफ्नो कुर्सी जोगाउन ओलीले बाह्य हस्तक्षेप निम्त्याए

नेपालको राजनीतिमा विकसित शृंखलाबद्ध घटनाक्रमलाई भू-राजनीतिक प्रभावको उपजका रूपमा हेर्न थालिएको छ। वाम गठबन्धनदेखि एमाले-माओवादी एकतासम्म चिनियाँ चासो र प्रभाव देखिएको नेपालको सत्ता राजनीतिमा भारतीय खुफिया एजेन्सी 'रअ' प्रमुखको नेपाल भ्रमणपछि फेरबदल देखिएको छ। ०७२ को संविधानप्रति असन्तुष्ट भारत अहिले 'बदला' लिँदै छ भन्ने मतहरू पनि सार्वजनिक भएका छन्। पाँचजना पूर्वप्रधानमन्त्रीले विज्ञप्ति नै जारी गरेर 'नेपालको आन्तरिक राजनीतिमा बाह्य शक्तिको प्रत्यक्ष वा परोक्ष हस्तक्षेप एवं चलखेल रोक्न सहजता चाहियो' भनिरहेका छन्। नेपालका लागि भारतीय पूर्वराजदूतहरूले लगातार जसो सञ्चारमाध्यममा लेख लेखेर भारतीय हस्तक्षेप र चासोको विषयलाई उजागर गरिरहेका छन्। यसै सन्दर्भमा राष्ट्रिय सुरक्षा तथा भू-राजनीतिक विषयका जानकार एमाले नेता तथा प्रतिनिधिसभाका निवर्तमान सदस्य **दीपकप्रकाश भट्ट**सँग नयाँ पत्रिकाका लागि **दिपेश शाही**ले अन्तर्वार्ता गरेका छन्।



● **दीपकप्रकाश भट्ट,** नेता, नेकपा एमाले

प्रधानमन्त्री ओली आफूले मन नपराएको संघीयता, समावेशितालगायतका प्रगतिशील एजेन्डा खारेज गर्ने र आफू सत्तामा टिक्ने सोचिरहनुभएको छ। यिनै एजेन्डाका पक्षधर बाह्य शक्तिहरू अहिले मुखर भएर आएको देखिन्छ।

**जनताका प्रतिनिधिहरूको संस्था संसद् आफ्नो कार्यकाल पूरा गर्न नपाउँदै दुईपटक विघटन भयो। राजनीतिक स्थिरता र आर्थिक समृद्धिको सपनामाथि सत्तारूढ दलबाटै किन यस्तो धोका भयो ?**

गठबन्धन बनाएर चुनावमा गयौँ र मत माग्यौँ। मत माग्ने क्रममा नै पार्टी एकता हुन्छ भन्ने सन्देश पनि प्रवाह गर्‍यौँ। त्यसले जनमत हाम्रो पक्षमा पार्ने र पछि बनेको नेकपालाई बहुमत दिने काम गर्‍यो। तर, यसो भइहँदा लोकतन्त्र र लोकतान्त्रिक प्रक्रियालाई राष्ट्रको जीवनशैली र नेताका जीवन पद्धति बनाउने भनिएको थियो, त्यो कहीँ कतै लागू भएन। पार्टी एकता र त्यसको असर अकस्मात्‌जस्तो भयो। त्यसमा बाह्य वा आन्तरिक के-के फ्याक्टर थिए भन्ने नै पत्तो भएन। हाम्रो जस्तो भू-राजनीतिक अवस्थामा रहेको देशका लागि पार्टीहरूसँग पनि बाह्य सन्दर्भ जोडिन्छन्। हाम्रा पार्टीहरू चाहे कम्युनिस्ट भनौँ वा कांग्रेसको स्थापनालाई हेर्दा पनि त्यो थाहा हुन्छ।

अर्को, पार्टी र सरकारले जनप्रतिनिधिसँग आवश्यक परामर्श गरेन। जनप्रतिनिधिका हिसाबले गरेका वाचा, प्रतिबद्धता र गर्नुपर्ने काम हाम्रा मात्रै थिएनन्। क्षेत्रगत हिसाबले हाम्रा चुनाव क्षेत्रमा के गर्नुपर्ने भनेर सम्बन्धित मन्त्रालयहरूले लिनुपर्ने 'फिडब्याक' र राष्ट्रियस्तरका योजना परियोजनाहरूमा पर्याप्त सहभागी गराइएन। समाजवादमा जाने भनेपछि हाम्रो पार्टीको नवौँ महाधिवेशन र माओवादी केन्द्रको महाधिवेशनबाट ल्याइएको दस्तावेजको तादात्म्यता मिलाउनेमा नै कमीकमजोरी रह्यो। कतिपय नयाँ आएका जनप्रतिनिधिलाई के-कसरी काम गर्ने कुनै अभिमुखीकरण नै दिइएन। एकथरी जनप्रतिनिधि कर्मचारी र चिनजानका आधारमा मन्त्रालय धाउने र आफ्नो क्षेत्रमा योजना पार्नेमा लागे। प्रदेश र केन्द्रमा आवश्यक कानुन बनाउनेमा काम हुन सकेन। मूल नेतृत्व विशेष गरी प्रधानमन्त्री र अरू नेताहरूले पनि यसमा विशेष चासो दिएनन्। त्यसैमा अहिले आएर गैरसंवैधानिक ढंगले दुईपटक संसद् विघटन गरियो। यसले एकदमै अँध्यारो अवस्थातिर मुलुक जाँदै छ भन्ने अनुभूति भइरहेको छ।

**दुईपटक संसद् विघटन र त्यसपछिका दाउपेच जे जति सतहमा आएका छन्, यी सबै विशुद्ध सुरुमा नेकपाको र अहिले एमालेको अन्तरकलहका उपज हुन् कि यसमा अरू शक्तिकेन्द्रहरूको पनि भूमिका देखिन्छ ?**

सुरुमा नै बाह्य शक्ति भनेर हामी त्यस्ता कारक तत्वहरू खोज्न गयौँ भने निरन्तर चलिरहेको प्रक्रिया सही दिशातर्फ जाँदैन। हाम्रो समाजमा लामो समयदेखि षड्यन्त्रका सिद्धान्तमा विश्वास गर्नेहरूले जहिल्यै केही न केही विषयलाई जोडेर व्याख्या र पुष्टि गर्ने गरेका छन्। यसका पछाडि दुईवटा ठूला राजनीतिक प्रणाली, सभ्यता र अर्थतन्त्रका बीचमा हाम्रो अवस्थितिले पनि अर्थ राख्छ।

प्रधानमन्त्री केपी ओलीले लगभग दुईतिहाइ जुटाएर सरकार बनाउनुभयो। तर, उहाँले त्यसलाई एउटा पनि राम्रो काममा प्रयोग गर्नुभएन। उहाँले संविधान संशोधन गर्ने भनेर दुईतिहाइ जुटाउनुभएको थियो, जुन उहाँले सक्नुभएन। अहिले अब त्यो अवस्था नै रहेन। त्यसरी दुईतिहाइका प्रधानमन्त्री अहिले संसद्मा ९३ सिटमा कसरी पुग्नुभयो भन्दा उहाँका एकपछि अर्का प्रतिगामी कदमहरूले पुर्‍यायो। प्रगतिशील र लोकतान्त्रिक गतिविधि भन्ने नै उहाँसँग रहेन। उहाँका वरिपरिकाले त उहाँलाई कहीँ कतै गल्ती भएकै छैन, सबै गल्ती अरूका हुन् भनेर भनिरहनुभएकै छ। तर, परिणाम त सबैभन्दा शक्तिशाली पदमा रहेको व्यक्तिकै कारण उत्पन्न हुने हो नि। उहाँका आचरण, कटाक्ष र अभिव्यक्तिलाई हेर्दा उहाँ युवा विद्यार्थीले बोलेका विषयमा प्रतिक्रियाजनाएर बसिरहनुभएको हुन्छ। यस्तै शैलीले आजको समस्या निम्तिएको हो।

'आधुनिक राष्ट्र-राज्य' भन्ने एउटा अवधारणा छ, हामीले त्यसलाई खारेज गर्‍यौँ। संविधानमा बहुजाति, बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक भनेर राखियो। बहुराष्ट्रिय भनेनौँ। तर, उहाँका उपप्रधानमन्त्रीले शपथ खाएको आधा घन्टापछि नै मुक्ति आन्दोलन गर्ने उद्घोष गर्दिनुभो। थामथुम पारेर विज्ञप्ति निकाले पनि उहाँको भित्री चाहना के छ भन्ने प्रस्टै छ। यस्ता व्यक्तिसँग पनि उहाँ सत्ता टिकाउनका लागि घाँटी जोडिराख्न सक्नुहुन्छ। तर, पार्टीका सिनियर कमरेडहरूलाई वर्गदुस्मनजस्तो ठान्नुहुन्छ। सर्वोच्च अदालतले दिएका आदेशहरूले अब उहाँले काम गर्ने अवस्था रहेन। उहाँमा पारदर्शी र लोकतान्त्रिक बन्नुपर्छ भन्ने मानसिकताको कमी रह्यो। बाह्य पक्षको कुरा गर्दा स्वयं प्रधानमन्त्री नै आफ्नो राजनीतिक जीवनकालमा सबैभन्दा बढी त्यस्तो प्रक्रियामा सामेल हुनुहुन्छ। महाकाली सन्धिदेखि यहाँसम्म उहाँले गरेका गतिविधिलाई टुक्राटुक्रा वा जोडेर हेर्नुभयो भने पनि त्यो प्रस्ट हुन्छ। हामी विदेश नीति पनि पारदर्शी हुनुपर्‍यो भन्छौँ। तर, उहाँ अँध्यारो कोठामा विदेशी गुप्तचरसँग घन्टौँ एक्लै छलफल गर्नुहुन्छ, बाहिर ल्याउनुहुन्न। आमनागरिकले आफ्नो मुलुकको विदेश नीति र गतिविधिबारे जानकारी पाउन सक्दैनन् भने त्यो कसरी लोकतान्त्रिक भयो ? कोही प्रतिनिधि त बस्नुपर्थ्यो नि ! उहाँ पहिलेदेखि नै यस्ता अभ्यास गरिरहनुभएको थियो। त्यसैले बाह्य होइन, आन्तरिक कारणले संसद्, एकीकृत पार्टी नेकपा र अहिले एमाले ध्वस्त हुने अवस्था सिर्जना भयो र अहिले केही बाँकी रहेन।

**पाँचजना पूर्वप्रधानमन्त्रीहरूले 'नेपालको आन्तरिक राजनीतिमा बाह्य शक्तिको प्रत्यक्ष वा परोक्ष हस्तक्षेप एवं चलखेल रोक्न सहजता चाहियो' भन्नुभयो। यसले के संकेत गर्छ, के सन्देश दिन्छ ?**

हाम्रो राजनीतिको पहिलो पुस्ता नै बाह्य हस्तक्षेपबाट अलग छैन। विशेषगरी एउटा कालखण्डमा हाम्रा पार्टीहरूको स्थापना र विकासको जग बाहिरबाटै सुरु भएकाले पनि त्यो अहिलेसम्म बाँकी छ। लोकतन्त्रको उच्चतम रूप संघीयता र गणतन्त्र नै हो। यसैको स्थापनाका लागि नेपालका सबैजसो राजनीतिक दल कुनै न कुनै हिंसात्मक आन्दोलनमा सहभागी छन्। प्रधानमन्त्री ओली पनि १२ बुँदे सम्झौताबाट नै जोडिएर आउनुभएको व्यक्ति हो। तर, सत्तामा पुगेपछि उहाँले त्यो धार परिवर्तन गर्नुभयो। यसको विकासका लागि अन्तर्राष्ट्रिय समुदायसँग सहयोग माग्नु सकारात्मक नै होला। यस्तो अवस्थामा पाँचजना पूर्वप्रधानमन्त्रीले निकालेको वक्तव्य एकदमै गम्भीर छ।

विश्वमा धर्मका नाममा राजनीति र समाजवादको कुरा गर्दै फाँसीवादी बनेका कैयौँ उदाहरण छन्। यहाँ पनि त्यही हुन्छ भन्ने त होइन, तर सत्तामा पुगेपछि त्यो चरित्र विकास हुने हो। जस्तो कि प्रधानमन्त्री ओलीमा यो देखियो। मैले भनेको मात्रै अन्तिम सत्य भन्ने र त्यसैलाई कार्यान्वयन गराउन खोज्ने। त्यसका लागि राज्यका सबै निकायहरू राष्ट्रिय अनुसन्धान विभागदेखि राष्ट्रिय सुरक्षा परिषद्लाई बाइपास गर्ने गरी विधेयकमार्फत सेना परिचालनसमेत आफूमातहतमा लिनेसम्मका प्रयास गर्नुभयो। त्यो केका लागि भन्दा आफ्नो सत्ताको आयु लम्ब्याउनका लागि, शासन गर्नका लागि।

यस्तो अवस्थामा भारत र चीनको राजनीति कता गइरहेको छ भनेर हामीले हेर्‍यौँ भने थप संकेतहरू देखिन्छन्। चीन चीनभन्दा बाहिर निस्किसकेको छ। विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको चीनले बेल्ट एन्ड रोड इनिसियटिभका नाममा १४० भन्दा बढी मुलुकमा आफ्नो प्रभाव बढाउँदै लगिरहेको छ। चीनको प्रत्यक्ष टक्कर कम्युनिस्ट शासन प्रणाली रहेका मुलुकमा समेत प्रभाव भएको अमेरिकासित छ। भारत पनि पाँचौँ अर्थतन्त्रका रूपमा आफूलाई दाबी गरिरहेको छ। उसको आफ्नो विविधता छ। त्यहाँ लोकतन्त्र छ, तर लोकतन्त्रसँग कहिल्यै पनि खुसी नभएको शक्ति त्यहाँ सत्तामा छ। धर्मका नाममा दक्षिणपन्थी राजनीति गरेर पुरानो लोकतन्त्रलाई आफूअनुकूल परिवर्तन गरिसकेपछि त्यहाँको सत्तासीन वर्ग नेपालमा पनि त्यसको प्रभाव देखाउन चाहन्छ भन्ने प्रस्ट देखिन्छ। उनीहरूको त्यही नीति यहाँ लागू भइरहेको सजिलै बुझ्न सकिन्छ।

नेपाल पश्चिमाहरूले भन्ने गरेको राष्ट्र-राज्य होइन। यहाँ पहिले नै राज्य थियो, त्यसैले यो राज्य-राष्ट्र हो। कतिपयले नेपालमा आएको लोकतन्त्र, धर्मनिरपेक्षता, समावेशितालगायत सबै एजेन्डा पश्चिमा मुलुकबाट आयातित हुन् भनेर व्याख्या गर्ने गरेका छन्, जुन सत्य होइन।

अर्को, उहाँहरू पाँचैजना विगतमा प्रधानमन्त्री भइसक्नुभएको र अन्तर्राष्ट्रिय समुदायसँग परिचित हुनुहुन्छ। साथै, राज्यसंयन्त्रबाट आउने सूचनाका हिसाबले पनि केही बोल्नुभएको छ। एकपटक मात्रै भए पनि मुलुकको सर्वोच्च तहमा पुगेका व्यक्तिले सामूहिक रूपमा यसै बोल्नुभएको छैन। यो डरलाग्दो संकेत हो। तर, अझै जनताले बुझ्ने गरी उहाँहरूले त्यो विषयलाई बाहिर ल्याउनुपर्छ।

**तर, निवर्तमान परराष्ट्रमन्त्रीले यसलाई सामान्य रूपमा लिँदै 'सत्ताबाहिर बस्दाको पीडा' भनेर टिप्पणी गर्नुभएको छ नि ?**

यसरी मानसिकता विभाजन गर्ने कुरा कसैले नबोल्दा राम्रो। संविधानलाई कुल्चिने, नेकपा भंग, एमाले र माओवादी केन्द्रको विभाजन तथा प्रतिनिधिसभाको विघटन गराउने घटनाक्रमको एकजना महत्त्वपूर्ण व्यक्ति उहाँ पनि हो। उहाँ अरूलाई 'सत्ताबाहिर बस्दाको पीडा हो र आफू मात्रै मुलुक बनाउन हिँडेको' भनेर भन्दै हुनुहुन्छ। तर, स्थिति भने त्यसको ठीक उल्टो देखिन्छ। कोरोनाकालको समयावधि छाड्ने हो भने पनि प्रतिनिधिसभाको साढे दुई वर्षको समयमा प्रधानमन्त्रीले एकछिन र एक दिन पनि कुनै जनप्रतिनिधिको कुरा सुन्नुभएन। बाह्य हस्तक्षेपको विषय मदन भण्डारी फाउन्डेसनको कार्यक्रममा अघिल्लो वर्ष ओलीले नै दक्षिण छिमेकीको नाम लिएरै बोल्नुभएको हो। ओलीले मात्रै होइन, अरू नेताहरूले पनि विगतमा केही यस्ता अभिव्यक्ति दिनुभएको छ र पछि फरक ढंगले आफू नै थोरै भए पनि त्यस्ता प्रक्रियामा जोडिनुभएको छ। मैले अघि नै भनेँ, हाम्रो जस्तो भूराजनीति भएको मुलुकमा यस्तो भइरहन्छ। तर, गम्भीर अवस्थाको संकेत गर्दा त्यसलाई यसरी सामान्यीकरण गर्नु उचित हुँदैन।

**वाम गठबन्धन हुँदै नेकपाको एकता र मदन भण्डारी फाउन्डेसनको कार्यक्रममा ओलीले अभिव्यक्ति दिएको केही समयसम्म नेपालको राजनीतिमा चिनियाँ प्रभाव बढेको भनिन्थ्यो। तर, पछिल्लो समय भारतीय भूमिका बढेको हो ?**

दुईवटै छिमेकीको भूमिका छ। नेपालमा कम्युनिस्ट पार्टीको भूमिका बढ्नु, सरकार बन्नु, पार्टी एकता हुनुमा चीनको भूमिका छ। कम्युनिस्ट पार्टी या अरू पार्टीहरू फुट्नु र अहिले धार्मिक एजेन्डासहित शासनसत्तामा रहेको पार्टीका एजेन्डा यहाँ पनि लाद्न प्रयास गर्नु भारतको भूमिका हो। नेताहरूका अभिव्यक्ति हेर्दा पनि यसबाट प्रभावित छन् भन्ने प्रस्ट देखिन्छ। हामीले दुवै मुलुकसँग सम्बन्ध बनाउनु नै छ। यस्तो अवस्थामा हामीले कसरी दुवै मुलुकसँग सन्तुलन कायम गर्ने र के राम्रो हो, छुट्याउने हो।

यो काम फेरि पनि हाम्रै राजनीतिक नेतृत्वको हो। यही गर्ने भनेर हामीले एउटा ठूलो पार्टी बनाएका हौँ नि त। त्यसैको प्रभावस्वरूप एमसिसीका विषयमा हाम्रो पार्टीभित्र पनि बहस सुरु भयो। हामी केहीले एमसिसीका विषयमा फरक धारणा राख्यौँ। तर, नेतृत्वले त्यसलाई सही ढंगले अगाडि बढाउन सकेन। त्यसमा नेतृत्वको कमजोरी मुख्य बनेर आयो। सरकार र त्यसका प्रमुखले मुलुकको व्यापार घाटा कम गर्ने र समाजवादउन्मुख यात्रा तय गर्नेतर्फ केही पनि गरेनन्। उहाँहरू आफ्नो वरिपरि दलालहरू राखेर, चाप्लुसी गरेर, गर्न लगाएर भ्रष्टाचारमा लिप्त रहनुभयो। तर, भन्नचाहिँ भ्रष्टाचार गर्दिनँ र गरेको देख्न पनि चाहन्न भन्नुभयो। उहाँको चौँथो बजेट आउने वेलासम्म शिक्षा र स्वास्थ्यको क्षेत्रमा पनि केही गर्न सक्नुभएन। पार्टीमा राष्ट्रिय पुँजीपतिसँग स्वार्थ बाझिने खालका मान्छेहरूको प्रभाव बढाउनुभयो। यसरी फस्ने काम प्रधानमन्त्री स्वयंले बढी गर्नुभयो।

यसमा भारतले पहिलेदेखि नै छिमेकी विशेष गरी नेपालसँग विशेष सम्बन्ध राख्ने भन्दै आएको छ। तर, व्यवहारमा आफूले भनेकै कार्यान्वयन गरिदिऊन् भन्ने चाहन्छ। पूर्वप्रधानमन्त्रीहरूले समेत यसैलाई इंगित गरिरहनुभएको छ। हाम्रो हकमा बाह्य शक्तिको हस्तक्षेप निम्त्याउने काम हामीले नै गरिरहेका हुन्छौँ। अहिले प्रधानमन्त्री चुनाव मात्रै भनिरहनुभएको छ, दुईतिहाइ ल्याएर आउँछु भनिरहनुभएको छ। यस्तो वेलामा हाम्रो सामाजिक, सांस्कृतिक अवस्थालाई ध्यान दिनुपर्ने हुन्छ। हिन्दूत्वको कार्ड फालियो भने म लोकप्रिय बनिहाल्छु भन्ने उहाँमा देखिन्छ। त्यसैको उपज हो, ठोरी र अयोध्यामा रामपन्थ खडा गरेर वामपन्थमाथि प्रहार। प्रधानमन्त्री ओली आफूले मन नपराएको संघीयता, समावेशितालगायतका प्रगतिशील एजेन्डा खारेज गर्ने र आफू सत्तामा टिक्ने सोचिरहनुभएको छ। यिनै एजेन्डाका पक्षधर बाह्य शक्तिहरू अहिले मुखर भएर आएको देखिन्छ।

**पछिल्लो समय भारतीय भूमिकालाई लिएर पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईदेखि यहाँसम्मले केही संकेतहरू गर्नुभएको छ। तपाईंको बुझाइमा भारतले नेपालको राजनीतिमा चाहिरहेको के हो ?**

भारतका हिन्दूवादी शक्तिहरूले भारतलाई नै हिन्दूराष्ट्र बनाउन चाहन्छन्। नेपालमा विश्व हिन्दू महासंघलगायतले यसखाले गतिविधिहरू निरन्तर गरिरहेका हुन्छन्। भारतमा तत्काल हिन्दूराष्ट्र घोषणा सम्भव देखिँदैन। त्यो सम्भव कहाँ छ त भन्दा जहाँ चलखेल गर्न सकिन्छ, त्यहाँ सम्भव छ। नेपाल र भारतको आर्थिक र सांस्कृतिक सम्बन्ध छ। भारत ठ्याक्कै के चाहन्छ भन्ने त त्यहाँका राजनीतिज्ञ, पूर्वराजदूत, बुद्धिजीवीलगायतले लेखिरहेका लेख र बोलिरहेका अभिव्यक्ति हेर्दा नै थाहा हुन्छ। जुन राजनीतिक कोर्स यहाँ छ, त्यसलाई भत्काइदिने भन्ने भारतीय मानसिकता प्रस्टै देखिन्छ। भारतमा जुनमा नै भत्किसकेको छ। भारतमा धर्मनिरपेक्ष र समावेशी लोकतन्त्र भनेर सात दशक लामो राजनीतिक यात्रामा जुन प्रणाली चलिरहेको थियो, त्यसलाई नमान्ने शक्ति नै यहाँको प्रणाली पनि भत्काउन चाहन्छ। यसबाट कसरी अलग रहने भन्ने फेरि पनि हाम्रै सवाल हो।

**नेपालमा वामपन्थी शक्तिहरू कमजोर पार्ने भारतको सत्तापक्ष वा आरएसएसको मिसन छ र अहिले ओलीलाई अगाडि सारेर भइरहेका गतिविधि त्यसैका उपज हुन् भन्ने तर्क सुनिन्छन्। घटनाक्रम पनि त्यस्तै छन्, नेकपा, एमाले, माओवादी सबै विभाजनको अवस्थामा छन्। उनीहरूलाई कम्युनिस्टहरूबाट के खतरा हुँदोरहेछ ?**

विश्वमा कम्युनिस्ट र उदारवादीबीच यसै पनि प्रतिस्पर्धा छ। समाजवाद त धेरैले भनेका छन्, तर कम्युनिस्टले त्यसभन्दा अघि बढेर साम्यवाद नै भनेका छन्। कम्युनिजम केही उदारवादी शक्तिहरूलाई एलर्जी हुने पुरानै विषय हो। त्यसैमा कम्युनिस्ट विचारधारालाई लत्याउने मानिसहरू यहीँभित्र तयार हुँदारहेछन्, जुन अहिले हाम्रो भित्र नै देखियो। राष्ट्रिय स्वाभिमान, राष्ट्रियतालगायतका विषयलाई लिएर कम्प्रोमाइज गर्न जाने पक्ष जहिले पनि हुँदोरहेछ।

यहाँ कम्युनिस्ट धर्मनिरपेक्षतामा अडिग रहेर जनमतमार्फत सरकारमा गएको अवस्था हो। भारतमा ब्रिटिसको उपनिवेशकालदेखि नै एउटाले धर्मलाई लिएर र अर्कोले धर्मनिरपेक्षताको पक्ष लिएर राजनीति गर्ने परम्परा चलिरह्यो। आरएसएस र बिजेपी कस्ता शक्ति हुन् भन्ने उनीहरूका गतिविधिले देखाएकै छन्। यहाँ त्यस्तो हिन्दूवादी विचारधारा बोकेको राजनीतिक शक्ति त छैन, छ भने पनि त्यो जनताबाट अनुमोदित छैन। भारतमा पनि लामो समयसम्म त्यो शक्ति जनताबाट अनुमोदित थिएन, पछिल्लो ३० वर्षयता मात्रै क्रमैसँग अगाडि आएको हो। त्यसलाई थप बढाउन र दक्षिपन्थी हावा चलिरहेका वेला नेपालमा पनि त्यो अमल गर्न सकिन्छ कि भनेर उनीहरू लागेको देखिन्छ।

सत्तामा टिकिराख्न प्रधानमन्त्री ओली जे गर्न पनि तयार हुनुहुन्छ भन्ने सिद्ध भइसक्यो। जसपाको एक घटकलाई १३ वटा मन्त्रालय दिनुभयो। जेमा टेकेर उहाँले आफूलाई राष्ट्रवादी हुँ भन्ने दाबी गर्नुभएको थियो, तिनै विषयमा सम्झौता गर्नुभएको छ।

**भारतमा नेपाललाई लिएर दुईवटा पक्ष देखिन्छन्। एउटा हिन्दूराष्ट्र कायम गर्ने तथा धर्मनिरपेक्षतालाई खारेज गर्ने र अर्को यसले भारतलाई नै असर गर्छ, चलाउनु हुन्न भन्ने। अहिले कुन शक्ति बढी प्रभावशाली छ ?**

नेपाल पश्चिमाहरूले भन्ने गरेको राष्ट्र-राज्य होइन। यहाँ पहिले नै राज्य थियो, त्यसैले यो राज्य-राष्ट्र हो। कतिपयले नेपालमा आएको लोकतन्त्र, धर्मनिरपेक्षता, समावेशितालगायत सबै एजेन्डा पश्चिमा मुलुकबाट आयातित हुन् भनेर व्याख्या गर्ने गरेका छन्, जुन सत्य होइन। भारतले हामीलाई बाह्य आँखाबाट पनि हेर्छ। त्यहाँ हिन्दूवादी शक्ति पनि छ, जुन सत्ता चलाइरहेको छ। अलिकति त्योभन्दा प्रगतिशील शक्ति पनि छ, जुन सार्वजनिक प्लाटफर्मबाट बोलिरहेको छ। कुन पक्ष बढी हावी छ, बुझ्नका लागि सत्ता कसको हातमा छ भनेर हेर्नुपर्छ। त्यहाँको सत्तामा को छ, उसले कस्तो प्रकारको अभिव्यक्ति दिइरहेको छ र गतिविधि गरिरहेको छ भन्नेबाट नै उसको प्रभाव प्रस्ट हुन्छ।

**प्रधानमन्त्री ओलीलगायत नेताहरू नेपालले भारतसँग राजनीतिक हिसाबले मात्रै डिल गर्छ भनेर पटक-पटक भनेको सुनिन्थ्यो। केही समययता खुफिया एजेन्सी, सेना, कर्मचारी र राजनीतिक दलका विभागका मान्छेहरूको चहलपहल बाक्लो भयो। त्यसपछि यहाँ पार्टी विभाजनदेखि संसद् विघटनका घटनाहरू भए। यो संयोग मात्रै हो वा भारतसँग नेपाल राजनीतिक स्तरमा छलफल गर्ने बिन्दुमा नै छैन ?**

भारतसँग विगतमा राजनीतिक हिसाबले सँगसँगै 'नेगोसिएसन' हुन्थे। बाँकी एजेन्सीहरू वा त्यस प्रकारका संरचनाले पनि आफ्नो तरिकाले काम गरिरहेको हुन्थ्यो। उनीहरूका गतिविधि कहिले 'कोभर्ट' र कहिले खुला हुन्छन्। तर, यति खुला रूपमा भने पहिला कहिल्यै देखिएको थिएन। ५ कात्तिकमा सामन्त गोयल आएको भनेको यस खालका गतिविधिको उच्चतम बिन्दु हो। यसमा हामी नै बढी लोकतान्त्रिक र पारदर्शी हुँदै जानुपर्ने हो। वैश्विक हिसाबले समय, चेतना, प्रविधि त्यहाँ पुगिसक्यो। तर, हाम्रा नेताहरू उल्टो दिशामा हिँड्नुभयो। संवादका लागि प्रधानमन्त्रीहरूबीच टेलिफोनमा कुरा भयो भने पनि त्यो राजनीतिक छलफल भयो। तर, दूत पठाउँदा को आइरहेको छ त भन्दा खुफिया एजेन्सीको प्रमुख ! के त्यो छलफलमा हाम्रो राष्ट्रिय खुफिया एजेन्सीको प्रमुख पनि बसेर छलफल भएको हो र ? वा, हामीले पनि यसरी कहिल्यै दूत बनाएर खुफिया एजेन्सीको व्यक्तिलाई पठाएका छौँ त ?

सेना प्रमुखको विषयमा छुट्टै समीक्षा गर्नपर्ला। विशिष्ट सम्बन्ध बनाउने नाममा सेनाका प्रमुखले मानार्थ पद्वी लिने विषय आफैँमा राम्रो परम्पराको थालनी भएको छैन। फेरि आवश्यक पर्दा 'डिफेन्स डिप्लोमेसी' परराष्ट्र नीतिअन्तर्गत छ नै। कसरी गर्ने भन्ने आवश्यकताअनुसार हुन्छ। फरक विचारधारा भएका, सत्ता चलाइरहेका राजनीतिक शक्तिहरूबीचमा पनि सम्बन्ध हुन्छ। नेकपा एमाले र भारतीय जनता पार्टीबीच राजनीतिक सम्बन्ध छ। त्यो विश्वभर नै हुन्छ। तर, पछिल्लो समय भारत नेपालसँगको सम्बन्ध र संवादका लागि खुफिया, सेना वा कर्मचारीमा केन्द्रित हुँदै गएको जस्तो देखिन्छ। पाँचजना पूर्वप्रधानमन्त्रीले पनि त्यसतर्फ संकेत गर्नुभएको छ। वेलावेलामा भौतिक र राजनीतिक धम्कीहरू आएका हामीले सुन्दै आइरहेकै विषय हुन्। यसको समाधान त यहाँको राजनीतिक नेतृत्वले दिनुपर्ने हो।

**नेपालमा चिनियाँ प्रभावको अवस्था के हो ?**

हाम्रो हकमा संघीयता, समावेशितासहितको लोकतान्त्रिक प्रणाली हामीले रोजेर ल्याएको प्रणाली हो। चीनले कम्युनिस्ट शासन पद्धति चाहियो भनेर न कहीँ भनेको छ, न कतै लेखेको छ। यहाँ राजतन्त्र हुँदा, लोकतान्त्रिक वा कम्युनिस्ट लोकतान्त्रिक पार्टी हुँदा पनि उसले स्वाभाविक हिसाबले मात्रै आफ्ना कदमहरू चालिरहेको छ। त्यो मामिलामा ऊ चनाखो भएरै अघि बढिरहेको छ।

**पार्टीभित्र र संसद्मा बहुमत गुमाउँदागुमाउँदै पनि प्रधानमन्त्रीका रूपमा ओलीको कुर्सी सुरक्षित छ। ०७२ को संविधानलाई स्वीकार नगरेको भारतले ओलीलाई प्रयोग गरिरहेको छ भन्नेहरू पनि छन्। कुनै नेताले संसद् र पार्टी कमजोर भए पनि सत्तामा पकड बनाइराख्छ भने त्यसको अर्थ उनलाई भारतीय सद्भाव र शक्ति छ भन्ने आरोपलाई कमजोर मान्न सकिन्छ ?**

सबभन्दा पहिले त यो सत्तामा टिकिरहने मानसिकताको उपज हो। मानसिकता नै सत्तामा टिकिरहने भएपछि बाह्य वा सबै प्रकारको साथ खोज्ने नै भए। विषाक्त विचार बोकेर हिँडेपछि त जसले साथ दिए पनि पछि लागेर हिँड्नु अनौठो हुने भएन। अहिले मुलुकमा के भइरहेको छ भन्ने त घटनाक्रमले नै स्पष्ट पारेको छ। यो शासक बनिरहने प्रवृत्ति हो। साथै, हाम्रो भारतसँगको आर्थिक र भू-राजनीतिक सम्बन्धका कारणले पनि यो बढेको देखिन्छ। तर, यसको मुख्य पात्र त प्रधानमन्त्री स्वयं नै हो। यसलाई कति रोक्ने र कति बढ्न दिने भन्ने यहीँको आन्तरिक शक्तिले निर्धारण गर्न सक्नुपर्छ। हाम्रो नेतृत्व यसैमा जहिल्यै चुक्दै आयो र अहिले त्यो झन् उच्च बिन्दुमा पुग्यो।

अर्को, उहाँको कुर्सी यस्तो अवस्थामा पनि जोगिनुका पछाडि संसदीय संरचनाको बाध्यता पनि हो। यहाँ अंकगणितले बढी काम गर्छ। उहाँले संविधानमा भएको व्यवस्थाअनुसार अघि बढेको भए न उहाँले न त विपक्षी दलको नेताले नै बहुमत प्राप्त गर्न सक्ने जस्तो अप्ठेरो परिस्थिति सिर्जना हुने देखिन्नथ्यो। अहिले त हामी उहाँले संविधानसम्मत ढंगले कदम चाल्नुभएन भनेर न सर्वोच्च अदालत पुगेका हौँ। तर, यो संसदीय व्यवस्थामा यस्ता संकटहरू नकार्न सकिँदैन।

**यहाँको राजनीतिक अस्थिरतालाई कतिपयले बिआरआई र एमसिसीसँग पनि जोडेर हेर्छन्। त्यसलगायत भू-राजनीतिक दृष्टिकोणले हेर्दा अहिले नेपालको राजनीति आत्मनिर्णय गर्ने ठाउँमा छ कि छैन ?**

यो मुलुकको सबभन्दा ठूलो शक्ति भनेको यहाँका जनता र मतदाता नै हुन्। त्यसको शक्तिमा हामी सरकार सञ्चालन गर्ने प्रणालीमा पुग्नु नै आफैँमा मुख्य कुरा हो।

बिआरआईको सन्दर्भमा हामीले जतिसुकै ठूलो गफ गरे पनि चीन एउटा योजनासहित आफ्नो बाटोमा हिँडिसक्यो। त्यसमा नेपाल सरकारले राष्ट्रको हितमा योजना ल्याउन सक्छ भन्ने हो। हाम्रो तर्फबाट हस्ताक्षर गर्दा निकै महत्त्वाकांक्षी ढंगले गरियो, त्यसपछि कार्यान्वयन गर्ने वेलामा कहीँ पनि अगाडि बढ्न सकेको छैन। यसमा ऋण वा सहयोग भन्नेमा अन्तरविरोध देखिन सक्छ, तर छलफल गरेर त्यसको मिलनबिन्दु खोज्न सकिन्थ्यो। त्यसमा कुनै प्रगति भएको देखिँदैन। अर्को, एमसिसी इन्डोप्यासिफिकभित्र हो कि होइन भन्नेमा नै यहाँ विवाद रह्यो। हामीले बुझ्नुपर्ने के हो भने अमेरिकाले एसिया प्रशान्त क्षेत्रमा जे पनि योजनाहरू ल्याउँछ, ती सबैको अन्तरसम्बन्ध हुन्छ नै। त्यसैले एमसिसी पनि इन्डोप्यासिफिकको अंग बन्छ र हो पनि। एमसिसीलाई संसद्बाट पारित गराउने कुरा नै नियोजित ढंगले भएको छ। हाम्रो कानुनलाई उसले नदेख्ने, उसको मात्रै कानुन प्रभावकारी हुने गरी अगाडि बढ्नुपर्ने जरुरत नै थिएन। यद्यपि, युएसएड, विश्व बैंकबाट वा अरूवेला लिएका अमेरिकी सहयोगको भोलुम आफैँमा कम छैनन्। यसलाई पनि हाम्रै हितमा हुने ढंगले अगाडि बढ्न सकिन्थ्यो, तर प्रधानमन्त्री, परराष्ट्रमन्त्री, अर्थमन्त्री र सरकारका तर्फबाट प्रयास नै भएन। बरु पार्टी विभाजन गर्न तयार हुने, सभामुखको काण्डलगायत घटना गराउन तयार हुनेसम्म देखियो।

यसरी हेर्दा हामी आफैँमा बलियो रहिरहने अवसर पटक-पटक गुमाएका छौँ। फेरि पनि सम्हालिएर हिँड्न सकिने अवस्था छ। त्यसका लागि ओलीले कम्तीमा पाँचजना पूर्वप्रधानमन्त्रीसँग बसेर उहाँहरूले देखेका चुनौतीहरू के हुन् भन्ने विषयमा सामूहिक छलफल गर्नुपर्छ।

**प्रधानमन्त्री ओलीले गर्नुभएको पछिल्लो मन्त्रिपरिषद् हेरफेरलाई कसरी हेर्नुभएको छ ?**

सत्तामा टिकिराख्नका लागि प्रधानमन्त्री ओली जे गर्न पनि तयार हुनुहुन्छ भन्ने सिद्ध भइसक्यो। संसद्मा १६ वटा सिट भएको पार्टीलाई १३ वटा मन्त्रालय दिनुभयो। जेमा टेकेर उहाँले आफूलाई राष्ट्रवादी हुँ भन्ने दाबी गर्नुभएको थियो, तिनै विषयमा सम्झौता गर्नुभएको छ। मन्त्रीहरूको व्यक्तिगत कुरामा नजाउँ। उहाँहरूको आफ्नो क्षमता, ज्ञान र अध्ययनमा भर पर्ने हो। फेरि पनि प्रधानमन्त्री के चाहन्छन् भन्ने नै हो। त्यसमा पनि सर्वोच्चले एकपछि अर्को अन्तरिम आदेश दिएर रोक लगाइरहेको छ। एक प्रकारले न्यायपालिकाको सक्रियता यो तहमा नहुनुपर्ने थियो, तर उहाँले नै बाध्य पारिराख्नुभएको छ। सबै चिजका लागि अदालत पुग्नुपर्ने अवस्था आउनु राम्रो संकेत होइन।

# अर्थ पत्रिका

सोमबार १४ असार ०७८, www.nayapatrikadaily.com  nayapatrikaofficial  @naya_patrika


## नेपाल र विश्व बैंकबीच पौने १८ अर्बको ऋण सम्झौता



नयाँ पत्रिका
काठमाडौं, १३ असार

नेपाल र विश्व बैंकबीच १७ अर्ब ७८ करोड रुपैयाँ (१५ करोड अमेरिकी डलर) बराबरको सहुलियत ऋण उपलब्ध गराउने सम्झौता भएको छ। कोभिड-१९ महामारीबाट अति विपन्न र जोखिममा रहेकाहरूको संरक्षण एवं दिगो विकास हासिल गर्न विश्व बैंकले नेपाललाई ऋण उपलब्ध गराएको हो। सम्झौतामा सरकारका तर्फबाट अर्थसचिव शिशिरकुमार ढुंगाना र माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद जर्भोसले हस्ताक्षर गरेका छन्।

अर्थसचिव ढुंगानाले सहयोगले कर र भन्सार प्रणाली, सार्वजनिक लगानी व्यवस्थापन, वातावरणीय नियमन र ऋण व्यवस्थापनलगायतका क्षेत्रमा थप सुधार गरी नेपाललाई थप मजबुत बनाउन र हरित पुनर्निर्माणमा टेवा पुर्‍याउने बताए। उनले बजेटरी सहायता नेपालको आवश्यकता र प्राथमिकताका आधारमा भौतिक पूर्वाधार आयोजना तथा आर्थिक पुनरुत्थानका क्षेत्रमा परिचालन हुने जानकारी दिए।

माल्दिभ्स, नेपाल तथा श्रीलंकाका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद जर्भोसले कोभिड-१९ को महामारीका वेला तथा सोपश्चात् पनि यस आयोजनाले नेपालमा दिगो वृद्धि हासिल गर्न सहयोग गर्ने र समावेशी, रोजगारी प्रवर्द्धक तथा पर्यावरणीय रूपमा दिगो हुने बताए। 'कोभिड महामारीका समयमा मानिसको जीवनरक्षा तथा अर्थ-व्यवस्थाको पुनरुत्थान गर्नका लागि सरकारले ल्याएका कार्यक्रमलाई सघाउन विश्व बैंक प्रतिबद्ध छ,' उनले भने।

**आर्थिक पुनर्स्थापनामा नेपाल सही बाटोमा छ : अर्थमन्त्री**

उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले कोभिडविरुद्धको लडाइँ र आर्थिक पुनर्स्थापनाका लागि नेपाल सही बाटोमा रहेको बताएका छन्। माल्दिभ्स, नेपाल तथा श्रीलंकाका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद जर्भोससँग आइतबार भएको भेटमा अर्थमन्त्रीले यस्तो बताएका हुन्। उनले यो सन्देश विश्व बैंकको नेतृत्वसमक्ष पुर्‍याउन आग्रहसमेत गरे। निर्देशक फारिस हदाद जर्भोसले नेपालमा कोभिड नियन्त्रण तथा न्यूनीकरण र उपचारका साथसाथै आर्थिक विकासलाई पनि जोड दिन आग्रह गरे।

# ९ प्रतिशत जीवन बिमा पोलिसी निष्क्रिय

बिमा पोलिसी निष्क्रिय भएपछि बिमितको दुर्घटना भएमा दाबी भुक्तानी गर्न कम्पनी जवाफदेही हुँदैन।
तर, बिमा पोलिसी व्यतीत भएको एक वर्षभित्र बिमितको मृत्यु भएमा कम्पनीले बिमा रकम इच्छाएको व्यक्तिलाई भुक्तानी गर्छ।

मुना कुँवर/नयाँ पत्रिका
काठमाडौं, १३ असार

नेपालमा सञ्चालित जीवन बिमा कम्पनीहरूले जारी गरेकामध्ये करिब ९ प्रतिशत पोलिसीहरू बीचमा नै निष्क्रिय (व्यतीत) हुने गरेका छन्। बिमा समितिको तथ्यांकअनुसार १९ जीवन बिमा कम्पनीमध्ये १७ जीवन कम्पनीको बिमा पोलिसी निष्क्रिय औसतमा ८ दशमलव ९१ रहेको छ। यसमा राष्ट्रिय बिमा संस्थानको तथ्यांक समावेश छैन। त्यस्तै, सबैभन्दा कान्छो महालक्ष्मी जीवन बिमा कम्पनीको पोलिसी व्यतीतदर शून्य रहेको छ। बाँकी कम्पनीमध्ये ८ वटाको व्यतीत अवस्था जोखिममा देखिएको हो।

### आठ कम्पनीको बिमा पोलिसी व्यतीतदर उच्च

१७ जीवन बिमा कम्पनीमध्ये आठवटा जीवन बिमा कम्पनीको बिमा पोलिसी व्यतीतदर उच्च देखिएको छ। समितिको तथ्यांकअनुसार नेसनल लाइफ, एसियन लाइफ, प्राइम लाइफ, आइएमई लाइफ, सन नेपाल, रिलायबल लाइफ र सिटिजन्स लाइफ इन्स्योरेन्सको बिमा पोलिसी व्यतीतदर उच्च देखिएको हो। जसमध्ये युनियन लाइफ र एसियन लाइफ इन्स्योरेन्सको सबैभन्दा अधिक २१-२१ प्रतिशत देखिएको छ। प्राइम लाइफको १९ दशमलव २६, सिटिजन्स लाइफ इन्स्योरेन्स कम्पनीको १९ दशमलव ५२ प्रतिशत, आइएमई लाइफ इन्स्योरेन्स १८ दशमलव १७, नेसनल लाइफ इन्स्योरेन्सको १० दशमलव २३, सन नेपालको ७ दशमलव ९४ र रिलायबल लाइफ इन्स्योरेन्सको १० दशमलव ७७ प्रतिशत बिमा पोलिसी व्यतीत भएको देखिएको छ। बाँकी रहेका कम्पनीमध्ये सानिमा लाइफ र प्रभु लाइफ इन्स्योरेन्सको १ प्रतिशतभन्दा कम छ। सूर्या लाइफ इन्स्योरेन्सको १ दशमलव २९, लाइफ इन्स्योरेन्स कर्पोरेसनको २ दशमलव ६६, मेटलाइफको ३ दशमलव ३, नेपाल लाइफ इन्स्योरेन्सको ३ दशमलव ४, ज्योति लाइफको ३ दशमलव ७७ र रिलायन्स लाइफको ४ दशमलव ६ प्रतिशत रहेको छ।

### ५ प्रतिशत सीमित राख्न समितिको निर्देशन

बिमा समितिले बिमा पोलिसी व्यतीतदरलाई ५ प्रतिशतसम्म कायम राख्न कम्पनीहरूलाई निर्देशन दिएको छ। उच्च व्यतीतदर देखिएका कम्पनीलाई ५ प्रतिशतमा झार्न निर्देशन दिइएको समितिका कार्यकारी प्रमुख एवं प्रवक्ता राजुरमण पौडेलले बताए। 'अन्तर्राष्ट्रिय अभ्यासअनुसार बिमा पोलिसी व्यतीतदर ५ प्रतिशतसम्मलाई ठिकै मानिन्छ। त्यसैले हामीले पनि नेपाली जीवन बिमा कम्पनीलाई ५ प्रतिशतमा झार्न निर्देशन दिएका हौं,' उनले भने।

तर, जीवन बिमा कम्पनी संघका उपाध्यक्ष पोषकराज पौडेलले भने नेपालजस्तो मुलुकमा १५ देखि २० प्रतिशतसम्मको व्यतीतदरलाई सामान्य मान्नुपर्ने बताए। उनका अनुसार बाह्य मुलुकहरूमा पनि २५ देखि ३० प्रतिशतसम्मलाई सामान्य मानिन्छ।

### व्यतीत बिमा पोलिसी भनेको के हो ?

बिमितले बिमाशुल्क भुक्तान गरेपछि बिमा पोलिसी नवीकरण हुन्छ। तोकिएको समयमा नवीकरण नगरेमा बिमा पोलिसी व्यतीत हुन्छ। पोलिसी नवीकरणको अथवा बिमाशुल्कको किस्ता भुक्तानी गर्नका लागि ३० दिनको ग्रेस पिरियड हुन्छ। सो अवधिभित्रमा पनि नवीकरण नगरेमा बिमा पोलिसी निष्क्रिय हुन्छ। अर्थात्, उक्त बिमा पोलिसीले बिमितको कुनै पनि जोखिम सुरक्षण गर्दैन। जसलाई बिमा पोलिसी व्यतीत भनिन्छ। म्यादी बिमाको हकमा भने यो प्रावधान लागू हुँदैन।

### बिमा पोलिसी व्यतीत भएमा के हुन्छ ?

बिमा पोलिसी व्यतीत भएपछि बिमितको दुर्घटना भएमा दाबी भुक्तानी गर्न कम्पनी जवाफदेही हुँदैन। तर, बिमा पोलिसी व्यतीत भएको (बिमा पोलिसी निष्क्रिय भएपछि) एक वर्षभित्र बिमितको मृत्यु भएमा कम्पनीले बिमा रकम इच्छाएको व्यक्तिलाई भुक्तानी गर्छ। तर, दुर्घटनाबाट मृत्यु भएको अवस्थामा भने दाबी भुक्तानी गर्दैन। यस्तो अवस्थामा कम्पनीले आफूले लिनुपर्ने रकम र विलम्ब शुल्क कटाएर मात्रै भुक्तानी गर्छ।

बिमा पोलिसी नवीकरण गर्नका लागि बिमितहरूले बिमाशुल्क भुक्तानी गर्नुपर्छ। कम्पनीहरूले चारवटा सूचकहरूको पूर्वअनुमान गरी बिमाशुल्क निर्धारण गरेका हुन्छन्। उक्त सूचकमध्ये पहिलो भनेको बिमितको मृत्युदर हो। नेपाली बिमा कम्पनीहरूले नेपाली मृत्युदर तालिका ०६६ अनुसार बिमितको मृत्युदरको अनुमान गर्छन्। दोस्रो भनेको वित्तीय संस्थाको ब्याजदर हो। तेस्रो कम्पनीको व्यवस्थापन खर्च हो भने चौथो बिमा पोलिसीको निरन्तरता अथवा नवीकरण हुँदै जाने पूर्वअनुमान हो।

**जीवन बिमा कम्पनीका निष्क्रिय पोलिसीदर**

| | |
|---|---|
| नेसनल लाइफ | १०.२३ |
| नेपाल लाइफ | ३.४ |
| लाइफ इन्स्योरेन्स | २.६६ |
| मेट लाइफ | ३.३ |
| एसियन लाइफ | २१.१ |
| सूर्या लाइफ | १.२९ |
| गुराँस लाइफ | ३.६८ |
| प्राइम लाइफ | १९.२६ |
| आइएमई लाइफ | १८.७४ |
| युनियन लाइफ | २१ |
| ज्योति लाइफ | ३.७७ |
| सन नेपाल | ७.९४ |
| रिलायन्स लाइफ | ४.६ |
| रिलायबल लाइफ | १०.७७ |
| सिटिजन्स लाइफ | १९.५२ |
| सानिमा लाइफ | ०.१८ |
| प्रभु लाइफ | ०.१८ |

### बिमा पोलिसी व्यतीत हुँदा पर्ने प्रभाव

बिमा पोलिसीको निश्चित अवधि हुन्छ। कम्पनीले तयार पारेको बिमा पोलिसीअनुसार बिमा पोलिसीको पनि अवधि निर्धारण गरिएको हुन्छ। त्यसैगरी, बिमितले आफ्नो इच्छाअनुसार पनि बिमा अवधि तय गर्न सक्छ। नेपालमा प्रायः गरी १०, १५ र २० वर्षे बिमा पोलिसी प्रचलनमा छ। कम्पनीले पनि सोही अवधिको गणना गरी बिमाशुल्क निर्धारण गर्छ। तर, उक्त अवधिअगावै बिमा पोलिसी व्यतीत हुँदा कम्पनीलाई आर्थिक नोक्सानी हुन्छ। कम्पनीलाई मात्रै होइन, बिमितलाई पनि उत्तिकै नोक्सानी हुन्छ। किनभने, कम्पनीले बिमितबाट संकलन गरेको पहिलो बिमाशुल्क अभिकर्ता र अन्य सञ्चालन खर्चमा खर्च गरेको छ। दोस्रोपटक संकलन गरिएको बिमाशुल्कबाट मात्रै कम्पनीले लगानी गर्ने रकम बचाउन सक्छ। त्यस्तै, बिमितले एकपटक मात्रै बिमाशुल्क भुक्तानी गरेको अवस्थामा अधिकांश पोलिसीले जोखिम कभर नै गर्दैनन्। दोस्रो अर्थात् दुई वर्षपछि मात्रै जोखिम कभर गर्छन्। त्यसैले पहिलो बिमाशुल्कपछाडि पोलिसी सरेन्डर गर्न चाहेमा पनि बिमितले केही पनि पाउँदैन।

### मिससेलिङले बढायो बिमा पोलिसी व्यतीतदर

बिमितलाई बिमाप्रतिको वितृष्णा नै बिमा पोलिसी व्यतीतको मूल कारण भएको बिमाविज्ञ एवं स्वास्थ्य बिमा बोर्डका कार्यकारी प्रमुख डा. दामोदर बसौलाले बताउँछन्। उनका अनुसार वितृष्णा हुनुको कारण भनेको अभिकर्ताले बिमा पोलिसीको बारेमा बिमितलाई राम्रोसँग बुझाउन नसक्नु हो। नेपालको परिप्रेक्ष्यमा जबर्जस्ती बिमा गराउने प्रचलन छ। यसरी बिक्री गरिएका अधिकांश बिमा पोलिसी नवीकरण हुँदैनन्। त्यस्तै, नयाँ कम्पनीहरू सञ्चालनमा आउँदा पनि बिमा पोलिसी व्यतीत हुने सम्भावना उत्तिकै बढ्छ। कतिपय अभिकर्ताले आफूले कम्पनी परिवर्तन गर्दा आफ्ना बिमितलाई पनि कम्पनी परिवर्तन गर्न लगाउँछन्। एउटा कम्पनीमा भइरहेको पोलिसी छाडेर अर्को कम्पनीमा बिमा गराउँदा पनि बिमा पोलिसी व्यतीत हुने सम्भावना हुन्छ। अभिकर्ताले पोलिसी मिससेलिङ गर्ने हुँदा पोलिसी व्यतीत हुने समितिका कार्यकारी प्रमुख राजुरमण पौडेलले बताए। उनका अनुसार अभिकर्ताले बिमितलाई बिमाको बारेमा राम्रोसँग बुझाउन नसक्दा यस्तो समस्या आउने गरेको उनको दाबी छ।

केही हदसम्म भने बिमितको आम्दानीको स्तर खस्केमा वा मुलुकमा आर्थिक मन्दी लागेको अवस्थामा पनि बिमा पोलिसी व्यतीत हुने समितिका बिमाविज्ञ भोजराज शर्माले बताए।

### १५ देखि २० प्रतिशतसम्म व्यतीत हुनु अन्यथा होइन

● **पोषकराज पौडेल**
उपाध्यक्ष, नेपाल जीवन बिमक संघ, प्रमुख कार्यकारी अधिकृत, सिटिजन्स लाइफ इन्स्योरेन्स



नेपालमा बिमासम्बन्धी चेतनाको अभाव छ। त्यसमा पनि गरिबी मुलुकमा मानिसमा निरन्तर आम्दानीको निश्चित स्रोत हुँदैन। त्यसैले नेपालजस्तो मुलुकमा १५ देखि २० प्रतिशतसम्मको पोलिसी व्यतीतलाई ठिकै मान्नुपर्छ। साउथ एसियामा २० देखि ३० पोलिसी व्यतीत हुने गरेको छ। कतिपय मुलुकमा औसतमा ५० प्रतिशतसम्म पोलिसी व्यतीत हुने गरेको छ। त्यस्तै, बिमा समितिले सार्वजनिक गरेको जीवन बिमा कम्पनीहरूको बिमा पोलिसी व्यतीतदर नै गलत छ। त्यो सही छैन। त्यसैले ५ प्रतिशतमा सीमित राख्नुपर्छ भन्ने समितिको भनाइ व्यावहारिक छैन।

### पोलिसी व्यतीतदर ५ प्रतिशतमा झार्नुपर्छ

● **राजुरमण पौडेल**
कार्यकारी निर्देशक, बिमा समिति



कम्पनीको पोलिसीको अवस्थालाई मूल्यांकन गर्दा केही कम्पनीको व्यतीतदर उच्च देखिएको छ। त्यसैले धेरै देखिएका कम्पनीलाई ५ प्रतिशतमा झार्न हामीले निर्देशन दिएका छौं। अन्तर्राष्ट्रिय अभ्यासअनुसार ५ प्रतिशतलाई ठिकै मानिन्छ। त्यसैले हामीले ५ प्रतिशतलाई आधार बनाएका हौं। कम्पनीले झार्न सक्दैनौं भनेर हुँदैन। कोसिस गर्नुपर्छ।


प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
**खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय**
**तनहुँ, गण्डकी प्रदेश**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०७८/०३/१४

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, तनहुँबाट मिति २०७८/०१/०६ गते तपसिलबमोजिम निर्माणकार्यका लागि www.bolpatra.gov.np/egp तथा अन्नपूर्ण पोस्टमा सूचना प्रकाशन गरी बोलपत्र आह्वान गरिएकोमा म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरूमध्ये निम्न उल्लिखित बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भएकाले मूल्यांकन समितिबाट सिफारिस भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बोलपत्र नं. | आयोजनाको नाम | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (भ्याटसहित) |
|---|---|---|---|---|---|
| १ | 20/077-078 | Construction of Arunkhola Co-Financing Water Supply Project. | विभिन्न निर्माणकार्य | कृपा कन्स्ट्रक्सन, भरतपुर | रु. १६९९७४३५.५९ |

Email: wss.tanahun.nawalpur@gmail.com   Tel: 065-560110

डिभिजन प्रमुख


# माथिल्लो तामाकोसीको परीक्षण उत्पादन यही साता

श्याम खतिवडा/नयाँ पत्रिका
दोलखा, १३ असार

स्वदेशी लगानीमा निर्माणाधीन राष्ट्रिय गौरवको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाले एक साताभित्र पहिलो युनिटको विद्युत् परीक्षण उत्पादन गर्ने भएको छ। शनिबार रातिदेखि मुख्य सुरुङको ८ किलोमिटर क्षेत्रमा ४८ घन्टा पानी भरेर परीक्षण गरेको आयोजनाले आगामी आइतबारसम्म ७६ मेगावाट विद्युत् परीक्षण उत्पादन गर्ने माथिल्लो तामाकोसी आयोजनाका प्रवक्ता डा. गणेश न्यौपानेले जानकारी दिए। उनका अनुसार बिहीबारसम्म मल्टी सर्किटका चार टावरमा तार तान्ने काम सम्पन्न भए, आइतबार पहिलो युनिटबाट विद्युत् उत्पादन हुनेछ। अहिले वर्षाका कारण काममा केही अवरोध भइरहे पनि आइतबारसम्म पहिलो युनिटको विद्युत् उत्पादन हुने उनको भनाइ छ। आइतबारबाट पहिलो युनिटको विद्युत् उत्पादन भएपछि आयोजनाले असार मसान्तभित्रै दोस्रो युनिटबाट पनि बिजुली उत्पादन गर्ने लक्ष्य लिएको छ। न्यौपानेका अनुसार दोस्रो युनिटमा पनि आवश्यक तयारी अन्तिम चरणमा पुगेको छ।

आयोजनाले दोस्रो युनिटको समेत काम सम्पन्न गर्ने र उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा जोड्ने तयारी भइरहेको आयोजनाका प्रशासन प्रमुख मित्रमणि पोखरेलले जनाएका छन्।

४ सय ५६ मेगावाट क्षमताको आयोजना निर्माण सुरु भएको झन्डै १० वर्षपछि सम्पन्न हुँदै छ। आयोजनाबाट उत्पादित बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोड्नका लागि आइतबारदेखि १९ असारसम्म आवश्यक तयारी गर्न समय निर्धारण गरिएको छ। माथिल्लो तामाकोसीको विद्युत्गृहबाट आएको २ सय २० केभी क्षमताको प्रसारण लाइनलाई न्युखिम्तीमा रहेको सबस्टेसनमा जोड्न लागिएको छ। यसअघि बिजुली ढल्केबर सबस्टेसनमा जोड्ने तयारी थियो।

नेपाल विद्युत् प्राधिकरणको प्रणाली सञ्चालन विभागले राष्ट्रिय गौरवको माथिल्लो तामाकोसीको विद्युत् राष्ट्रिय विद्युत् प्रणालीमा जोड्ने कार्यक्रम भएकाले खिम्ती-लामोसाँघु १ सय ३२ केभी प्रसारण लाइन बन्द हुने जानकारीसमेत गराइसकेको छ।

माथिल्लो तामाकोसीको सुरुङमा पानी हालेर हाल पनि परीक्षणलगायतका काम भइरहेको छ। आयोजनामा कुल ६ युनिट रहेका छन्। सुरुवाती लागत ३५ अर्ब रुपैयाँ रहेको भए पनि अमेरिकी डलरमा आएको उतारचढाव, ब्याजलगायत कारण लागत भने बढेर झन्डै ८० अर्ब रुपैयाँको हाराहारी पुगेको आयोजनाका अधिकारीहरूले बताएका छन्।


**Bandipur Rural Municipility**
**Office of Rural Municipal Executive**
**Bandipur, Tanahun**
**Gandaki Provience**

**Invitation for Bids**

Date of publication: 2078/03/14

Bandipur Rural Municipility, Office of Rural Municipial Executive, Bandipur Tanahun invites online electronic bids only from Nepalese eligible bidders for the following Bids under National Competitive Bidding procedures.

| S.N. | Contract Identification No | Name of Contract | Estimated Amount in Nrs (excluding VAT and Contingencies) | Bid Document Fee(Nrs) | Bid Security (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | BRM/NCB/WORKS/25/077/078 | Construction of Mukundeshwori Padmarga/Mini Great Wall | N/A | 5,000.00 | Nrs13,00,000.00 | Single Stage-Two Envelope |

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bandipur Rural Municipility, Office of Rural Municipal Executive, Bandipur Tanahun or may visit PPMO website www.bolpatra.gov.np/egp.

**(Chief Administative Officer)**


# राफसाफ कोषमा जान नेप्से तयार, ब्रोकर र सिडिएससीको अझै अलमल

भोजराज भण्डारी/नयाँ पत्रिका
काठमाडौं, १३ असार

धितोपत्र बोर्डको निर्देशनपछि राफसाफ कोषमा जान नेप्से तयार भएको छ। तर, सिडिएससी र ब्रोकरहरू भने छलफलमै रहेका छन्। बोर्डले तीनवटै निकायलाई साउनबाट राफसाफ कोष कार्यान्वयनमा ल्याउन ४ जेठमा निर्देशन दिएको थियो। खरिदकर्ताले खरिद गरेको सेयरको भुक्तानी समयमै गर्न नसकेमा कारोबार राफसाफका लागि ब्रोकरले राफसाफ कोषबाट नगद सापटी लिन पाउँछन्। कोषमा रकम अभाव भएर कार्यान्वयनमा नआएको भन्दै बोर्डले भुक्तानीको सुनिश्चित गर्न भनेको थियो। बोर्डले आर्थिक वर्ष ०७७/७८ भित्र ५० करोड, आव ०७८/७९ भित्र थप ३० करोड र आव ०७९/८० भित्र थप २० करोड गरी कुल १ अर्बको कार्यान्वयनयोग्य कोष स्थापना गरी सञ्चालन ल्याउन भनेको छ।

बजारलाई व्यवस्थित र अनुशासित राख्न राफसाफ कोष नगण्य भएको भन्दै नेप्सेलाई बोर्डले पटक-पटक ध्यानाकर्षण गराउँदै आइरहेको थिया। बोर्डको निर्देशन स्वाभाविक र आवश्यक रहेको भन्दै कोष जान कुनै समस्या नभएको नेप्सेका प्रवक्ता मुराहरि पराजुलीले बताए। 'कोषमा जानुपर्छ अन्य निकाय पनि छलफलमा हुनुहुन्छ, साउनबाट कोषमा पैसा जम्मा हुन्छ,' पराजुलीले भने।

राफसाफ कोषमा धितोपत्र बजारले समग्रमा कोषको ५० प्रतिशत रकम, राफसाफ सेवा प्रदान गर्ने संस्थाले समग्रमा कोषको ३० प्रतिशत रकम र राफसाफ सदस्यहरू (ब्रोकर) ले समग्रमा कोषको २० प्रतिशत रकम जम्मा गर्नुपर्ने व्यवस्था बोर्डले गरेको छ। ब्रोकर व्यवसायी संघका अध्यक्ष सन्तोष मैनालीले कोषमा जाने विषय छलफलमै रहेको बताए। 'अहिलेसम्म स्पष्ट धारण बनाएका छैनौं, कोषमा गएपछि रकमको कसरी व्यवस्थापन हुन्छ, कसरी जाने भन्नेमै छलफलमा छौं,' उनले भने। यता सिडिएससीले पनि कोषमा जाने सम्बन्धमा स्पष्ट धारणा बनाउन सकेको छैन। सिडिएससीका प्रवक्ता सुरेश न्यौपानेले पनि आफूहरू छलफलकै क्रममा रहेको बताए। 'अन्य निकायसँगै बसेर छलफल गरेर मात्र अघि बढ्ने तयारी छ। हेरौं, तोकिएकै समयमा जाने भन्ने त छ, तर केही कुराहरू छन्,' उनले भने।

ऐनबमोजिम काम गरेकाले कोष तोकिएकै समयमा सञ्चालनमा आउने बोर्डका अध्यक्ष भीष्मराज ढुंगानाले बताए। 'अहिलेको जस्तो कोषमा पैसा जम्मा गर्ने हो भने वर्षौं लाग्न सक्छ। त्यसैले लगानीकर्ताको भुक्तानी सुनिश्चितताका लागि भए पनि कोषमा आउनैपर्नेछ,' ढुंगानाले भने।



# वाणिज्य बैंक र जलविद्युत् कम्पनीका लगानीकर्तामा फर्कियो उत्साह

**नयाँ पत्रिका**
**काठमाडौं, १३ असार**

अघिल्लो हप्ता उच्च अंकको लामो करेक्सनपछि सेयर बजारमा हरियाली छाएको छ। साताको पहिलो कारोबार दिन नेप्से परिसूचक २७ दशमलव ३८ अंकले बढेर २ हजार ८ सय ७० दशमलव ३८ बिन्दुमा पुगेको छ। आइतबार 'क' वर्गका कम्पनीमापक सेन्सेटिभ इन्डेक्स ३ दशमलव ७६ अंकले बढेर ५ सय २९ दशमलव ४१ बिन्दुमा पुगेको छ। बढेको बजारमा लगानीकर्तामा नाफा बुक गर्ने होड चल्दा कारोबार रकममा भने गिरावट आएको लगानीकर्ता बताउँछन्। पछिल्लो समय बजारको अस्थिरताका कारण नयाँ लगानीकर्ता निकै आत्तिएको जस्तो देखिएको विश्लेषकहरू बताउँछन्।

धितोपत्र र ऋणपत्र गरी २ सय २७ कम्पनीको २ करोड ९ लाख कित्ता सेयर




किनबेच हुँदा ७ अर्ब १६ करोड ७४ लाख रुपैयाँको कारोबार भएको छ। सबैभन्दा धेरै नेसनल हाइड्रोपावर कम्पनीको ४० करोड ७० लाख रुपैयाँको कारोबार भएको छ भने दोस्रो कारोबार कम्पनीमा सेन्चुरी कमर्सियल बैंक रहेको छ। बैंकको सो दिन ३७ करोड ८३ लाख रुपैयाँको कारोबार भएको छ।

त्यस्तै, नेपाल रि-इन्स्योरेन्सको ३४ करोड १८ लाख रुपैयाँको कारोबार भएको छ।

कारोबारमा आएका १३ समूहका सूचकमध्ये ८ समूहका सूचक सकारात्मक रहेका छन्। आइतबार सबैभन्दा धेरै वाणिज्य बैंकमा हरियाली छाएको छ। वाणिज्य बैंकहरूको सूचक २ प्रतिशतले बढेको छ भने जलविद्युत्, माइक्रो फाइनान्सका समूह सूचक सकारात्मक छन्। विकास बैंक र फाइनान्स लगानीकर्ता भने निराश भएका छन्।

आइतबार सेन्चुरी कमर्सियल बैंकको कारोबारमा सकारात्मक सर्किट लागेर २७ रुपैयाँ बढेको छ। बैंकको प्रतिसेयर मूल्य २ सय ९८ रुपैयाँ पुगेको छ। त्यस्तै, अपर तामाकोसी हाइड्रोपावर कम्पनीको १० प्रतिशतले सर्किट लाग्दै ७४ रुपैयाँ बढेर प्रतिसेयर मूल्य ८ सय १९ रुपैयाँ पुगेको छ। युनाइटेड आइडी मार्दी हाइड्रोपावर, रिडी हाइड्रोपावर, नेसनल हाइड्रोपावर, बुटवल पावर कम्पनीका लगानीकर्ताले सबैभन्दा धेरै नाफा आर्जन गर्न सफल भएका छन्। त्यस्तै, गोर्खाज फाइनान्स, एभरेष्ट बैंक, प्रोग्रेसिभ फाइनान्स, रिलायन्स फाइनान्स, नारायणी डेभलपमेन्ट बैंकको सूचक करिब ४ प्रतिशतले घट्दा लगानीकर्ता निराश भएका छन्।

# नेपाल ओलम्पिक कमिटी र दराजबीच सम्झौता

**नयाँ पत्रिका**
**काठमाडौं, १३ असार**




नेपालको अनलाइन सपिङ प्लेटफर्म दराजले नेपाल ओलम्पिक कमिटी (एनओसी) सँग 'टोकियो २०२० समर ओलम्पिक' र ओलम्पिकमा नेपालको प्रतिनिधित्व गर्ने खेलाडीहरूको प्रवर्द्धनका लागि सम्झौता गरेको छ। एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठ र दराजका प्रबन्ध निर्देशक लिनो अलरिंगले बुधबार सातदोबाटोस्थित एनओसीको कार्यालयमा उक्त सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्।

दराज अलिबाबा समूहको एक हिस्सा हो भने अलिबाबा समूह अन्तर्राष्ट्रिय ओलम्पिक समितिको विश्वव्यापी पार्टनर हो। यस साझेदारीले दराज र एनओसीबीच टोकियो ओलम्पिक नजिकिँदै गर्दा सहकार्य मजबुत बनाउने लक्ष्य राखेको छ। 'टोकियो २०२० ओलम्पिकमा नेपालको प्रतिनिधित्व गर्ने खेलाडीको प्रवर्द्धनका लागि दराजसँग सहकार्य गर्न पाउँदा खुसी छौँ। सहभागी २ सय ७ देशमध्ये नेपाली खेलाडीले आफ्नो पूरा मिहिनेत, जोस र सपना पूरा गर्ने लक्ष्यसहित प्रदर्शन गर्ने आशा राखेको छु,' एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठले भने, 'दराजले पनि ओलम्पिक खेलको प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु।'

'ओलम्पिकले आफ्नो बेग्लै परम्परागत पहिचानसहित विश्वभरका मानिसलाई एकसाथ बाँध्ने काम गरेको छ, हामीले टोकियोमा हुने ओलम्पिक खेलका लागि सहकार्यमा साथ दिन पाउँदा गौरव महसुस गरेका छौँ,' दराजका प्रबन्ध निर्देशक लिनो अलरिंगले भने, 'उत्कृष्टता, सम्मान र मित्रता ओलम्पिकका मानक हुन् र हामी दराज पनि यसैमा अडिग छौँ, हामी युवाहरूको जुझारु समूह दक्षिण एसियामा उत्कृष्टता हासिल गर्न लागिरहेका छौँ, हामी जे पनि सम्भव छ भन्ने सोचका साथ अघि बढेका छौँ, दराजको तर्फबाट नेपाली खेलाडीलाई आउँदो ओलम्पिकमा सफलताको शुभकामना व्यक्त गर्छु।'

टोकियो २०२० समर ओलम्पिक २३ जुलाईदेखि सुरु हुँदै छ। २ सयभन्दा बढी देशको सहभागिता रहने यस महोत्सवमा १२ हजारभन्दा बढी खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। यो साझेदारीको मुख्य लक्ष्य ओलम्पिकको गर्विलो इतिहासको नेपालमा सकेसम्म बढी प्रवर्द्धन होस् भन्ने नै रहेको छ।

# सारडाको नेतृत्वमा योङ बिजनेस एक्ज्युकेटिभ फोरम गठन



**नयाँ पत्रिका**
**काठमाडौं, १३ असार**

आयात-निर्यातकर्ता व्यवसायीहरूको छाता संगठन नेपाल समुद्रपार निकासी-पैठारी संघअन्तर्गत योङ बिजनेस एक्ज्युकेटिभ फोरम (वाइबिइएफ) गठन भएको छ। संघको युवा विभागका रूपमा गठित फोरमको नेतृत्व गौरव सारडाले गरेका छन्।

यस फोरमको उद्देश्य गतिशील युवा व्यावसायिक नेतृत्व विकास गर्नु रहेको छ। ज्ञान आदान-प्रदान, नवीन विचारको प्रवर्द्धन तथा व्यावहारिक सिकाइ र सूचना आदान-प्रदानमार्फत व्यवसाय क्षेत्रमा सक्षम युवा नेतृत्व तयार गर्ने उद्देश्यले फोरम गठन गरेको संघका अध्यक्ष सुनीलकुमार वंशलले जानकारी दिएका छन्।

फोरमले युवा व्यवसायीलाई व्यवसायका असल अभ्यासहरू सिकाउँदै उनीहरूको दक्षता र क्षमता प्रवर्द्धन गर्नेछ। यसले गतिशील कर्पोरेट जगत्को चुनौती सामना गर्न सक्ने नेतृत्व तयार हुने विश्वास संघले लिएको छ।

फोरमको सल्लाहकारमा सुशील गुप्ता रहेका छन्। उपाध्यक्षमा जयन्त अग्रवाल र महासचिवमा सुमितकुमार वंशल (धानुका) रहेका छन्। यस्तै, द्विपक्षीय व्यापार र सम्बन्धको जिम्मेवारी सलोनी सेठियाले पाएकी छिन् भने आयात-निर्यात व्यापार प्रवर्द्धन विभागको जिम्मेवारी प्रवेश अग्रवाललाई र नेटवर्क तथा सदस्यता अभियानको जिम्मेवारी कुशलसुन्दर श्रेष्ठलाई दिइएको छ।

# आई पे रेमिट र नेपाल पेमेन्ट सोलुसनबीच सम्झौता

**नयाँ पत्रिका**
**काठमाडौं, १३ असार**

आई पे रेमिट प्रालिले हालको परिस्थितिलाई मध्यनजर गर्दै कारोबारलाई डिजिटल माध्यममा लैजाने उद्देश्यले नेपाल पेमेन्ट सोलुसनसँग डिजिटल कारोबारसम्बन्धी सम्झौता गरेको छ। विभिन्न डिजिटल कारोबार गर्ने संस्थाहरूसँग सहकार्य गरी अघि बढ्ने कम्पनीको प्रमुख उद्देश्यलाई मध्यनजर गर्दै आई पे रेमिट प्रालि र नेपाल पेमेन्ट सोलुसनबीच डिजिटल कारोबारमा सम्झौता भएको हो।

अबका दिनमा डिजिटल कारोबार नै बढी समयसापेक्ष हुने भएकाले कारोबारलाई पनि डिजिटल माध्यममा चुस्त राख्नका लागि सम्झौता गरेको कम्पनीले जनाएको छ। सम्झौतामा आई पे रेमिटका कार्यकारी निर्देशक इन्द्रप्रसाद शर्मा र नेपाल पेमेन्ट सोलुसनका कार्यकारी निर्देशक प्रताप श्रेष्ठले हस्ताक्षर गरेको जनाइएको छ। रियल टाइम एकाउन्ट डिपोजिट सुविधाका साथै नेपालका विभिन्न वालेटमा रियल टाइम टपअप सुविधामा नेपाल पेमेन्ट सोलुसनसँगको सम्झौतापछि झन् प्रभावकारी र गुणस्तरीय हुने आई पे रेमिटका बजार प्रमुख रूपनारायण श्रेष्ठले बताए।

मलेसिया, जापानलगायत विश्वका विभिन्न मुलुकबाट रेमिट्यान्स नेपाल भित्र्याइरहेको आई पे रेमिटले जनाएको छ।

# नेसनल लाइफद्वारा बिमा दाबी भुक्तानी

**नयाँ पत्रिका**
**काठमाडौं, १३ असार**

नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले डढेल्धुरास्थित शाखा कार्यालयबाट स्व. पदमराज पन्तको मृत्यु दाबी भुक्तानी गरेको छ। स्व. पन्तले सन् २०२१ फेब्रुअरी २२ मा ७० लाख रुपैयाँको दोहोरो दुर्घटना लाभसहितको १५ वर्षे अमृत सावधिक जीवन बिमालेख खरिद गरेका थिए। कम्पनीले सन् २०२१ मार्च ६ मा निजको जिप दुर्घटनामा मृत्यु भएकाले बिमा दाबीबापत १ करोड २४ लाख ४८ हजार रुपैयाँ निजले इच्छाइएको व्यक्ति उनकी श्रीमती विमलादेवी पन्तलाई भुक्तानी गरेको हो। शैल्य शिखर नगरपालिकाका नगरप्रमुख अमरसिंह धामीको प्रमुख आतिथ्यमा कम्पनीका डढेल्धुरा शाखा प्रमुखले उक्त रकमबराबरको चेक हस्तान्तरण गरे।

# लुम्बिनी विकास बैंकको सम्मान कार्यक्रम सम्पन्न

**काठमाडौं**/ लुम्बिनी विकास बैंकले कीर्तिमानी पर्वतारोही कामिरिता शेर्पालाई २५औँपटक सगरमाथा आरोहण गरी विश्व कीर्तिमान कायम गरेकोमा सम्मान गरेको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत नरेशसिंह बोहराले कीर्तिमानी आरोही शेर्पालाई बैंकको केन्द्रीय कार्यालय डिल्ली बजारमा एक समारोहबीच सम्मान गरे। कीर्तिमानी आरोही शेर्पा विगत दुई दशकदेखि यस बैंकमा निरन्तर सहयात्रीका रूपमा रहँदै आएका छन्।

बैंकले 'निरन्तर सहयात्रा' भन्ने नाराका साथ देशभरका ७२ शाखाहरू र १७ वटा एटिएमबाट आफ्ना करिब २ लाख ७० हजार ग्राहकलाई उच्चस्तरीय आधुनिक एवं नवीनतम प्रविधिसहितको बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्म
१९८७

स्वर्गारोहण
२०७८/०३/०२

**स्व. श्रीकृष्ण श्रेष्ठ**

यस संघका पूर्व कोषाध्यक्ष श्री राजेन्द्र कृष्ण श्रेष्ठज्यूका पूजनीय बुबा एवं संघका भुतपूर्व भेग प्रतिनिधि श्रीकृष्ण श्रेष्ठको स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुखद घडीमा ईश्वरले शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन्।

**नेपाल खुद्रा व्यापार संघ परिवार**

## केन्द्रीय कार्यालय, दरबारमार्गको घर भाडामा लिने बारेको सूचना

(दोस्रो पटक प्रकाशित मिति २०७८/०३/१४ गते)

यस बैंकको सतुंगल, धनगढी, तुल्सिपुर, लम्की, बाँसगढी र राजापुर शाखा कार्यालयहरु स्थानान्तरणका लागि तपसिलको स्थानहरुमा उपयुक्त घर भाडामा लिनु पर्ने भएकोले घर भाडामा दिन ईच्छुक घरधनीहरुले तपसिलको शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र रीतपूर्वकको शीलबन्दी कोटेशन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

१. शीलबन्दी कोटेशनसाथ आफूले भाडामा दिन चाहेको घरको विवरण र मासिक भाडादर उल्लेख गरी घरजग्गाको स्वामित्वको प्रमाणपत्र, घरको नक्सा पास प्रमाणपत्र, घर सम्पन्नताको प्रमाणपत्र र जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गनुपर्नेछ।
२. भाडामा दिने घर सडकसँग जोडिएको हुनुपर्नेछ।
३. भाडामा दिने घर पिलर सिष्टमको हुनुको साथै भुँई तला वा एक तलामा कम्तीमा १२०० वर्गफिट क्षेत्रफल भएको हुनुपर्नेछ।
४. भाडामा दिने घरमा पार्किङ्ग सुविधा, ATM तथा जेनेरेटर राख्ने स्थान उपलब्ध हुनुपर्नेछ।
५. भाडामा दिने घर कुनै किसिमको कानूनी झमेला नभएको हुनुपर्नेछ।
६. घर बहालमा दिंदा सामान्यतया १० बर्ष अवधिको लागि दिनुपर्नेछ।
७. भाडामा दिने घरमा घरधनीको तर्फबाट नै तयार गर्ने वा घरधनीको लगानीमा बैंकले तयार गर्ने जस्तै रंगरोगन, भल्ट कोठा निर्माण, बाथरुम र शौचालय निर्माण, टायलिंग वा फल्स सिलिंग निर्माण जस्ता के कस्ता सुविधा प्रदान गर्न सकिने हो सो कुरा आवेदनमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।
८. कोटेशन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछि कार्यालय खुलेको दिन कोटेशन पेश गर्न सकिनेछ।
९ भाडामा दिने घर सडक मापदण्ड भित्र नपर्ने तथा सम्बन्धित नियमनकारी निकायको मापदण्ड भित्रको हुनुपर्नेछ।
१०. घर भाडामा लिने वा नलिने, प्राप्त भएका कोटेशनहरु कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ।
११ थप जानकारी आवश्यक भएमा यस बैंकको सामान्य सेवा विभागमा सम्पर्क गर्न सकिनेछ।

| क.स. | घरभाडामा चाहिएको स्थान | शीलवन्दी कोटेशन पेश गर्ने स्थान |
|---|---|---|
| १ | काठमाडौं जिल्ला, चन्द्रागिरि न.पा. वडा नं १६, संतुगल। | महालक्ष्मी विकास बैंक लि. संतुगल शाखा र केन्द्रीय कार्यालय दरवारमार्ग, काठमाण्डौ। |
| २ | कैलाली जिल्ला, धनगढी न.पा. वडा नं ०२, धनगढी। | महालक्ष्मी विकास बैंक लि. धनगढी शाखा र केन्द्रीय कार्यालय दरवारमार्ग, काठमाण्डौ। |
| ३ | दाङ जिल्ला, तुल्सिपुर न.पा. वडा नं ०५, वि.पि. चोक। | महालक्ष्मी विकास बैंक लि. तुल्सिपुर शाखा र केन्द्रीय कार्यालय दरवारमार्ग, काठमाण्डौ। |
| ४ | कैलाली जिल्ला, बलिया गा.वि.स. वडा नं ०८, लम्की बजार। | महालक्ष्मी विकास बैंक लि. लम्की शाखा र केन्द्रीय कार्यालय दरवारमार्ग, काठमाण्डौ। |
| ५ | बर्दिया जिल्ला, बाँसगढी न.पा. वडा नं ०५, बासगढी बजार। | महालक्ष्मी विकास बैंक लि. बाँसगढी शाखा र केन्द्रीय कार्यालय दरवारमार्ग, काठमाण्डौ। |
| ६ | बर्दिया जिल्ला, राजापुर गा.वि.स. वडा नं ०६, राजापुर चोक। | महालक्ष्मी विकास बैंक लि. राजापुर शाखा र केन्द्रीय कार्यालय दरवारमार्ग, काठमाण्डौ। |

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबार मार्ग, काठमाडौं, नेपाल
फोन नं. ४२६८७१९/४२६८७२०, फ्याक्स: ४२६९३०८
Find us on facebook /mahalaxmibikasbank/
www.mahalaxmibank.com
सबल बैंक, सफल सहकार्य

## नेपाल सरकार
सहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**संघीय आयोजना कार्यान्वयन इकाई**
वीरेन्द्रनगर, सुर्खेत

### आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

**प्रकाशित मिति : २०७८/०३/१४**

यस कार्यालयबाट मिति २०७८/०२/१० गते हिमालय टाइम्स दैनिक पत्रिकामा प्रकाशित Construction of Four Family Nursing Quarter Building at Naumule PHCC, Dailekh (FPIU/Surkhet/Work/NCB/35/077/078) निर्माण कार्यका लागि E–Bid मार्फत बोलपत्र आह्वान गरिएकोमा दर्ता भएका बोलपत्रहरू मध्ये निम्न बोलपत्रदाताहरूको बोलपत्रको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा तपसिलका बोलपत्रदाताहरू सारभुतरुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ (संसोध सहित) को नियम ३१ (ङ) को उपनियम (४) र (५) बमोजिम निजहरूको आर्थिक प्रस्ताव मिति २०७८/०३/२१ गते दिनको १२:०० बजे यस कार्यालयमा खोल्ने हुँदा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| उत्तिर्ण बोलपत्रदाताहरुको नाम/ठेगाना |
|---|
| १. ज्ञानज्योती बिल्डर्स प्रा लि., काभ्रे। |
| २. जि टी - पि एस जे.भि., सुर्खेत। |
| ३. नाञ्जिला एण्ड आकाँक्षा कन्स्ट्रक्सन एण्ड सप्लायर्स. सुर्खेत। |

**आयोजना प्रमुख**

## नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
**केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन)**
**जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन)**
सिन्धुपाल्चोक

### आशयपत्र सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७८/०३/१४)**

यस कार्यालयद्वारा तपशिलका निर्माण कार्यका लागि मिति २०७७/१२/१५ गते हिमालय टाइम्समा प्रकाशित बोलपत्र सूचना बमोजिम रितपूर्वक E-bid मार्फत प्राप्त भएका सम्पूर्ण बोलपत्रहरू मध्ये तपशिलको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | आयोजनाको नाम | ठेक्का नं. | न्यूनतम मुल्यांकित बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु (प्रोविजनल सम सहित र मु.अ.कर कन्टिन्जेन्सी बाहेक) |
|---|---|---|---|---|
| 1. | Conservation of Nawalpur Ghyang Guthi Gumba At Nawalpur, Sindhupalchowk, Nepal | NRA/DLPIU (Building) /Sindhupalchowk/2077-78/NCB-11 | Dharma S-Gauri Ganesh JV, Kathmandu Nepal | 56,906,020.89 |

**नि. आयोजना प्रमुख**

## नेपालगन्ज उप–महानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
नेपालगन्ज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

### भूलसुधार सम्बन्धि सूचना

यस नेपालगन्ज उप–महानगरपालिकाको वडा नं. २१ र २२ स्थित कान्तिताल सञ्चालन सम्बन्धि सिलबन्दी बोलपत्र आव्हानको मिति २०७८ असार ४ गते नयां पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा तपशिल अनुसार हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ।

**तपशिल**

| भएको | हुनुपर्ने |
|---|---|
| प्रथम पटक प्रकाशित मिति : २०७८/०२/०४ | प्रथम पटक प्रकाशित मिति : २०७८/०३/०४ |
| सूचनाको बुँदा नं.७ मा उल्लेख भएको "बाँकी किस्ताको रकम प्रत्येक ६/६ महिनामा अग्रिम रुपमा बुझाउनु पर्नेछ।" | सूचनाको बुँदा नं. ७ मा उल्लेख हुनुपर्ने" बाँकी किस्ताको र कम प्रत्येक ४/४ महिनामा अग्रिम रुपमा बुझाउनु पर्नेछ।" |

कोरोनाविरुद्ध सचेतना

प्रयोग गरेको मास्क र टिस्यु पेपर जथाभावी नफ्याकौं



# चेक रिपब्लिकको दुई गोलले नेदरल्यान्ड स्तब्ध

बुडापेस्टमा आइतबार राति सम्पन्न खेलमा चेक रिपब्लिकले नेदरल्यान्ड्सलाई २-० को अन्तरले स्तब्ध पार्दै अन्तिम आठमा स्थान पक्का गरेको हो, अब चेकले सेमिफाइनल प्रवेशका लागि डेनमार्कको सामना गर्नेछ



**एजेन्सी**/ चेक रिपब्लिक युरोकप २०२० च्याम्पियनसिपको क्वार्टरफाइनलमा प्रवेश गरेको छ। आइतबार राति बुडापेस्टमा सम्पन्न खेलमा चेक रिपब्लिकले नेदरल्यान्ड्सलाई २-० को अन्तरले स्तब्ध पार्दै अन्तिम आठमा स्थान पक्का गरेको हो। अब चेक रिपब्लिकले सेमिफाइनल प्रवेशका लागि शनिबार डेनमार्कको सामना गर्नेछ। डेनमार्कले शनिबार राति वेल्सलाई ४-० ले हराएको थियो।

सात वर्षपछि मेजर फुटबल प्रतियोगितामा फर्किएको नेदरल्यान्डले समूह चरणमा उत्कृष्ट खेल प्रस्तुत गरेको थियो। प्रिक्वार्टरफाइनलमा एक रातो कार्ड खाएर १० खेलाडीमा सीमित हुनुअघिसम्म पनि नेदरल्यान्ड्सले चेक रिपब्लिकमाथि दबाब राखेको थियो। खेलको ५५औँ मिनेटमा नेदरल्यान्ड्स १० खेलाडीमा सीमित हुनु निकै घातकसिद्ध भयो। मध्यान्तरपछि चेक रिपब्लिकले खेलमा पकड लिँदा समूह चरणमा उत्कृष्ट खेल प्रदर्शन गरेको नेदरल्यान्ड्सको केही सीप लागेन।

चेक रिपब्लिकलाई अन्तिम आठमा पुर्‍याउने क्रममा टोमास होलेस तथा प्याट्रिक सिकले एक-एक गोल गरेका थिए। चेक रिपब्लिकले १० खेलाडीमा रहेको नेदरल्यान्डविरुद्ध दोस्रो हाफमै उत्कृष्ट खेल प्रदर्शन गर्‍यो। यसअघि पहिलो हाफमा नेदरल्यान्ड्स नै हाबी थियो। खेलमा होलेसले गोल गर्नुअघिसम्म पनि नेदरल्यान्डले चेक रिपब्लिकमाथि दबाब राखेको थियो।

खेलको ६८औँ मिनेटमा ६ यार्ड डिबक्स अनमार्कमा रहेका होलेसले हेडिङ गोल गर्दै चेक रिपब्लिकलाई १-० अग्रता दिलाउन सफल भए। टोमास कालासको सटिक हेडिङबाट प्राप्त पासमा होलेसले पहिलो बारमै हेडिङ गोल गरेका हुन्। उनको हेडिङ बल छेक्न डचको गोलपोस्ट लाइनमा तीनजना डिफेन्डर थिए। तर, होलेसको हेडिङ यति शक्तिशाली थियो, तीनजना डिफेन्डरबीचबाटै बल गोलपोस्टभित्र छिर्‍यो।

अप्रत्याशित रूपमा चेक रिपब्लिकले खेलमा अग्रता लिएपछि नेदरल्यान्ड्सका खेलाडी त्यसपछि आत्तिएका देखिन्थे। अर्कोतिर अग्रता गोल गरेपछि चेक रिपब्लिक निकै आक्रामक रूपमा प्रस्तुत भएको थियो। चेक रिपब्लिकका खेलाडीले निरन्तर रूपमा नेदरल्यान्ड्सको पोस्टमा आक्रमण जारी नै राख्यो। पूर्ण रूपमै नियन्त्रणमा राखेको चेक रिपब्लिकले खेलको ८०औँ मिनेटमा थप एक गोल गर्दा नेदरल्यान्ड्सको केही सीप लागेन्।

यसपटक चेक रिपब्लिकलाई फर्ममा रहेका स्ट्राइकर प्याट्रिकले २-० को अग्रता दिलाएका हुन्। टोमास भाक्लिकको लामो प्रहारमा होलेसले बललाई नियन्त्रणमा लिएका थिए। होलेसले लगभग ४० यार्डदेखि उत्कृष्ट ड्रिब्लिङ गर्दै नेदरल्यान्ड्सको डिबक्सभित्र सिकलाई ब्याक पास दिए।

सिकले कुनै पनि गल्ती नगरी चेक रिपब्लिकलाई अग्रता दिलाउन सफल भए। चालू युरोकपमा सिकले आफ्नो गोल संख्या चार पुर्‍याएका छन्। उनले पहिलोपटक पोस्टभन्दा आठ यार्ड टाढाबाट गोल गरेका हुन्।

नेदरल्यान्ड्स टोलीका मुख्य डिफेन्डर म्याथिस डी लिग्टले हातले बल रोकेका थिए। भिडियो असिस्टेन्ट रेफ्री (भिएआर) को सहयोगमा रेफ्री सर्गेय करासेभले डी लिग्टलाई सीधै रातो कार्ड दिएका थिए। उनले पेनाल्टी क्षेत्रभित्र विपक्षी खेलाडीको खुट्टासम्म बल पुग्न नदिन हातले बल रोकेका थिए। मुख्य डिफेन्डरले रातो कार्ड खाएपछि नेदरल्यान्ड त्यसपछि कमजार देखिएको हो। बाँकी समयमा नेदरल्यान्ड्सको टोलीमा डिफेन्डर लिग्टको अभाव स्पष्ट देखियो।

**आजको खेल**

स्पेनविरुद्ध क्रोएशिया ९:४५ राति
फ्रान्सविरुद्ध स्वीट्जरल्याण्ड १२:४५ राति

■ ब्राजिलमा सम्पन्न विश्वकप फुटबल प्रतियोगिताको उपविजेता नेदरल्यान्ड्सले त्यसपछिका युरोकप र विश्वकपमा स्थान बनाउन सकेको थिएन। चालू युरोकपमा नेदरल्यान्ड्सले स्थान सुरक्षित गरेको हो

दोस्रो हाफमा नेदरल्यान्ड्सले पनि दुई गोलको अवसर चुकाएको थियो। डिबक्सभित्र अनमार्कमा रहेका मालेनले डम्फ्राइजको क्रस भेट्टाउन सकेनन्। यसैगरी मालेनले चेक रिपब्लिकका गोलरक्षकसँगको वान भर्सेज वानको फाइदा लिन सकेनन्।

यसअघि पहिलो हाफको पहिलो मिनेटदेखि नै नेदरल्यान्ड्सले आक्रामक रणनीति लिएको थियो। खेलको आठौँ मिनेटमा डी लिग्टको हेडिङ पोस्टनजिक हुँदै बाहिरिँदा नेदरल्यान्ड्सले खेलकै पहिलो गोल गर्ने अवसर गुमाएको हो। खेलको १६औँ मिनेटमा डोनी मालेनको प्रहारलाई चेक रिपब्लिकका गोलरक्षक टोमस भाच्लिकले विफल पारे।

पहिलो हाफमा चेक रिपब्लिकले काउन्टर एट्याक्टमा नेदरल्यान्ड्सका डिफेन्डरलाई चुनौती दिएको थियो। खेलमा चेक रिपब्लिकले १२ पटक तथा नेदरल्यान्ड्सले ६ पटक गोलका लागि सट्स प्रहार गरेको थियो। नेदरल्यान्ड्सले ५२ र चेक रिपब्लिकले ४८ प्रतिशत बल पोसेसन बनाएको थियो।

## नकआउट चरणदेखिका खेलहरू छुटाउँदिनँ



● **संगीना वैद्य**, ओलम्पियन

समय नमिलेका कारण जारी युरोकपको सबै खेल हेर्न पाएको छैन। समूहगत चरणमा जर्मनी र पोर्चुगलको खेल हेरेको थिएँ। त्यो खेल एकदमै रोमाञ्चक लाग्यो। बाँकी खेल भने प्रत्यक्ष हेर्न सकेको छैन। बिहान चाँडै उठेर व्यायाम गर्नुपर्ने भएका कारण पनि राति अबेरसम्म बसेर युरोकपका खेलहरू हेर्न सकिनँ। तर, हाइलाइट्स हेर्ने गरेकी छु।

तेक्वान्दो खेलसँग जोडिए पनि म सुरुवातमा फुटबल खेलाडी थिएँ। फुटबलबाट राष्ट्रिय प्रतियोगिता खेलेकी छु। ती खेलहरूमा धेरैपटक म्यान अफ दी म्याचको अवार्ड पाएकी छु। तेक्वान्दोतर्फ लागेपछि मात्रै फुटबल खेल्न छाडेकी हुँ। तर, अहिले पनि अखिल नेपाल फुटबल संघ (एन्फा)अन्तर्गतको महिला फुटबल समितिमा छु।

फुटबलसँग सम्बन्धित भएकाले मात्रै होइन, फुटबल मलाई मन पर्ने खेल भएकाले पनि युरोकपका प्रतिस्पर्धा छुटाउन मुस्किल छ। समय नमिल्दा रातिका खेलहरू हेर्न सकेको छैन। तर, नकआउट चरणका खेलहरू भने जसरी भए पनि हेर्ने योजनामा छु।

युरोपमा मैले मन पराएको टोली त छैन। मलाई लियोनल मेसी मन पर्छ। उनको टोली अर्जेन्टिना मन पर्छ। डिएगो म्याराडोनादेखि नै अर्जेन्टिना मन परेको हो। अहिले कोपा अमेरिका पनि चलिरहेको छ। मेसी र उनको टोली अर्जेन्टिनाले कोपा अमेरिका खेल्दै छ। यद्यपि, त्यसमा पनि समय नमिल्दा हेर्न पाएको छैन।

मेसी र अर्जेन्टिनाको खेल त हेर्छु नै। मन पर्ने टोली नभए पनि युरोकप हेर्न मन पर्छ। युरोकप यस्तो प्रतियोगिता हो, जसको प्रायः खेल प्रतिस्पर्धात्मक हुने गर्छ। फुटबलको खास प्रतिस्पर्धा हेर्न र फुटबल खेलकै खास मज्जा लिनका लागि युरोकप राम्रो प्रतियोगिता हो।

यसले खेलाडीहरूलाई हेरेरै सिक्ने अवसर पनि दिएको छ। मैले देखेको छु कि अहिलेका धेरै खेलाडीहरूले यस्ता प्रतियोगिता हेरेरै धेरै कुरा सिकिरहेका छन्। हामीले पनि यो अवसर खेर फाल्नुहुन्न।

*(वैद्य एन्फाअन्तर्गतको महिला फुटबल समितिको सदस्यसमेत हुन्।)*

**कर्मचारी आवश्यकता**

युरोप, क्यानडा, अष्ट्रेलिया, जापान, यूके लगायतका देशहरूको अनलाईन भिषा फर्म भर्ने व्यक्ती चाहिएको हुदाँ इच्छुक व्यक्तीले तुरुन्त सम्पर्क गर्नुहोला।

भिषा परामर्शदाता : केही
सहायक परामर्शदाता : केही
समय: बिहान ७:३० देखि ३:३०
बिहान ९:३० देखि ५:३०
तलब: आपसी सहमतिमा
नोट: PHOTOSHOP/FREEHAND/DESIGN गर्न जान्नेलाई विशेष प्राथमिकता दिईने छ।

**कान्जिरोवा शोलुसन प्रा.लि.**
छायाँ सेन्टरगेट, ठमेल, फोन: ९८५१०५७९१६
knj.solution@gmail.com

## युरोकप २०२० मा दाजुभाइ जोडी

**एजेन्सी**/ युरोपको प्रतिष्ठित फुटबल प्रतियोगिता युरोकपको १६औँ संस्करण जारी छ। शनिबारबाट प्रतियोगिताको नकआउट चरणका खेलहरू सुरु भएका छन्।

कोरोना भाइरस (कोभिड-१९) महामारीका कारण एक वर्षपछि सरेको प्रतियोगिताको समूहगत चरणमा २४ टोलीको सहभागिता थियो। जसमध्ये आठ टोली समुहगत चरणबाटै बाहिरिसकेका छन्। यो संस्करणमा सहभागी १९ टोलीले गत संस्करणमा पनि खेलेका थिए। त्यसमध्ये बेल्जियम र इटाली पनि थिए, जसले छनोट चरणका १० मध्ये १० वटै खेलमा जित हात पारेका थिए। युरोकपको साबिक विजेता पोर्चुगल, विश्व च्याम्पियन फ्रान्स र सन् २०१४ को विश्वकप विजेता जर्मनी लगातार १३औँ पटक युरोकपका लागि छनोट भएका छन्। संयोगवश, यी तीनै टोली एकै समूहमा परेका छन्।

जारी युरोकपमा पहिलेको भन्दा फरक प्रत्येक टोलीमा २६-२६ खेलाडी समावेश छन्। आयोजक युरोपेली फुटबल महासंघ (युइएफए) को राष्ट्रिय टिम समितिको सुझावअनुसार कोरोना महामारीका कारण टोलीहरूलाई २३ को सट्टा २६ खेलाडी राख्न अनुमति दिइएको हो। त्यसअनुसार जारी प्रतियोगितामा २४ टोलीबाट ६ सय २२ खेलाडीको सहभागिता छ। त्यसमध्ये कति टोलीमा दाजुभाइको दुर्लभ जोडी पनि सहभागी छन्।

■ कुन टोलीमा कतिजना दाजुभाइ जोडी ?



स्टेफान र भाइ मिलन रिस्तोभ्स्की।

जारी युरोकप २०२० मा दाजुभाइको दुई जोडी सहभागी छन्। त्यसमध्ये एक जोडी बेल्जियमको टोलीमा छ। सन् २०१६ को युरोकप गुमाएका बोरुसिया डोर्टमन्डका मिडफिल्डर थोर्गन हाजार्डले जारी युरोकपमा भने टोलीमा स्थान पाएका छन्। उनका दाइ इडेन हाजार्ड बेल्जियम टोलीका नियमित सदस्य हुन्।

यो सिजन चोटबाट धेरै सताइएका रियल म्याड्रिडका इडेन समूहगत चरणको खेलअन्तर्गत रुसविरुद्ध ७१औँ मिनेटमा मैदानमा प्रवेश गरेका थिए। उक्त खेलमा इडेनका भाइ थोर्गन सुरुवातबाटै मैदानमा थिए। बेल्जियमले ३-० ले जितेको उक्त खेलमा यी दाजुभाइले मैदानमा ३० मिनेटसँगै बिताएका थिए।

अघिल्लो आइतबार अस्ट्रियाले पहिलोपटक युरोकप खेलिरहेको म्यासेडोनियासँग प्रतिस्पर्धा गर्दा पनि मैदानमा अर्को दाजुभाइ जोडी देखिए। जसले इडेन र थार्गनको जस्तै मैदानमा केही समयसँगै बिताए। म्यासेडोनियाले इतिहासमा युरोकपको पहिलो खेल खेल्दा डाइनामो जाग्रेभका रक्षक स्टेफान रिस्तोभ्सस्कीले पनि टोलीसँगै प्रतियोगितामा डेब्यु गरे। सोही खेलमा उनका भाइ मिलन रिस्तोभ्स्की पनि खेलको ८५औँ मिनेटमा मैदानमा प्रवेश गरे।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development & Building Construction
**Project of Urban Development and Building Construction, Saptari**
Rajbiraj

**Letter of Intent**

**Published Date: 2078-03-14**

This is to notify to all the concerned bidders according to Public Procurement Act 2063 clause 27(2) who submitted the bid for the contract, it is our intention to award the following contract published on 2077-11-28 in Naya Patrika National Daily for execution of the construction of following work to following bidder as their bid price listed below Bidder is hereby selected as substantially responsive lowest evaluated bid.

| Contract No. | Description of work | Name of substantially responsive bidders | Bid Amount (excluding VAT & Provisional Sum) NRs. |
|---|---|---|---|
| PUDBC/Saptari/ Work/ NCB/ 04/077/078 | Construction of Cardiac Center and 75 Bed Capacity Indoor Annex Building at Gajendra Narayan Singh Hospital Rajbiraj, Saptari | SHAH-PRERA J/V, Dhapakhel, Lalipur | 15,20,93,350.28 |

**Act. Project Chief**

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
**राजस्व अनुसन्धान कार्यालय कोहलपुर**
बाँके

**मालसामान लिलाम सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०७८/०३/१४**

राजश्व चुहावट मुद्दामा दाखिला भएका तपशिल बमोजिमका मालसामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्न राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा ३२ र नियमावली २०७० को दफा ३६ बमोजिम यो सूचना जारी गरिएको छ। इच्छुक फर्म कम्पनी वा संघ संस्थाको यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

**तपसिल**

| प्रथम पटक प्रकाशित | दोस्रो पटक प्रकाशित | |
|---|---|---|
| १. मु.नं. ११४-०७७/७८ | १. मु.नं. ११०-०७६/७७ | ८. मु.नं. ११०-०७७/७८ |
| २. मु.नं. १२७-०७७/७८ | २. मु.नं. ५-०७७/७८ | ९. मु.नं. ११३-०७७/७८ |
| ३. मु.नं. १३४-०७७/७८ | ३. मु.नं. २६-०७७/७८ | १०. मु.नं. ११३-०७७/७८ |
| ४. मु.नं. १४७-०७७/७८ | ४. मु.नं. ४४-०७७/७८ | |
| ५. मु.नं. १४८-०७७/७८ | ५. मु.नं. ८६-०७७/७८ | |
| ६. मु.नं. १४९-०७७/७८ | ६. मु.नं. ८७-०७७/७८ | |
| ७. मु.नं. १५०-०७७/७८ | ७. मु.नं. १०९-०७७/७८ | |

**द्रष्टव्य** : लिलाम बिक्रि हुने मालसामान तथा सोको दररेट सम्बन्धी विस्तृत विवरण तथा बिक्रिका शर्तहरू कार्यालयमा सम्पर्क गरी वा राजश्व अनुसन्धान विभागको वेब साइट www.dri.gov.np र यस कार्यालयको वेब साइट www.riokohalpur.dri.gov.np मा समेत हेर्न सकिने छ।

**प्रमुख अनुसन्धान अधिकृत**

Government Of Province
Ministry Of Land Management, Agriculture Co-Operative And Poverty Alleviation
Directorate Of Livestock And Fisheries Development
**Veterinary Hospital And Livestock Service Expert Center**
Kaski

**NOTICE FOR OPENING OF FINANCIAL BID**

Date of Publication: 2078/03/14 BS

1. In accordance to Rule 31, Sub Rule 5 of Public Procurement Regulation 2064 (including amendments), this is hereby notified to all concerned bidders who bid as per our notice dated 2078/02/04 published on Rajdhani national daily newspaper that the list of successful bidders in technical proposal have been listed below.

| S.N. | Contract No. | Contract Name | Bidders Name | | Remarks |
|---|---|---|---|---|---|
| 1 | VHLSEC/ KASKI/NCB/ WORKS/ 01/077/78 | Construction of Model veterinary Hospital at Pokhara, Kaski | 1. SLATE-CHANDRAJYOTI JV | 2. NAYABATO - ID JV | |
| | | | 3. GORKHA/SANGDORJE JV | 4. WORLDWIDE-AAKASH- RANGKHOLA JV | |
| | | | 5. SIDDHABABA-FULJOR JV | 6. AMIT -SITA-YES BEE JV | |
| | | | 7. T.D.R.-JAYA BAGESHWORI MATA JV | 8. HIMDUNG & THOKAR - CM JV | |
| | | | 9. HOM NIRMAN SEWA | 10. POLO - KD JV | |
| | | | 11. BRIGHT MULTI CONSTRUCTION | 12. ECO-BUILDERS PVT. LTD. | |
| | | | 13. YR - JUGAL JV | 14. SHREE GITA CONSTRUCTION | |
| | | | 15. SIDDHARTHA -SIMRAN JV | 16. NEW DRIAGON NIRMAN SEWA PVT. LTD. | |
| | | | 17. SURYA CONSTRUCTION COMPANY PVT. LTD. | 18. BM-ISNS JV | |
| | | | 19. KIRATESHWOR-BEACON JV | | |

2. All qualified bidders in technical bid opening are therefore, notified to send their authorised representative for financial bid opening on bids on 2078/03/21 at 13:00Hrs at VETERINARY HOSPITAL AND LIVESTOCK SERVICE EXPERT CENTER, KASKI
For all other details, please refer to the complete set of bidding documents at VETERINARY HOSPITAL AND LIVESTOCK SERVICE EXPERT CENTER, KASKI, Telephone: +977-061-520082 and email address: - vhlkaski@gmail.com or through website www.bolpatra.gov.np/egp

**Senior Livestock Development Officer**

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **सम्पादक** : उमेश चौहान। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrika.com